# पन्ध्रौं पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७-२०८०/०८१) मा आदिवासी जनजाति विकासका लागि प्रस्तावित योजना

**पेश गर्ने**


आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

नेपाल आदिवासी जनजाति महासंघ

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ

आदिवासी जनजाति युवा महासंघ

आदिवासी जनजाति अपाङ्ग महासंघ

आदिवासी जनजाति पत्रकार महासंघ

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# पन्ध्रौं पञ्चवर्षीय योजना

## (आ.व. २०७६/०७७-२०८०/०८१) मा

## आदिवासी जनजाति विकासका लागि प्रस्तावित योजना

**पेश गर्ने**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

नेपाल आदिवासी जनजाति महासंघ

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ

आदिवासी जनजाति युवा महासंघ

आदिवासी जनजाति अपाङ्ग महासंघ

आदिवासी जनजाति पत्रकार महासंघ

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# पन्ध्रौं पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७–२०८०/०८१) मा आदिवासी जनजाति विकासका लागि प्रस्तावित योजना

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, पो.ब. नं.: १११७९, काठमाडौं
फोनः +९७७ ०१ ५७०५५१०
इमेलः lahurnip.nepal@gmail.com
वेबसाइटः www.lahurnip.org

सर्वाधिकार © लाहुर्निप, सन् २०१९

प्रथम प्रकाशन सन् २०१९

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेलः yetienter2016@gmail.com

**मुद्रण**
इम्प्रेशन अफसेट प्रेस प्रा.लि.
गोङ्गबुँ, काठमाडौं

ISBN: 978-9937-9135-7-7

# भूमिका

राष्ट्रिय योजना आयोग पन्ध्रौं पञ्चवर्षीय योजना निर्माणको तयारीमा रहेको छ, जसमा नेपाल सरकार को आगामी पाँच वर्षको नीति तथा कार्यक्रम समावेश गरिएको हुन्छ । सो योजना निर्माण प्रक्रियामा विगतमा झैं नेपालका आदिवासीहरूको सहभागिता सन्तोषजनक रहेको छैन, जसका कारण आदिवासीको विकास सम्बन्धी नीति तथा कार्यक्रम र योजनाहरू समावेश हुनेमा शंका रहेको छ ।

यहीं कुरालाई मनन गर्दै आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ, आदिवासी जनजाति अपाङ्ग महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ र नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूहले संयुक्त पहल गर्दै आदिवासी सम्बन्धी विकास योजना तयार गरी योजना आयोग तथा सम्बन्धित निकायहरूमा पेश गरेको छ ।

दस्तावेज तयारीको क्रममा विभिन्न तह तथा निकायहरूसंग छलफल तथा परामर्श गरिएको छ । सातैवटा प्रदेश स्तरमा छलफल तथा परामर्श गरिएको छ । आदिवासीको संघसंस्था, विज्ञ तथा बुद्धिजीविहरूसंग छलफल तथा परामर्श गरी सल्लाह सुझाव लिनुका साथै प्राप्त सल्लाह सुझावहरूलाई दस्तावेजमा समावेश गरिएको छ ।

यस दस्तावेजमा आदिवासीसंग सम्बन्धित विषयहरू जस्तै समष्टिगत आर्थिक क्षेत्र, कृषि, वन तथा प्राकृतिक स्रोत क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, लोकतन्त्र र सुशासन र अन्तरसम्बन्धित विषय-वस्तुहरू समावेश गरिएका छन् ।

यस दस्तावेजले आदिवासी सम्बन्धी योजना निर्माणमा योजना आयोग, तीन तहको सरकार तथा सम्बन्धित निकायहरूलाई सहायता गर्ने छ भन्ने आशा गरिएको छ । साथै आदिवासी संघसंस्था तथा अभियानकर्ताहरूले समेत जनवकालतका लागि यो दस्तावेज प्रयोग गर्न सक्नेछन् ।

यो प्रस्तावित कार्ययोजना तयारीमा संलग्न रहनु भएका डा. चैतन्य सुब्बा, नेत्र तुम्बाहाम्फे, जितपाल किरात, अमृत योञ्जन-तामाङ, यशोकान्ति भट्टचन, एल.बी. पुनलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै प्रस्तावित कार्ययोजना तयारीका क्रममा अमूल्य सल्लाह, सुझाव दिई सहयोग गर्नुहुने आदिवासी जनजाति विज्ञ तथा विभिन्न आदिवासी जनजाति संघ संस्थाका प्रतिनिधिहरुप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छौं । अन्त्यमा यो पुस्तक प्रकाशनमा अहोरात्र खटिने लाहुर्निपका कर्मचारी वर्गप्रति पनि हार्दिक धन्यवाद ।

शान्ति कुमारी राई
अध्यक्ष

# विषय सूची


क. समष्टिगत आर्थिक क्षेत्र ........ १

१. सहकारी ........ १

२. उद्योग ........ ३

३. पर्यटन ........ ७

ख. कृषि, वन तथा प्राकृतिक स्रोत क्षेत्र ........ ९

४. कृषि विकास ........ ९

५. पशुपन्छी विकास ........ १३

६. खाद्य सुरक्षा तथा पोषण ........ १५

७. भूमि व्यवस्था ........ १८

८. जलस्रोत ........ २३

९. वन जैविक विविधता तथा जलाधार ........ २५

१०. खनिज सम्पदा ........ २९

ग. सामाजिक क्षेत्र ........ ३१

११. शिक्षा ........ ३१

१२. स्वास्थ्य तथा पोषण ........ ३८

१३. खानेपानी तथा सरसफाई ........ ४२

१४. युवा ........ ४४

१५. महिला ........ ४७

१६. बालबालिका तथा किशोर-किशोरी ........ ५०

१७. जेष्ठ नागरिक ........ ५४

१८. अपाङ्गता भएका व्यक्तिहरू ........ ५५

१९. खेलकूद ........ ५७

२०. सामाजिक सुरक्षा तथा संरक्षण ........ ५९

घ. पूर्वाधार क्षेत्र ........ ६१
२१. आधुनिक पूर्वाधार ........ ६१
२२. जलविद्युत ........ ६३
२३. यातायात पूर्वधार सडक ........ ६५
२४. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार ........ ६८
२५. ग्रामीण विकास ........ ७२
२६. आवास तथा वस्ती विकास ........ ७७
२७. पुनर्निर्माण ........ ७८
ङ. लोकतन्त्र तथा सुशासन ........ ७९
२८. राष्ट्रिय एकता र सम्मान ........ ७९
२९. मानव अधिकार ........ ८३
३०. न्याय प्रणाली ........ ८८
३१. शासकीय सुधार ........ ९२
३२. प्रशासकीय सुशासन ........ ९६
३३. दिगो विकास र वातावरण संरक्षण ........ १०१
३४. योजना तर्जूमा र कार्यान्वयन ........ १०३
च. अन्तरसम्बन्धित विषय ........ १०४
३५. तथ्यांक प्रणाली ........ १०४
३६. गरिबी निवारण तथा असमानता न्यूनीकरण ........ १०६
३७. श्रम तथा रोजगारी ........ १११
३८. मानव संसाधन विकास ........ ११४
३९. समावेशीकरण ........ ११८
४०. सामाजिक साँस्कृतिक विविधता ........ १२७
४१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ १३२
४२. जलवायु परिवर्तन ........ १३४

# पन्ध्रौं पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७–२०८०/०८१) मा आदिवासी जनजाति विकासका लागि प्रस्तावित योजना

## क. समष्टिगत आर्थिक क्षेत्र

## सहकारी

**उद्देश्य**

सहकारीमार्फत विपन्न वर्ग तथा समुदायलाई आर्थिक तथा सामजिक सशक्तीकरणको प्रक्रियामा सहभागी गराउने।

**रणनीति**

सहकारीको माध्यमबाट विपन्न वर्ग र समुदायका सदस्यको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने।

**कार्यनीति**

परम्परागत सहकारी मोडेल अनुशरण गरी आदिवासी जनजाति युवाहरूले सञ्चालन गर्ने व्यावसायिक आयोजनाहरूलाई सहकारी माध्यमबाट वित्तीय एवं प्राविधिक सहयोग गरिनेछ।

**प्रमुख कार्यक्रमहरू:**

आदिवासी युवा सहकारी उद्यम प्रवर्द्धन।

**क.** ख्वना टुकुसा (खोकना सहकारी) जस्तो आदिवासी परम्परागत सहकारी संस्थाको नमूना अनुशरण गरी आदिवासी संस्थाहरू स्थापना र सञ्चालन।

**ख.** आदिवासी जनजाति युवाहरूलाई आदिवासी जनजाति संस्थाहरू सञ्चालनमार्फत सहकारीमा आधारित उद्यम उत्पादन र सेवा व्यवसाय सम्बन्धी देश व्यापी अनुशिक्षण।

**ग.** आदिवासी जनजाति युवाहरूलाई सहकारी संस्था दर्ता सञ्चालन/व्यवस्थापन तथा उद्यमशीलता विकास सम्बन्धी विशेष तालीम।

**घ.** आदिवासी जनजाति युवाहरूद्वारा सञ्चालित सहकारी व्यावसायिक आयोजनाहरूलाई प्राविधिक सहयोग तथा पूँजीगत अनुदान।

**अपेक्षित उपलब्धि**

योजनाकालको अन्त्यसम्म ३,००० वडाका १,५०,००० आदिवासी जनजाति युवाहरू ३,००० सहकारी उद्यमहरू सञ्चालन गरी कूल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सक्षम नागरिक भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| सहकारी | आदिवासी युवा सहकारी उद्यम प्रवर्द्धन | ✓ | ✓ | ✓ |
| | **क.** ख्वना टुकुसा (खोकना सहकारी) जस्तो आदिवासी परम्परागत सहकारी संस्थाको नमूना अनुशरण गरी आदिवासी संस्थाहरू स्थापना र सञ्चालन । | | ✓ | ✓ |
| | **ख** आदिवासी जनजाति युवाहरूलाई आदिवासी जनजाति संस्थाहरू सञ्चालनमार्फत सहकारीमा आधारित उद्यम उत्पादन र सेवा व्यवसाय सम्वन्धी देश व्यापी अनुशिक्षण । | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी जनजाति युवाहरूलाई सहकारी संस्था दर्ता सञ्चालन/व्यवस्थापन तथा उद्यमशीलता विकास सम्बन्धी विशेष तालीम । | | ✓ | ✓ |
| | **घ.** आदिवासी जनजाति युवाहरूद्वारा सञ्चालित सहकारी व्यावसायिक आयोजनाहरूलाई प्राविधिक सहयोग तथा पूँजीगत अनुदान । | ✓ | ✓ | ✓ |

# उद्योग

**उद्देश्य**

औद्योगिक उत्पादन वृद्धि गरी कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने ।

**रणनीति**

१. औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने ।
२. उद्योगधन्दाको विकास र विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।

**कार्यनीति**

१. कपडा, राडी, पाखी, गलैंचा बुन्ने, कपास, अल्लो, ऊन, छाला प्रशोधन गरी वस्त्र बनाउने, माटो, काठ र धातुका कलात्मक वस्तु बनाउने, बाँस, मालिङ्गो, निगालो, बेतको सामग्री बनाउने, मर्चा बनाउने, जडीबुटीबाट औषधि बनाउनेजस्ता आदिवासी ज्ञान तथा शीपमा आधारित परम्परागत आर्थिक एवं व्यावसायिक कृयाकलापहरूलाई उनीहरूको संस्कृतिको सर्म्बद्धन, सन्तुष्टि तथा आर्थिक आत्मनिर्भरता विकासमा महत्वपूर्ण तत्वहरूको रुपमा लिएर यथोपयुक्त प्राविधिक एवं वित्तीय सहायता उपलब्ध गराई तिनको प्रवर्द्धन गरिनेछ ।
२. ठाउँ तथा समुदाय विशेषको विशेषता अनुरुपको मर्चा, किनेमा, तामाको मेसो, याङबेन (झ्याउको प्रशोधित रुप), शेरगेम (एक प्रकारको सस), च्यूरीको घीउ, खाप्से, लाखामरी, यःमरी, भक्का, सिन्की, स्वगेन, आलुम, भोल्टु, चाकू, लप्सीको पाऊँ, चिचिरी, बागीया, घुँगीलगायतको खाद्यवस्तुका प्रकार र परम्परागत ज्ञानमा आधारित घरेलु औषधिहरूको उत्पादनको बौद्धिक सम्पत्ति अधिकार (IPR) सम्बन्धित आदिवासी जनजाति समुदायलाई दिई त्यस्ता उत्पादनको लघु उद्योगहरू स्थापना गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
३. बढ्दो विदेशी मदिरा र तत्जन्य रसायनको आयत प्रतिस्थापन गर्नका लागि आदिवासी जनजाति महिलाहरूले युगयुगदेखि आय आर्जन गर्न र साँस्कृतिक आवश्यकता परिपूर्ति गर्न उत्पादन तथा वितरण गरिआएको जाँडरक्सी र तिनका प्रकारहरूको उत्पादन तथा बिक्रीवितरण व्यवसायलाई वैध बनाई व्यवस्थित गरिनेछ । यस्ता उत्पादनको गुणस्तरको सामुदायिक प्रमाणीकरणको व्यवस्था गरिनेछ ।
४. गरिबीको उच्च जोखिममा रहेका (उच्च गरिबी संभाव्यता सूचकाङ्क भएका) व्यासी, सन्थाल, हायु, झाँगड, चेपाङ, धानुक, पहरी, मुन्डा, माझी, थामी, छन्त्याल, मेचे, किसान, दनुवार, ताजपुरिया, थामीलगायतका आदिवासी जनजातिलाई उद्यमी बनाउन विशेष आयोजना सञ्चालन गरिनेछ ।

**प्रमुख कार्यक्रमहरूः**

१. परम्परागत आदिवासी ज्ञान, शीप र व्यवसायमा आधारित साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन ।

**क.** प्राकृतिक (रंगीन) कपास खेती, अल्लो खेती, धागो/रेसाको लागि गाँजा खेती तथा धागो कात्ने उद्योगलाई प्राविधिक तथा पूँजीगत सहयोग ।

**ख.** सुती कपडा, ऊनी कपडा, राडी, पाखी, गलैंचा तयार गर्ने उद्योगहरूलाई प्राविधिक एवं पूँजीगत सहयोग ।

२. आदिवासी ज्ञान, शीप र प्रविधिद्वारा उत्पादित खाद्यवस्तु र औषधिहरूको व्यावसायिक विकास तथा बजारीकरण र बौद्धिक सम्पत्ति संरक्षण ।

**क.** मर्चा उत्पादन र बजारीकरण ।

**ख.** जडीबुटी, , खनिज, जान्तव द्रव्यबाट औषधि उत्पादन र प्रवर्द्धन ।

**ग.** काठ, बाँस, माटो र धातुबाट कलात्मक वस्तु र घर तथा कार्यालयका उपयोगी वस्तुहरू बनाउने उद्योगहरूलाई कच्चा पदार्थमा सहज पहुँच र प्राविधिक तथा पूँजीगत सहयोग ।

३. परम्परागत आदिवासी ज्ञान, शीप र प्रविधिमा आधारित गुणस्तरीय मदिरा र तिनका विभिन्न प्रकारहरूको बौद्धिक सम्पत्ति संरक्षणसहित उत्पादन र बजारीकरण प्रवर्द्धन ।

**क.** आदिवासी प्रविधिमा आधारित मदिरा उत्पादन ।

**ख.** मदिरा उत्पादन सम्बन्धी आदिवासी ज्ञानको संरक्षण ।

४. आदिवासी ज्ञान, शीप, प्रविधि र व्यवसायको निःशूल्क दर्ता, आधुनिकीकरण र स्तरोन्नति ।

५. आदिवासी उद्यमी/नव-उद्यमीहरूलाई व्यवसाय शुरु गर्न, लाइसेन्स लिन, व्यवसाय सञ्चालन तथा विस्तार गर्न प्राविधिक सहयोग तथा पूँजीगत अनुदान र लाग्ने शूल्कमा सहुलियत ।

६. आदिवासी महिला/महिला उद्यमीहरूको शीप तथा क्षमता विकास गर्न तथा व्यवसाय स्थापनामा सहयोग गर्न लक्षित कार्यक्रम ।

७. आदिवासी महिला, पुरुष तथा युवाहरूको उद्यमशीलता विकास र उद्यम प्रवर्द्धन ।

**क.** उद्यमीशीलता विकास सम्बन्धी तालीम ।

**ख.** उद्यम स्थापना, विकास र सञ्चालन सम्बन्धी विशेष कानूनी, प्राविधिक र पूँजीगत सहयोग र व्यवसायमा लाग्ने शूल्कमा सहुलियत ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्तसम्ममा परम्परागत व्यवसायजन्य उत्पादन चार गुणाले वृद्धि भएको हुनेछ र पटके ज्यालादारी काम गरी खाने परम्परागत कृषिमा अत्यधिक निर्भर विपन्न आदिवासी जनजातिको परिवारहरूमध्ये ३० प्रतिशत परिवार उद्यमी बनेर कूल गार्हस्थ्य उत्पादनमा सार्थक योगदान पुऱ्याएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| उद्योग | १. परम्परागत आदिवासी ज्ञान, शीप र व्यवसायमा आधारित साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क.** प्राकृतिक (रंगीन) कपास खेती, अल्लो खेती, धागो/ रेसाको लागि गाँजा खेती तथा धागो कात्ने उद्योगलाई प्राविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | **ख.** सुती कपडा, ऊनी कपडा, राडी, पाखी, गलैंचा तयार गर्ने उद्योगहरूलाई प्राविधिक एवं पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी ज्ञान, शीप र प्रविधिद्वारा उत्पादित खाद्यवस्तु र औषधिहरूको व्यावसायिक विकास तथा बजारीकरण र बौद्धिक सम्पत्ति संरक्षण । | ✓ | ✓ | ✓ |
| | **क.** मर्चा उत्पादन र बजारीकरण । | | ✓ | ✓ |
| | **ख.** जडीबुटी, , खनिज, जान्तव द्रव्यबाट औषधि उत्पादन र प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **ग.** काठ, बाँस, माटो र धातुबाट कलात्मक वस्तु र घर तथा कार्यालयका उपयोगी वस्तुहरू बनाउने उद्योगहरूलाई कच्चा पदार्थमा सहज पहुँच र प्राविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | ३. परम्परागत आदिवासी ज्ञान, शीप र प्रविधिमा आधारित गुणस्तरीय मदिरा र तिनका विभिन्न प्रकारहरूको बौद्धिक सम्पत्ति संरक्षणसहित उत्पादन र बजारीकरण प्रवर्द्धन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क**. आदिवासी प्रविधिमा आधारित मदिरा उत्पादन । | | ✓ | ✓ |
| | **ख**. मदिरा उत्पादन सम्बन्धी आदिवासी ज्ञानको संरक्षण । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी ज्ञान, शीप, प्रविधि र व्यवसायको निःशूल्क दर्ता, आधुनिकीकरण र स्तरोन्नति । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी उद्यमी/नव-उद्यमीहरूलाई व्यवसाय शुरु गर्न, लाइसेन्स लिन, व्यवसाय सञ्चालन तथा विस्तार गर्न प्राविधिक सहयोग तथा पूँजीगत अनुदान र लाग्ने शूल्कमा सहुलियत । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी महिला/महिला उद्यमीहरूको शीप तथा क्षमता विकास गर्न तथा व्यवसाय स्थापनामा सहयोग गर्न लक्षित कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ७. आदिवासी महिला, पुरुष तथा युवाहरूको उद्यमशीलता विकास र उद्यम प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क**. उद्यमशीलता विकास सम्बन्धी तालीम । | | ✓ | ✓ |
| | **ख**. उद्यम स्थापना, विकास र सञ्चालन सम्बन्धी विशेष कानूनी, प्राविधिक र पूँजीगत सहयोग र व्यवसायमा लाग्ने शूल्कमा सहुलियत । | ✓ | ✓ | ✓ |

# पर्यटन

### उद्देश्य

पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण गरी पर्यटन क्षेत्रको अर्थतन्त्रमा योगदान वृद्धि गर्ने ।

### रणनीति

पर्यटकीय गन्तव्यस्थलको पहिचान, विकास तथा विविधीकरण गर्न प्रदेश र स्थानीय तहले अग्रणी रुपमा निजी क्षेत्रसंग सहकार्य गर्ने ।

### कार्यनीति

१. आदिवासी जनजातिको सघन रुपमा बसोवास रहेको थातथलो (गाउँ) लाई सोही आदिवासी जनजातिको नामबाट थातथलोको नाम राखी त्यहाँ साँस्कृतिक संग्राहलय आदि निर्माण गरी पर्यटन विकासको शृंखलामा ल्याइनेछ । उनीहरूको विशिष्ट परम्परागत अतिथि सत्कारको संस्कारलाई पर्यटन विकाससंग जोडिने छ र 'होमस्टे', खाजा घर, मनोरञ्जन घर, विश्रामस्थल, सूचनाकेन्द्र आदि क्रियाकलाप सञ्चालन गरी उनीहरूको आयस्तरमा सुधार ल्याइनेछ ।

२. आदिवासी थातथलोमा पर्यटन पूर्वाधार विकास र साँस्कृतिक तथा धार्मिकस्थल हिमाल, पर्वत शृंखला, देउराली, पवित्र तीर्थस्थल, पोखरी, ऐतिहासिकगढी आदिलाई साँस्कृतिक पर्यटन गन्तव्य स्थलका रुपमा प्रवर्द्धन गरिनेछ ।

### प्रमुख कार्यक्रमहरू:

१. आदिवासी थातथलोमा पर्यटन प्रवर्द्धन ।

   **क.** पर्यटन शृंखलामा जोड्न आदिवासी थातथलोको आदिवासी नामाकरण तथा विकासका विशेष योजना सञ्चालन ।

   **ख.** आदिवासी जनजाति बहुल क्षेत्रमा पर्यटन पदमार्ग, मनोरञ्जनस्थल निर्माणलगायत पर्यटन पूर्वाधार निर्माण ।

   **ग.** आदिवासी धार्मिक आध्यात्मिक, पुरातात्विक एवं साँस्कृतिक सम्पदा स्थलहरूको संरक्षण तथा विकास ।

   **घ.** होमस्टे, साहसिक खेलस्थल, दृश्यावलोकन, पर्या-पर्यटन, ईन्टरनेट सेवा आदिको विकास तथा प्रवर्द्धन ।

**अपेक्षित उपलब्धि**

पन्ध्रौं पञ्चवर्षीय योजना अवधिको अन्त्यसम्ममा आदिवासी जनजातिको सघन बसोवास रहेको सबै क्षेत्रमा पर्यटन विकास पूर्वाधार निर्माण भई सम्बन्धित आदिवासी जनजातिले आय आर्जनका अवसर पाएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| पर्यटन | १. आदिवासी थातथलोमा पर्यटन प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क.** पर्यटन शृंखलामा जोड्न आदिवासी थातथलोको आदिवासी नामाकरण तथा विकासका विशेष योजना सञ्चालन । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजाति बहुल क्षेत्रमा पर्यटन पदमार्ग, मनोरञ्जनस्थल निर्माणलगायत पर्यटन पूर्वाधार निर्माण । | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी धार्मिक आध्यात्मिक, पुरातात्विक एवं साँस्कृतिक सम्पदा स्थलहरूको संरक्षण तथा विकास । | ✓ | ✓ | ✓ |
| | **घ.** होमस्टे, साहसिक खेलस्थल, दृश्यावलोकन, पर्या-पर्यटन, इन्टरनेट सेवा आदिको विकास तथा प्रवर्द्धन । | ✓ | ✓ | ✓ |

**ख. कृषि, वन तथा प्राकृतिक स्रोत क्षेत्र**

# कृषि विकास

### पृष्ठभूमि

अत्यधिक आदिवासी जनजाति परिवार निर्वाहमुखी कृषिमा निर्भर छन् । उनीहरूको जीवनस्तरमा सुधार ल्याउन कृषि क्षेत्रको विकास उनीहरूमा केन्द्रित भएर सञ्चालन भएको छैन ।

### रणनीति

१. नवीनतम प्रविधिको प्रयोग, मल-बीउ र पूँजीको सहज उपलब्धता, आदिवासी जनजाति कृषकको उत्पादकत्व क्षमता अभिवृद्धिद्वारा उच्चस्तरको गरीब लक्षित कृषि वृद्धि हासिल गर्ने ।

२. कृषिमा आश्रित आदिवासी जनजाति कृषकहरूलाई उपयुक्त कृषि तालीम र उपकरण प्रदान गरी आधारभूत खाद्यवस्तु र तुलनात्मक लाभका बालीनालीको उत्पादन वृद्धि गर्ने ।

### कार्यनीति

१. आदिवासी जनजातिको परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई दिगो, नाफामूलक, व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न सिचाइ सुविधा, उन्नत बीऊ, मल, उपकरण, आधुनिक कृषि तालीम लगायतका आवश्यक भौतिक, प्राविधिक र वित्तीय सहायता (अनुदान) उपलब्ध गराइनेछ ।

२. आदिवासी जनजातिको परम्परागत भूमि, सामुदायिक भूमि, साँस्कृतिक भूमि र अनुर्वर पाखो भूमिको स्वामित्वका अधिकतम हदबन्दीको सीमा बढाइने छ र सीमान्त भूमि (अनुर्वर भूमि)को कृषि उत्पादन बढाउन वा त्यस्ता भूमिमा वैकल्पिक व्यवसाय सञ्चालन गर्न आर्थिक, भौतिक तथा प्राविधिक सहयोग पुऱ्याइनेछ ।

३. आदिवासी जनजाति सीमान्तीकृत कृषकहरूलाई सहकारी खेतीमा आबद्ध गराई मूल्य शृंखला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका सुनियोजित क्रियाकलापमा संलग्न गराउँदै लगिनेछ ।

४. भूमिहीन आदिवासी जनजाति कृषकलाई करारमा जग्गा लिई जैविक मल, जैविक कीटनाशक र आधुनिक खेती प्रविधि उपयोग गरी जैविक खेती गर्न आवश्यक प्राविधिक, भौतिक र वित्तीय सहयोग उपलब्ध गराइनेछ ।

५. सबै आदिवासी जनजाति कृषकका कृषि उपजको निःशूल्क बाली-बीमा गरिनेछ ।

६. आफ्नो परम्परागत भू-क्षेत्रमा युगौं-युगदेखि खोला तथा प्राकृतिक पोखरीहरूमा माछामारी जीवन निर्वाह गरी आएका थारु, माझी, बोटे, सोनाहा, दनुवार, सन्थाल, झाँगड, राजवंशी, धिमाललगायतलाई आधुनिक व्यावसायिक माछा पालन गर्न पोखरी, नदी वा सो प्रयोजनका लागि जमीन, वित्तीय

सहायता, प्राविधिक सहयोग उपलब्ध गराई व्यावसायिक माछा उत्पादक/उद्यमी बनाइनेछ। उनीहरूलाई माछा मार्ने बल्छीको चारो बनाउन र त्यस्तो व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक सहयोग पुऱ्याइनेछ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिको निर्वाहमुखी कृषि प्रणालीको रुपान्तरण।

**क.** निर्वाहमुखी कृषिको व्यावसायीकरणको लागि तालीम तथा स्थलगत मार्गदर्शन, आधुनिक प्राङ्गारिक मल उत्पादन प्रविधि विस्तार, जलवायु अनुकूल बीऊ तथा खेती प्रणालीको विकास, कृषि यन्त्र तथा प्रविधिको उपयोग तथा उत्पादनको बजारीकरण।

**ख.** आदिवासी कृषि प्रणालीको आधुनिकीकरण, विविधीकरण रुपान्तरणको लागि प्राविधिक तथा पूँजीगत सहयोग, सहुलियतपूर्ण कर्जाको व्यवस्था।

**ग.** नगदेबाली उत्पादन र बजारीकरणलाई विशेष सहयोग।

**घ.** कृषि उत्पादनमा आधारित उद्यम स्थापना र सञ्चालनलाई प्राविधिक वित्तीय अनुदान।

२. सीमान्तकृत तथा खाद्य असुरक्षा भोगिरहेका आदिवासी जनजातिहरूको निजी, सामुहिक तथा सहकारी खेतीको प्रवर्द्धन।

३. आदिवासी जनजातिको बाँझो एवं सीमान्त(अनुर्वर) भूमिको संरक्षण, बहुपयोग र उत्पादकत्व वृद्धि सम्बन्धी विशेष कार्यक्रम।

**क.** सीमान्त भूमि र किसानको पहिचान, सूचीकरण र भूमि नक्शाङ्कन (म्यापिङ)।

**ख.** बहुपयोग र उत्पादकत्व वृद्धि सम्बन्धी विशेष योजना तर्जूमा र कार्यान्वयन।

४. भूमिहीन वा अत्यन्त कम खेतीयोग्य जमीन भएका सीमान्तकृत आदिवासी जनजाति कृषकहरूलाई एकीकृत अर्गानिक फार्म स्थापनाको लागि भूमि, प्राविधिक एवं पूँजीगत सहयोग प्रदान।

५. माझी, बोटे, सोनाहा, तथा अन्य माछामारी निर्वाह गर्ने आदिवासी जनजातिलाई मत्स्य पालन तथा अन्य व्यवसाय सञ्चालनमा सहयोग।

६. आदिवासी जनजाति कृषकहरूको बाली बीमा।

**अपेक्षित उपलब्धि**

पन्ध्रौं पञ्चवर्षीय योजनाको अन्तिम वर्ष २०८०/०८१ सम्ममा निर्वाहमुखी कृषिमा आश्रित आदिवासी जनजाति कृषकहरूमध्ये ८० प्रतिशत कृषक बजारमुखी व्यावसायिक कृषिमा संलग्न भई उनीहरूको कृषि उत्पादन ३० प्रतिशतले वृद्धि भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| कृषि विकास | १. आदिवासी जनजातिको निर्वाहमुखी कृषि प्रणालीको रुपान्तरण । | ✓ | ✓ | ✓ |
| | **क.** निर्वाहमुखी कृषिको व्यावसायीकरणको लागि तालीम तथा स्थलगत मार्गदर्शन, आधुनिक प्राङ्गारिक मल उत्पादन प्रविधि विस्तार, जलवायु अनुकूल बीऊ तथा खेती प्रणालीको विकास, कृषि यन्त्र तथा प्रविधिको उपयोग तथा उत्पादनको बजारीकरण । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी कृषि प्रणालीको आधुनिकीकरण, विविधीकरण रुपान्तरणको लागि प्राविधिक तथा पूँजीगत सहयोग, सहुलियतपूर्ण कर्जाको व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **ग.** नगदेबाली उत्पादन र बजारीकरणलाई विशेष सहयोग । | ✓ | ✓ | ✓ |
| | **घ.** कृषि उत्पादनमा आधारित उद्यम स्थापना र सञ्चालनलाई प्राविधिक वित्तीय अनुदान । | ✓ | ✓ | ✓ |
| | २. सीमान्तकृत तथा खाद्य असुरक्षा भोगिरहेका आदिवासी जनजातिहरूको निजी, सामुहिक तथा सहकारी खेतीको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ३. आदिवासी जनजातिको बाँझो एवं सीमान्त (अनुर्वर) भूमिको संरक्षण, बहुपयोग र उत्पादकत्व वृद्धि सम्बन्धी विशेष कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** सीमान्त भूमि र किसानको पहिचान, सूचीकरण र भूमि नक्शाङ्कन (म्यापिङ) । | ✓ | ✓ | ✓ |
| | **ख.** बहुपयोग र उत्पादकत्व वृद्धि सम्बन्धी विशेष योजना तर्जूमा र कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | ४. भूमिहीन वा अत्यन्त कम खेतीयोग्य जमीन भएका सीमान्तकृत आदिवासी जनजाति कृषकहरूलाई एकीकृत अर्गानिक फार्म स्थापनाको लागि भूमि, प्राविधिक एवं पूँजीगत सहयोग प्रदान । | ✓ | ✓ | ✓ |
| | ५. माझी, बोटे, सोनाहा, तथा अन्य माछामारी निर्वाह गर्ने आदिवासी जनजातिलाई मत्स्य पालन तथा अन्य व्यवसाय सञ्चालनमा सहयोग । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजाति कृषकहरूको बाली बीमा । | ✓ | ✓ | ✓ |

# पशुपन्छी विकास

**पृष्ठभूमि**

आदिवासी जनजातिको परम्परागत पशुपन्छी पालन व्यवसाय ह्रासोन्मुख छ, जसले गर्दा उनीहरूको जीवनस्तर र सामाजिक प्रतिष्ठा गिर्दो अवस्थामा छ ।

**कार्यनीति**

१. आदिवासीको परम्परागत तथा साँस्कृतिक भूमि, भू-क्षेत्रमा चौंरी पालन, भेडा-बाख्रा पालन, सुंगुर पालन, कुखुरा पालन, घोडा पालन, गाई भैंसी पालन जस्ता परम्परागत पशुपन्छी पालन व्यवसायलाई विकास र समयानुकूल व्यावसायीकरण गर्न आवश्यक भौतिक, प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराइनेछ ।

२. आदिवासी जनजातिको परम्परागत पशुपालन क्षेत्रमा चरण विकास गरिनेछ र चरणक्षेत्रका पोखरीहरूको संरक्षण गरिनेछ ।

३. दूध, छुर्पी, ऊन, मासु जस्ता आदिवासी जनजातिको परम्परागत पशुपन्छीजन्य उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

४. मासुको बढ्दो मागलाई ध्यानमा राखी मासुका निमित्त आदिवासी जनजातिले पालन-पोषण गरी हुर्काएका खानयोग्य पशुहरूको बध गरी मासु खाने तथा बिक्रीवितरण गर्ने व्यवस्थामा भएका असमान र अन्यायपूर्ण कानूनी व्यवधानलाई हटाइने छ ।

५. आदिवासी जनजाति पशुपालकहरूले पालन गरेका पशुहरूको निःशूल्क पशु बीमा गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिको परम्परागत पशुपन्छी पालन व्यवसायको आधुनिकीकरण तथा प्रवर्द्धन ।

   **क.** परम्परागत भेडा-बाख्रापालन, चौरीपालन, घोडापालन, गाई-भैंसीपालन, सुंगुरपालन, कुखुरापालन तथा अन्य पशुपन्छीपालन व्यवसायको आधुनिकीकरणलाई प्राविधिक तथा पूँजीगत सहयोग ।

   **ख.** पशुपन्छीपालन क्षेत्रको चरन विकास तथा पोखरी संरक्षण ।

   **ग.** पशुपन्छीपालन क्षेत्रको सीमाङ्कन, नक्शाङ्कन र उपयोग सम्बन्धी मार्गदशर्न ।

२. परम्परागत पशुपन्छीजन्य उत्पादन र वितरणको समन्यायिक प्रवर्द्धन ।

   **क.** पशुपन्छीजन्य उत्पादन र तिनको बजारीकरण तथा वितरण सम्बन्धी कानून, नियमावलीमा परिमार्जन ।

   **ख.** पशुपन्छीजन्य उत्पादन, वितरण र बजारीकरणको पुनर्व्यवस्थापन ।

३. पशु बीमा सेवा बिस्तार ।

**अपेक्षित उपलब्धि**

पन्धौं पञ्चवर्षीय योजनावधिको अन्त्यसम्ममा आदिवासी जनजातिको पशुपन्छीजन्य उत्पादनमा ३० प्रतिशतले बढेको र उनीहरूको आय आर्जन र खाद्य सुरक्षामा उल्लेख्य सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| पशुपन्छी विकास | १. आदिवासी जनजातिको परम्परागत पशुपन्छी पालन व्यवसायको आधुनिकीकरण तथा प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क.** परम्परागत भेडा-बाख्रापालन, चौंरीपालन, घोडापालन, गाई-भैंसीपालन, सुंगुरपालन, कुखुरापालन तथा अन्य पशुपन्छीपालन व्यवसायको आधुनिकीकरणलाई प्राविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | **ख.** पशुपन्छीपालन क्षेत्रको चरन विकास तथा पोखरी संरक्षण । | ✓ | ✓ | ✓ |
| | **ग.** पशुपन्छीपालन क्षेत्रको सीमाङ्कन, नक्शाङ्कन र उपयोग सम्बन्धी मार्गदशर्न । | ✓ | ✓ | ✓ |
| | २. परम्परागत पशुपन्छीजन्य उत्पादन र वितरणको समन्यायिक प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क.** पशुपन्छीजन्य उत्पादन र तिनको बजारीकरण तथा वितरण सम्बन्धी कानून, नियमावलीमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख.** पशुपन्छीजन्य उत्पादन, वितरण र बजारीकरणको पुनर्व्यवस्थापन । | ✓ | ✓ | ✓ |
| | ३. पशु बीमा सेवा विस्तार । | ✓ | ✓ | ✓ |

# खाद्य सुरक्षा तथा पोषण

## पृष्ठभूमि

एक सर्वेक्षण अनुसार विगत ५ वर्षमा लगभग २९ प्रतिशत पहाडे आदिवासी जनजाति र २६ प्रतिशत तराई आदिवासी जनजातिको खाद्य सुरक्षा स्थितिमा कुनै परिवर्तन आएको छैन, उल्टै करीब ७ प्रतिशत आदिवासी जनजातिको भने खाद्य सुरक्षा स्थिति अरु बिग्रिएको छ। पारिवारिक आयको दुईतिहाई जति खाद्यवस्तुमा मात्र खर्च गर्नुपर्ने अवस्थाका आदिवासी जनजाति परिवारको अनुपात अझै पनि चिन्ताजनक छ।[1]

## उद्देश्य

खाद्य असुरक्षा तथा पोषणको जोखिममा रहेका क्षेत्र र समूहको आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्ने।

## रणनीति

आदिवासी जनजातिको खाद्य सुरक्षाको हक प्रचलन सुनिश्चित गर्ने।

## कार्यनीति

१. आफ्नै उत्पादनले खान नपुगी खाद्यान्न अभाव झेलिरहेका आदिवासी जनजातिलाई निश्चित अवधि बिनामूल्य र बाँकी अवधि कममूल्यमा स्वस्थ, पोषणयुक्त खाद्यान्न आपूर्ति गरिनेछ।

२. खाद्यान्न अभाव झेलिरहेका आदिवासी जनजातिलाई पूर्वाधार निर्माण कार्यलगायतको रोजगारीका क्षेत्रमा प्राथमिकताका साथ रोजगारी दिइने छ।

३. खाद्यान्न अभाव झेलिरहेका आदिवासी जनजाति शिशु तथा बालबालिकाहरूका निमित्त पोषणयुक्त खाद्यवस्तु नियमित रुपमा बिनामूल्य वा अत्यन्तै कममूल्यमा आपूर्ति गर्ने विशेष व्यवस्था मिलाइनेछ।

## प्रमुख कार्यक्रमहरू:

१. खाद्यान्न अभावग्रस्त परिवार र क्षेत्र लक्षित खाद्यान्न उत्पादन तथा खाद्य पोषण आपूर्ति आयोजना।

   **क.** खाद्यान्न अभावग्रस्त आदिवासी जनजाति परिवारलक्षित खाद्यन्न उत्पादन कार्यक्रम।

   **ख.** खाद्यन्न अभावग्रस्त आदिवासी जनजाति परिवारको पहिचान, राशनकार्ड प्रदान र अभावग्रस्त अवधिका लागि खाद्य पोषण आपूर्ति आयोजना।

   **ग.** खाद्यन्न अभावग्रस्त क्षेत्रका खाद्यान्न भण्डारण विशेष कार्यक्रम।

२. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति शिशु तथा बालबालिका लक्षित पोषणयुक्त खाद्य वस्तु आपूर्ति विशेष कार्यक्रम।

---

[1] Nepal Governance Survey 2017/18

**क.** विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति परिवारको पहिचान, सूची निर्माण र राशनकार्ड वितरण ।

**ख.** विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति परिवारका शिशु र बाल-बालिका लक्षित पोषणयुक्त खाद्यवस्तु आपूर्ति आयोजना ।

**ग.** गाउँ-गाउँमा खाद्यान्न भण्डारण र आपूर्ति सेवा विस्तार ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा आदिवासी जनजातिको भोक र चरम गरिबीमा क्रमिक सुधार भई पोषणयुक्त आहारको उपभोगस्तर बढी उमेर अनुसार कमतौल भएका, बढ्न नसकेका, दुब्ला पातला भएका शिशु तथा बालबालिकाको अनुपात २५ प्रतिशतले घट्न गई जीवनस्तरमा सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| खाद्य सुरक्षा तथा पोषण | १. खाद्यान्न अभावग्रस्त परिवार र क्षेत्र लक्षित खाद्यान्न उत्पादन तथा खाद्य पोषण आपूर्ति आयोजना । | ✓ | ✓ | ✓ |
| | **क.** खाद्यान्न अभावग्रस्त आदिवासी जनजाति परिवारलक्षित खाद्यन्न उत्पादन कार्यक्रम । | | ✓ | ✓ |
| | **ख.** खाद्यन्न अभावग्रस्त आदिवासी जनजाति परिवारको पहिचान, राशनकार्ड प्रदान र अभावग्रस्त अवधिका लागि खाद्य पोषण आपूर्ति आयोजना । | ✓ | ✓ | ✓ |
| | **ग.** खाद्यन्न अभावग्रस्त क्षेत्रका खाद्यान्न भण्डारण विशेष कार्यक्रम । | | ✓ | ✓ |
| | २. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति शिशु तथा बालबालिका लक्षित पोषणयुक्त खाद्य वस्तु आपूर्ति विशेष कार्यक्रम । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क**. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति परिवारको पहिचान, सूची निर्माण र राशनकार्ड वितरण । | ✓ | ✓ | ✓ |
| | **ख**. विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति परिवारका शिशु र बालबालिका लक्षित पोषणयुक्त खाद्यवस्तु आपूर्ति आयोजना । | ✓ | ✓ | ✓ |
| | **ग**. गाउँ-गाउँमा खाद्यान्न भण्डारण र आपूर्ति सेवा विस्तार । | | ✓ | ✓ |

# भूमि व्यवस्था

## पृष्ठभूमि

हाम्रो देशमा सर्वाधिक भूमि अन्याय भोग्ने आदिवासी जनजाति नै हुन् । अत्याधिक आदिवासी जनजातिहरू आफ्नो भूमिबाट विस्थापित भएका छन् र ओगटी आएको सीमान्त भूमिमा पनि उनीहरूको स्वामित्व सुरक्षित छैन । भूमिबाट विस्थापन र प्राकृतिक स्रोतसाधन उपयोगबाट बन्चितीकरणले उनीहरू गरीब मात्र होइन, अपहेलित जीवन जिउँन बाध्य छन् । उनीहरूले ओगटेका अनुर्वर भूमिजीवन निर्वाहलाई पर्याप्त छैन । आज आदिवासी जनजातिको भूमिसंगको संस्कृति एवं आध्यात्मिक सम्बन्ध पनि संकटमा छ ।

## उद्देश्य

भूमिको समुचित उपयोगमार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

## रणनीति

आफ्नो भूमि, भू-क्षेत्र तथा त्यहाँका प्राकृतिक स्रोतसाधनहरूमाथिको स्वामित्व हरणले गर्दा ऐतिहासिक अन्यायमा परेका, भूमिहीन बनेका वा नाम मात्रको वा सीमान्त भूमि ओगट्न पुगेका, आफ्नै आवश्यकता तथा रुची अनुसार आफ्नो विकास गर्ने अधिकार उपभोग गर्नबाट बन्चित रहेका आदिवासी जनजातिलाई प्राथमिकतासाथ भूमि उपलब्ध गराउने र जीविकोपार्जनका लागि प्राकृतिक स्रोतसाधनमा यथोपयुक्त पहुँच दिने ।

## कार्यनीति

१. आदिवासी जनजातिले परम्परागत रुपमा प्रयोग गर्दै र ओगट्दै आएको भूमिमा निहीत उनीहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिइनेछ । यसका अतिरिक्त उनीहरूले एकलौटी रुपमा नओगटेका, तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागत रुपमा पहुँच प्राप्त गरेका भूमि निरन्तर प्रयोग वा भूमि पुनः प्रयोग गर्न पाउने व्यवस्था गरिने छ ।
२. लोपोन्मुख एवं घुमन्ते फिरन्ते आदिवासीका परम्परागत जीवन पद्धतिलाई मान्यता दिई उनीहरूको परम्परागत विचरण भूमिको स्रोतसाधनमा पहुँच सुनिश्चित गरिनेछ ।
३. आदिवासी जनजातिको भूमि वा भू-क्षेत्र र त्यहाँका स्रोतसाधनहरूमाथि उनीहरूको स्वामित्व हरण गर्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि कार्यलाई पूर्णरुपमा दुरुत्साहन गरिनेछ र जबर्जस्त वा कुनै प्रपञ्च, छलछामद्वारा भू-स्वामित्व हरण गरिएको भए सो सम्बन्धी विस्तृत अध्ययन गरी भू-स्वामित्व पुनर्स्थापना गरिनेछ, सो हुन नसक्ने अवस्था भए न्यायोचित क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

४. आदिवासी जनजातिलाई उनीहरूको भूमिबाट बलपूर्वक हटाइने वा विस्थापित गरिने छैन । राज्यले जरुरी प्रयोजनका लागि उनीहरूको स्वामित्वमा रहेको वा ओगटी आएको भूमि अधिग्रहण वा जग्गा प्राप्ति गर्नैपर्ने भएमा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मन्जुरी (सहमति) लिएर मात्र गर्ने तथा न्यायिक एवं उचित क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ ।

५. आदिवासी जनजातिलाई अपवादजनक उपायका रुपमा आफ्नो भूमि तथा थातथलोबाट ठाउँसारी गर्नैपर्ने भएमा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मन्जुरी लिएर मात्र गरिने छ र ठाउँसारीबाट पर्न गएको हानी, नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराइने छ। ठाउँसारी गर्नुपर्ने कारणहरू समाप्त हुनेबित्तिकै उनीहरूलाई आफ्नो परम्परागत भूमिमा फर्काइनेछ ।

६. आदिवासी जनजातिको भूमि तथा भूक्षेत्रका प्राकृतिक स्रोतसाधनहरूमा उनीहरूको परम्परागत पहुँच सुरक्षित राखिने छ । स्थानीय प्राकृतिक स्रोतसाधनहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा उनीहरूलाई सहभागी तुल्याइनेछ ।

७. आदिवासी जनजातिको सघन बसोवास रहेको क्षेत्रको भूमि उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून र योजना बनाउँदा सम्बन्धित आदिवासी जनजातिसंग असल मनसायले पर्याप्त परामर्श गरी उनीहरूको सहमतिमा बनाइनेछ ।

८. परम्परागत रुपमा स्वामित्व रहेका, तर नापीमा विभिन्न कारणले छुट् हुन पुगेको आदिवासी जनजातिको भूमि वा भू-क्षेत्र या नापी अड्डाले पर्ती सार्वजनिक जग्गा वा पाखो वन भनी कसैको स्वामित्व नदेखाइएको भूमि वा भू-क्षेत्र पुनः नापी गरी सम्बन्धित समुदाय वा व्यक्तिहरूकै नाममा दर्ता गरी धनीपूर्जा दिने व्यवस्था मिलाइने छ ।

९. भूमिहीन आदिवासी जनजातिलाई प्राथमिकताका साथ आवश्यक भूमि उपलब्ध गराई त्यस्तो भूमिको स्वामित्व प्रदान गरिने छ ।

**प्रमुख कार्यक्रमहरूः**

१. भूमिको स्वामित्व, उपयोग, व्यवस्थापन, भू-स्वामित्व हरण तथा हस्तान्तरण, भूमिलगायत सम्पत्ति अधिग्रहण, भू-अन्यायको क्षतिपूर्ति सम्बन्धी कानून तथा नीति संशोधन र कार्यान्वयन ।

   **क.** राष्ट्रिय भू-उपयोग नीति/कानूनमा आदिवासी जनजातिको अधिकार मागदावी अनुरुप संशोधन/परिमार्जन ।

   **ख.** नेपालद्वारा अनुमोदित आदिवासी जनजातिको भू-स्वामित्व हस्तान्तरण र उपयोग सम्बन्धी अन्तर्राष्ट्रिय कानून अनुरुप नेपालको भूस्वामित्व, उपयोग, हक हस्तान्तरण, अधिग्रहण र भूमि व्यवस्थापन सम्बन्धी कानूनहरूमा संशोधन/परिमार्जन ।

   **ग.** भूमि अन्याय सम्बन्धी अध्ययन, अनुसन्धान र अन्यायको सम्बोधन सम्बन्धी कानून निर्माण र कार्यान्वयन ।

**घ**. विभिन्न प्रयोजनका लागि भूमिको परम्परागत उपयोग सम्बन्धी कानूनमा संशोधन ।

**ङ**. भूमि विवाद निरुपण सम्बन्धी उच्चस्तरीय आयोग निर्माण ।

२. मूक्त कमैया, कमलरी, हलिया, हरूवा, चरुवा तथा भूमिहीनहरूको पुनर्स्थापना कार्यक्रम ।

**क**. भूमि तथा आवास वितरण ।

**ख**. उत्पादनशीलता वृद्धि सम्बन्धी प्रशिक्षण तथा व्यवसाय सञ्चालनलाई प्राविधिक तथा पूँजीगत सहयोग ।

३. सामुदायिक (आदिवासी) भूमिको वैज्ञानिक नाप-नक्शाङ्कन, स्वामित्व पुनःनिरुपण तथा निर्धारण ।

**क**. सामुदायिक (आदिवासी) भूमिको पहिचान तथा वैज्ञानिक नाप-नक्शाङ्कन ।

**ख**. सामुदायिक (आदिवासी) भूमि निरुपण तथा स्वामित्व निर्धारणका लागि अधिकार सम्पन्न आयोग निर्माण ।

४. आदिवासी जनजातिलगायत भूमिहीनहरूलाई भूमिको पुनर्वितरण ।

**क**. भूमिहीन तथा अत्यन्त न्यून वा सीमान्त भूमि भएका वा अव्यवस्थित बसोवास गरेका आदिवासी जनजाति परिवारहरूको पहिचान ।

**ख**. भूमिहीन वा अत्यन्त अल्पभूमि भएका/सुकुम्वासी आदिवासी जनजाति परिवारहरूको बसोवासको लागि भूमि प्राप्ति तथा अधिग्रहण, बसोवास योग्य भू-क्षेत्र पहिचान ।

**ग**. भूमि वितरण तथा बसोवास व्यवस्थापन सम्बन्धी आयोग निर्माण ।

५. आदिवासी पुर्ख्यौली भूमि, पुर्ख्यौली थातथलो पहिचान, पुनः नक्शाङ्कन (Remapping) तथा व्यवस्थापन ।

**अपेक्षित उपलब्धि**

पन्ध्रौं पञ्चवर्षीय योजनाको अन्तिम वर्ष (२०८०/०८१) सम्ममा सबै आदिवासी जनजातिहरूको भू-स्वामित्व सुरक्षित राखिएको हुनेछ । भूमि विवाद समाधान भएको हुनेछ र कोही पनि भूमिहीन रहेका हुने छैनन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| भूमि व्यवस्था | १. भूमिको स्वामित्व, उपयोग, व्यवस्थापन, भू-स्वामित्व हरण तथा हस्तान्तरण, भूमिलगायत सम्पत्ति अधिग्रहण, भू-अन्यायको क्षतिपूर्ति सम्बन्धी कानून तथा नीति संशोधन र कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **क**. राष्ट्रिय भू-उपयोग नीति/कानूनमा आदिवासी जनजातिको अधिकार मागदावी अनुरुप संशोधन/परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख**. नेपालद्वारा अनुमोदित आदिवासी जनजातिको भू-स्वामित्व हस्तान्तरण र उपयोग सम्बन्धी अन्तर्राष्ट्रिय कानून अनुरुप नेपालको भू-स्वामित्व, उपयोग, हक हस्तान्तरण, अधिग्रहण र भूमि व्यवस्थापन सम्बन्धी कानूनहरूमा संशोधन/परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ग**. भूमि अन्याय सम्बन्धी अध्ययन, अनुसन्धान र अन्यायको सम्बोधन सम्बन्धी कानून निर्माण कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **घ**. विभिन्न प्रयोजनका लागि भूमिको परम्परागत उपयोग सम्बन्धी कानूनमा संसोधन । | ✓ | ✓ | ✓ |
| | **ङ**. भूमि विवाद निरुपण सम्बन्धी उच्चस्तरीय आयोग निर्माण । | ✓ | ✓ | ✓ |
| | २. मूक्त कमैया, कमलरी, हलिया, हरूवा, चरुवा तथा भूमिहीनहरूको पुनर्स्थापना कार्यक्रम । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** भूमि तथा आवास वितरण । | ✓ | ✓ | ✓ |
| | **ख.** उत्पादनशीलता वृद्धि सम्बन्धी प्रशिक्षण तथा व्यवसाय सञ्चालनलाई प्राविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | ३. सामुदायिक (आदिवासी) भूमिको वैज्ञानिक नाप-नक्शाङ्कन, स्वामित्व पुनःनिरुपण तथा निर्धारण । | ✓ | ✓ | ✓ |
| | **क.** सामुदायिक (आदिवासी) भूमिको पहिचान तथा वैज्ञानिक नाप-नक्शाङ्कन । | ✓ | ✓ | ✓ |
| | **ख.** सामुदायिक (आदिवासी) भूमि निरुपण तथा स्वामित्व निर्धारणका लागि अधिकार सम्पन्न आयोग निर्माण । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजातिलगायत भूमिहीनहरूलाई भूमिको पुनर्वितरण । | ✓ | ✓ | ✓ |
| | **क.** भूमिहीन तथा अत्यन्त न्यून वा सीमान्त भूमि भएका वा अव्यवस्थित बसोवास गरेका आदिवासी जनजाति परिवारहरूको पहिचान । | ✓ | ✓ | ✓ |
| | **ख.** भूमिहीन वा अत्यन्त अल्पभूमि भएका/सुकुम्वासी आदिवासी जनजाति परिवारहरूको बसोवासको लागि भूमि प्राप्ति तथा अधिग्रहण, बसोवास योग्य भू-क्षेत्र पहिचान । | ✓ | ✓ | ✓ |
| | **ग.** भूमि वितरण तथा बसोवास व्यवस्थापन सम्बन्धी आयोग निर्माण । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी पुर्ख्यौली भूमि, पुर्ख्यौली थातथलो पहिचान, पुनः नक्शाङ्कन (Remapping) तथा व्यवस्थापन । | ✓ | ✓ | ✓ |

# जलस्रोत

**कार्यनीति**

१. जलस्रोतमा आदिवासी जनजातिहरूको परम्परागत पहुँच एवं उपयोग र जलस्रोतसंगको उनीहरूको आध्यात्मिक तथा साँस्कृतिक सम्बन्धलाई सम्मान गर्दै उनीहरूको सहमतिमा जलस्रोतको सार्वजनिक उपयोग सुनियोजित एवं विवेकपूर्ण रुपमा गरिने छ ।

२. आदिवासी जनजातिहरूको परामर्श र सहकार्यमा भौगोलिक तथा प्राकृतिक स्थिति अनुकूलको जलाधार, सीमसार, पानीको मूल, नदी, जलाशय आदि जलस्रोतको व्यवस्थापन र सदुपयोग तथा जलस्रोत पर्यावरण संरक्षण योजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. जलस्रोतसंग आदिवासी जनजातिको आध्यात्मिक तथा साँस्कृतिक सम्बन्धको सम्मान गर्नेगरी जलस्रोतको बहुउद्देश्यीय विकास र बहु-आयामिक उपयोग सम्बन्धी कानून र नीतिमा संशोधन ।

२. प्राकृतिक स्रोतसाधनमा आदिवासी जनजाति र स्थानीय जनताको पहुँचको हक सुनिश्चित हुनेगरी जलस्रोत व्यवस्थापन तथा उपयोगको लाभ बाँडफाँड र जलस्रोत पर्यावरण संरक्षण नीतिमा परिमार्जन ।

३. विपन्न आदिवासी जनजातिको हित रक्षा हुनेगरी नदी-उकास भूमिको उपयोग सम्बन्धी नीति निर्माण ।

४. एकीकृत जलाधार व्यवस्थापनमा आदिवासी जनजातिको सहभागिता सम्बन्धी नीति निर्माण/पुनरावलोकन ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्तसम्ममा जलस्रोत सम्बन्धी कानूनहरू संशोधन भएका हुनेछन् र जलस्रोतसंग आदिवासी जनजातिको आध्यात्मिक एवं साँस्कृतिक सम्बन्ध सुदृढ गर्नेगरी जलस्रोतको योजनाबद्ध ढंगले विवेकपूर्ण उपयोग भएको हुनेछ । जलाधारको एकीकृत व्यवस्थापनमा सम्बन्धित क्षेत्रका आदिवासी जनजातिको सहभागिता शतप्रतिशतले वृद्धि भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| जलस्रोत | १. जलस्रोतसंग आदिवासी जनजातिको आध्यात्मिक तथा साँस्कृतिक सम्बन्धको सम्मान गर्नेगरी जलस्रोतको बहुउद्देश्यीय विकास र बहु-आयामिक उपयोग सम्बन्धी कानून र नीतिमा संशोधन । | ✓ | ✓ | ✓ |
| | २. प्राकृतिक स्रोतसाधनमा आदिवासी जनजाति र स्थानीय जनताको पहुँचको हक सुनिश्चित हुनेगरी जलस्रोत व्यवस्थापन तथा उपयोगको लाभ बाँडफाँड र जलस्रोत पर्यावरण संरक्षण नीतिमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | ३. विपन्न आदिवासी जनजातिको हित रक्षा हुनेगरी नदी-उकास भूमिको उपयोग सम्बन्धी नीति निर्माण । | ✓ | ✓ | ✓ |
| | ४. एकीकृत जलाधार व्यवस्थापनमा आदिवासी जनजातिको सहभागिता सम्बन्धी नीति निर्माण/ पुनरावलोकन । | ✓ | ✓ | ✓ |

# वन जैविक विविधता तथा जलाधार

**उद्देश्य**

१. वन, जैविक विविधता र जलाधारको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने ।
२. वन, जैविक विविधता र जलाधार सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

**रणनीति**

१. आदिवासी जनजातिको सुख-समृद्धिका लागि वन तथा वन सम्पदामा उनीहरूको परम्परा पहुँचलाई सुव्यवस्थित गर्ने ।
२. वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिको सुख-समृद्धितिरको यात्रा सहज बनाउन परम्परागत भूमि तथा भू-क्षेत्रका वन तथा वन-सम्पदामा उनीहरूको परम्परा पहुँचलाई उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मन्जुरीमा पुनः व्यवस्थित बनाइनेछ ।
२. आदिवासी जनजातिले वनक्षेत्रमा परम्परादेखि सञ्चालन गरिआएको धार्मिक तथा साँस्कृतिक क्रियाकलापहरू निर्वाध रुपमा सञ्चालन गर्न पाउने व्यवस्था मिलाइनेछ ।
३. सबै प्रकारको वन, संरक्षण क्षेत्र, आरक्ष, सीमसारलगायत जलाधार र जैविक विविधताको संरक्षण, व्यवस्थापन र उपयोगमा आदिवासी जनजातिको पहुँच, सहभागिता र नियन्त्रणमा वृद्धि गरिनेछ ।
४. आदिवासी जनजाति विशेषको धर्म र संस्कृतिसंग सम्बद्ध वृक्षलगायतका वनस्पति विशेषको संरक्षण र उपयोग गर्दा सम्बन्धित आदिवासी जनजातिसंग परामर्श गरिनेछ ।
५. वन विनाश तथा भू-क्षय रोक्न र जैविक विविधता बचाउन परम्परागत ज्ञान, शीप र प्रविधि उपयोग गर्नेगरी स्थानीय आदिवासी जनजातिलाई परिचालन गरिनेछ । यससंग सम्बन्धित आनुवंशीक स्रोतमाथिको हक अधिकारहरू सुरक्षित र सुनिश्चित गरी आनुवंशीक स्रोतसम्मको पहुँच र उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गरिनेछ ।
६. वन राष्ट्रियकरण हुनुपूर्व आदिवासी जनजातिको स्वामित्व, भोगचलन र संरक्षणमा रहेको वन क्षेत्र वा हाल आदिवासी जनजाति बहुल क्षेत्रको वन क्षेत्रको व्यवस्थापन, संरक्षण एवं उपयोग सम्बन्धी कार्य सम्बन्धित आदिवासी जनजाति वन उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**प्रमुख कार्यक्रमहरूः**

१. वन तथा वन सम्पदामा आदिवासी जनजातिको पहुँच सुनिश्चित गर्न र वन क्षेत्रमा परम्परागत

धार्मिक तथा साँस्कृतिक गतिविधि सञ्चालन गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित कानून, नियम र व्यवहारमा परिमार्जन ।

२. सार्वजनिक वन विकास तथा व्यवस्थापन र सामुदायिक वन तथा कबुलियती वन विकास र व्यवस्थापनमा आदिवासी जनजातिको सहभागिता अभिवृद्धि सम्बन्धी नीतिगत (कानूनी) व्यवस्था ।

३. राष्ट्रिय उद्यान/वन, संरक्षण क्षेत्र, आरक्ष, भू-परिधिस्तर, चरनक्षेत्र, जलाधार र जैविक विविधता संरक्षण, व्यवस्थापन, विकास र उपयोगमा आदिवासी जनजातिको सहभागिता सम्बन्धी नीतिमा परिमार्जन ।

४. वन उपभोक्ता समूह/समितिमा आीदवासी जनजातिको अर्थपूर्ण समावेशीकरण र वन पैदावार उद्योग सम्बन्धी सहकारी निर्माण ।

**क.** वन उपभोक्ता समूह/समिति सम्बन्धी कानून, नियम, नीतिमा परिमार्जन ।

**ख.** विपन्न आदिवासी जनजातिको आर्थिक स्तरमा सुधार ल्याउन वन पैदावार उद्योग सम्बन्धी सहकारी निर्माण ।

५. आदिवासी जनजातिको धर्म र संस्कृति सम्बद्ध वृक्ष र उपवन विशेषको संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी नीति निर्माण ।

६. जडीबुटी तथा गैरकाष्ठ पैदावारको व्यावसायिक सामुदायिक खेती विकास तथा विस्तारमा आदिवासी जनजातिको संलग्नतामा अभिवृद्धि ।

७ वन व्यवस्थापन तथा भू-क्षय रोकथाम र जैविक विविधता सम्बन्धी आदिवासी जनजाति ज्ञान, शीप, कला, सामाजिक, साँस्कृतिक पद्धति र बौद्धिक सम्पत्तिको अभिलेखीकरण, दर्ता तथा उपयोग ।

८. राष्ट्रियकरण हुनुपूर्व आदिवासी जनजातिको स्वामित्व र संरक्षणको वनक्षेत्र र आदिवासी जनजाति बहुल क्षेत्रको राष्ट्रिय वन आदिवासी जनजाति उपभोक्ता समितिमार्फत संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि कानून, नियम, नीतिमा संशोधन ।

९. सहभागितामूलक सामुदायिक कृषि वन प्रणालीको विकास ।

१०. आनुवंशीक स्रोतमा आदिवासी जनजातिको पहुँच र लाभको न्यायोचित बाँडफाँड ।

११. निजी, सामुहिक वा गोश्वारा वनको संरक्षण, विकास र विस्तारलाई माग अनुसार प्राविधिक तथा पूँजीगत सहयोग ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्तसम्ममा वन तथा वन सम्पदा सम्बन्धी कानून, नियमहरूमा संशोधन भई वन तथा वन सम्पदामा आदिवासी जनजातिको पहुँच सहज भई आयवृद्धि भएको र आत्म-सम्मान बढेको हुनेछ । वन क्षेत्रमा आयोजना हुने प्राय: निषेधित आदिवासी जनजातिहरूको धार्मिक तथा साँस्कृतिक क्रियाकलाप वृद्धि भई उनीहरूलाई आध्यात्मिक तथा सांवेगिक सन्तुष्टि मिलेको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| वन जैविक विविधता तथा जलाधार | १. वन तथा वन सम्पदामा आदिवासी जनजातिको पहुँच सुनिश्चित गर्न र वन क्षेत्रमा परम्परागत धार्मिक तथा साँस्कृतिक गतिविधि सञ्चालन गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित कानून, नियम र व्यवहारमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | २. सार्वजनिक वन विकास तथा व्यवस्थापन र सामुदायिक वन तथा कबुलियती वन विकास र व्यवस्थापनमा आदिवासी जनजातिको सहभागिता अभिवृद्धि सम्बन्धी नीतिगत (कानूनी) व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ३. राष्ट्रिय उद्यान/वन, संरक्षण क्षेत्र, आरक्ष, भू-परिधिस्तर, चरनक्षेत्र, जलाधार र जैविक विविधता संरक्षण, व्यवस्थापन, विकास र उपयोगमा आदिवासी जनजातिको सहभागिता सम्बन्धी नीतिमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | ४. वन उपभोक्ता समूह/समितिमा आदिवासी जनजातिको अर्थपूर्ण समावेशीकरण र वन पैदावार उद्योग सम्वन्धी सहकारी निर्माण । | ✓ | ✓ | ✓ |
| | **क.** वन उपभोक्ता समूह/समिति सम्वन्धी कानून, नियम, नीतिमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख.** विपन्न आदिवासी जनजातिको आर्थिक स्तरमा सुधार ल्याउन वन पैदावार उद्योग सम्वन्धी सहकारी निर्माण । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ५. आदिवासी जनजातिको धर्म र संस्कृति सम्बद्ध वृक्ष र उपवन विशेषको संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी नीति निर्माण । | ✓ | ✓ | ✓ |
| | ६. जडीबुटी तथा गैरकाष्ठ पैदावारको व्यावसायिक सामुदायिक खेती विकास तथा विस्तारमा आदिवासी जनजातिको संलग्नता अभिवृद्धि । | ✓ | ✓ | ✓ |
| | ७. वन व्यवस्थापन तथा भू-क्षय रोकथाम र जैविक विविधता सम्बन्धी आदिवासी जनजाति ज्ञान, शीप, कला, सामाजिक, साँस्कृतिक पद्धति र बौद्धिक सम्पत्तिको अभिलेखीकरण, दर्ता तथा उपयोग । | ✓ | ✓ | ✓ |
| | ८. राष्ट्रियकरण हुनुपूर्व आदिवासी जनजातिको स्वामित्व र संरक्षणको वनक्षेत्र र आदिवासी जनजाति बहुल क्षेत्रको राष्ट्रिय वन आदिवासी जनजाति उपभोक्ता समितिमार्फत संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि कानून, नियम, नीतिमा संशोधन । | ✓ | ✓ | ✓ |
| | ९. सहभागितामूलक सामुदायिक कृषि वन प्रणालीको विकास । | ✓ | ✓ | ✓ |
| | १०. आनुवंशीक स्रोतमा आदिवासी जनजातिको पहुँच र लाभको न्यायोचित बाँडफाँड । | ✓ | ✓ | ✓ |
| | ११. निजी, सामुहिक वा गोश्वारा वनको संरक्षण, विकास र विस्तारलाई माग अनुसार प्राविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |

# खनिज सम्पदा

**रणनीति**

आर्थिक वृद्धिलाई फराकिलो बनाउन आदिवासी जनजातिहरूको खनिज सम्पदा उत्खनन् तथा उपयोग सम्बन्धी परम्परागत अभ्यासलाई पुनर्जीवित गरी सुदृढ पार्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिको भूमिमा वा भू-क्षेत्रमा खनिज पदार्थ वा अन्य भूमिगत स्रोतसाधनहरूको अन्वेषण वा उपयोगका लागि कुनै पनि आयोजना सञ्चालन गर्ने अनुमति दिनुपूर्व उनीहरूको हितमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने वा पर्ने भए कुन हदसम्म प्रतिकूल प्रभाव पर्नसक्ने हो, सो कुरा निर्धारण गर्ने उद्देश्यले यी सम्बन्धित आदिवासी जनजातिसंग परामर्श गर्ने उपयुक्त कार्यविधिहरू स्थापित गरिनेछ ।

२. आदिवासी जनजातिहरूले परम्परागत भूमि तथा भूक्षेत्रमा परम्परादेखि उत्खनन् तथा सञ्चालन गरिआएको वा कुनै समय उत्खनन्-सञ्चालन गरेको, तर हाल बन्द रहेका तामाखानी, फलामखानी, नूनखानी, कोइलाखानी, सुनखानी, पत्थरखानीजस्ता खानीहरू पुनः उत्खनन् तथा सञ्चालन गर्न चाहेमा उनीहरूलाई प्राविधिक तथा आर्थिक सहयोगसहित उत्खनन् तथा खानी सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिका भूमि वा भू-क्षेत्रको खनिज आदि भूमिगत स्रोतको अन्वेषण, दोहन र उपयोग सम्बन्धी कानूनको परिमार्जन ।

२. आदिवासी जनजातिले परम्परादेखि उत्खनन् तथा सञ्चालन गरिआएको, तर हाल बन्द रहेको खानीहरूको पुनः सञ्चालन ।

   **क.** खानी विशेष, खानी क्षेत्र र खानी उत्खनन् गर्ने आदिवासी जनजातिको पहिचान ।

   **ख.** खानी उत्खनन् गर्ने समूहलाई उत्खनन् तथा प्रशोधन सम्बन्धी प्राविधिक सहयोग तथा पूँजीगत अनुदान ।

   **ग.** निजी खानीको उत्पादनको व्यवस्थापन र बजारीकरण सम्बन्धी कानून नियममा संशोधन ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा कुनै कालमा सञ्चालन भई हाल बन्द रहेका सबै तामाखानी, फलामखानी, नूनखानी, सुनखानी, पत्थरखानीहरूको लाभ उपयोगिता अध्ययन भई उत्खनन्योग्य खानीहरू पुनः सञ्चालन भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| खनिज सम्पदा | १. आदिवासी जनजातिका भूमि वा भू-क्षेत्रको खनिज आदि भूमिगत स्रोतको अन्वेषण, दोहन र उपयोग सम्बन्धी कानूनको परिमार्जन । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिले परम्परादेखि उत्खनन् तथा सञ्चालन गरिआएको, तर हाल बन्द रहेको खानीहरूको पुनः सञ्चालन । | | ✓ | ✓ |
| | **क.** खानी विशेष, खानी क्षेत्र र खानी उत्खनन् गर्ने आदिवासी जनजातिको पहिचान । | ✓ | ✓ | ✓ |
| | **ख.** खानी उत्खनन् गर्ने समूहलाई उत्खनन् तथा प्रशोधन सम्बन्धी प्राविधिक सहयोग तथा पूँजीगत अनुदान । | ✓ | ✓ | ✓ |
| | **ग.** निजी खानीको उत्पादनको व्यवस्थापन र बजारीकरण सम्बन्धी कानून नियममा संशोधन । | ✓ | ✓ | ✓ |

## ग. सामाजिक क्षेत्र

# शिक्षा

**उद्देश्य**

गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक पैदा गर्ने ।

**रणनीति**

१. मातृभाषा शिक्षा, बहु-भाषिक शिक्षा प्रणाली र बहु-साँस्कृतिक शिक्षा प्रवर्द्धन गरी शिक्षालाई समावेशी, समतामूलक र उपयोगी बनाउने ।

२. आदिवासी जनजातिको अवस्था, आवश्यकता र आकांक्षा अनुरुपको गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्न विद्यमान शिक्षा प्रणाली र शैक्षिक कार्यक्रमलाई तदनुकूल बनाउने ।

**कार्यनीति**

१. बालशिक्षा पूर्णत: मातृभाषामा दिइनेछ र बालविकास केन्द्रका बालबालिकालाई उनीहरूकै मातृभाषामा सिक्न र सिकाउन पाउने दिगो व्यवस्था गरिनेछ । कक्षा १-३ सम्मको शिक्षा मातृभाषाको माध्यमबाट दिन अनिवार्य गरिनेछ र बहुभाषिक शिक्षण पद्धति अवलम्बन गर्दै आधारभूत तहको शिक्षा (नेपाली, अंग्रेजी भाषा बाहेक सबै विषयहरू) मातृभाषाको माध्यमबाट दिने व्यवस्था गरिनेछ र माध्यमिक तहको शिक्षा (९-१२)मा भने पहिलो(मातृभाषा), दोस्रो (सरकारी कामकाजको भाषा) र अङ्ग्रेजीजस्ता विदेशी भाषामा दिने नीति अवलम्बन गरिनेछ । यस तहमा जापानी, कोरियन, मलाया, चिनीयाँ, हिब्रु वा अरबी जस्ता रोजगारीमूलक भाषा सिक्न पनि प्रोत्साहित गरिनेछ ।

२. मातृभाषामा सिकाई गर्ने वातावरण मिलाउन स्थानीय मातृभाषाविज्ञहरूको सहायताले स्थानीय तहमा नै आवश्यक शैक्षिक तथा सन्दर्भ सामग्री बनाइनेछ ।

३. प्रत्येक विद्यालयमा मातृभाषा शिक्षकको दरबन्दी सृजना गरिनेछ र बालबालिकाकै मातृभाषामा पढाउन सक्ने सक्षम स्थानीय मातृभाषी शिक्षकलाई शिक्षणमा नियुक्ति गरी परिचालन गर्नुका साथै उनीहरूलाई तालीमको व्यवस्था मिलाइनेछ ।

४. अनौपचारिक शिक्षा अन्तर्गतका मौखिक साक्षरता, लिखित साक्षरता, साक्षरोत्तर शिक्षा तथा आजीवन शिक्षा मातृभाषामा दिने र यसका लागि तयार हुने पाठ्यसामग्री, शैक्षिकसामग्री, सन्दर्भसामग्रीका साथै सीडी, डीभीडी, अनलाईन सेवा, केवल टिभीमा प्रस्तुत हुने सामग्रीहरू मातृभाषामा तयार गर्ने व्यव्स्था मिलाइनेछ ।

५. स्थानीय मातृभाषामा बालसाहित्यका कार्यक्रमहरू आयोजना गरिनेछ । विद्यालयमा बहु-भाषिक पुस्तक कोर्नर र सम्भव भएसम्म ई-पुस्ताकलयको व्यवस्था गरिनेछ ।

६. औपचारिक तथा अनौपचारिक/अरीतिक शिक्षामा पठन पाठनका लागि पाठ्यसामग्री, सहायक

सामग्री, बालसाहित्य, विद्युतीय सामग्री तथा अन्य आवश्यक शैक्षिक सामग्री सम्बन्धित मातृभाषाका सम्बन्धित विशेषज्ञ/जानकारहरूको सहयोगमा विकास तथा उत्पादन गरी वितरण गरिनेछ ।

७. निजी विद्यालय तथा मदरसा, गोम्पा, गुरुकूल, आश्रम जस्ता धार्मिक स्वरुपका शैक्षिक संस्थाहरूमा समेत अध्ययनरत विद्यार्थीहरूको मातृभाषालाई पनि विषयको रुपमा अध्ययन-अध्यापन गर्ने प्रबन्ध मिलाइनेछ ।

८. उच्च शिक्षामा मातृभाषाको अध्ययन अध्यापनलाई प्रोत्साहन गरिनेछ । मातृभाषा शिक्षाको लागि विकास तथा उत्पादन गरिने पाठ्यसामग्री, पाठ्यपुस्तक, सहायक शिक्षण सामग्री, साहित्य र विभिन्न विषयका पाठ्यसामग्रीका माध्यमद्वारा बहुसाँस्कृतिक शिक्षा प्रवर्द्धन गरिनेछ ।

९. आदिवासी जनजातिहरूको इतिहास, ज्ञान र प्रविधि, मूल्य प्रणाली र उत्तरोत्तर सामाजिक, आर्थिक तथा साँस्कृतिक आकांक्षाहरूलाई समेट्ने शैक्षिक कार्यक्रम र सेवाहरू सञ्चालन गरिने छन् ।

१०. स्थापित न्यूनतम मापदण्ड पूरा गरी मातृभाषाको माध्यमबाट गुणस्तरीय शिक्षा दिन शैक्षिक संस्था तथा सुविधाहरू वा वैकल्पिक समानान्तर शैक्षिक प्रणाली र संस्था स्थापना गर्ने आदिवासी जनजातिहरूको प्रयत्नलाई प्रोत्साहित गरिनेछ र यस्तो संस्था तथा प्रणाली वा सुविधाहरूलाई आवश्यक प्राविधिक, भौतिक र वित्तीय सहायता उपलब्ध गराइने व्यवस्था गरिनेछ ।

११. विद्यालयमा भर्नादर, धारणदर (Retention Rate), कक्षा पूरा गर्ने दर न्यून भएका आदिवासी जनजातिका बालबालिका, किशोर-किशोरीहरूलाई दिवा खाजा, स्टेशनरी, छात्रवृत्ति र उनीहरूको परिवारलाई अवसर लागत वापतको सहयोगद्वारा सिकाइमा निरन्तरता दिई उनीहरूको शिक्षा प्राप्तिमा सुधार ल्याइनेछ ।

१२. शैक्षिक रुपले पछाडि परेका आदिवासी जनजाति युवाहरूको उच्च प्राविधिक शिक्षामा पहुँच बढाउन विशेष उपायहरू अवलम्बन गरिने छ ।

१३. परम्परागत शीप भएका आदिवासी जनजातिलाई श्रम बजारमा प्रवेशयोग्य बनाउने आधुनिक प्राविधिक एवं व्यावसायिक शिक्षासंग समकक्षता निर्धारण गर्ने र दूर शिक्षा, खुला शिक्षा, जीवनपर्यन्त शिक्षा, औपचारिक शिक्षालगायतका शैक्षिक कार्यक्रमबाट थप दक्षता बढाउने अवसर विस्तार गरिदैं लगिने छ ।

१४. बहु-भाषा विकास तथा शिक्षण र बहु-साँस्कृतिक शिक्षाको प्रवर्द्धन एवं भाषिक, साँस्कृतिक र प्राज्ञिक उन्नयनको लागि बहुल-साँस्कृतिक विश्वविद्यालय स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. बालविकास केन्द्रमा मातृभाषामा शिक्षण आदिवासी जनजाति बालबालिका/शिशुहरूको बालविकास सम्बोधन हुने र मातृभाषामा सिक्न पाउने व्यवस्थासहितको बालविकास केन्द्र स्थापना र व्यवस्थापन ।

२. बहुभाषिक शिक्षण पद्धति विस्तार तथा सुदृढीकरण ।

**क.** सबै विद्यालयहरूमा कक्षा १-३ सम्म मातृभाषामा शिक्षा ।

**ख**. आधारभूत शिक्षा (कक्षा ८ सम्म)मा नेपाली र अंग्रेजी भाषा बाहेक सबै विषय मातृभाषाको माध्यमबाट शिक्षा ।

**ग**. बहुभाषिक शिक्षण पद्धति सुदृढीकरण र विस्तार, कक्षा-कोठा, पुस्तकालय, श्रव्य-दृश्य सामग्रीलगायत शैक्षिक सहुलियत वृद्धि ।

**घ**. मातृभाषा शिक्षक दरबन्दी सृजना र मातृभाषा शिक्षण प्रशिक्षण ।

३. मातृभाषामा आधारभूत शिक्षाका लागि बहु-साँस्कृतिक पाठ्यक्रम, पाठ्यपुस्तक तथा सहायक शिक्षण सामग्री, बालसाहित्य आदि उत्पादन/प्रकाशन र शिक्षक व्यवस्थापन ।

**क**. पाठ्यक्रम, पाठ्यपुस्तक र सहायक शिक्षण सामग्री पुनरावलोकन र संशोधन ।

**ख**. मातृभाषामा बालसाहित्य विकास ।

**ग**. मातृभाषाका पाठ्यपुस्तक र सहायक शिक्षण सामग्री, बालसाहित्य उत्पादन/प्रकाशन र वितरण ।

४. विपन्न, सीमान्तकृत एवं लोपोन्मुख आदिवासी जनजाति बालबालिका तथा युवाको शैक्षिक निरन्तरताको लागि विद्यार्थी वित्तीय सहायता प्रणाली कार्यान्वयन ।

**क**. बालबालिकाका लागि दिवा भोजन/खाजा तथा विद्यालय पोशाक, झोला कापी, कलम आदि ।

**ख**. बालबालिकाहरूका लागि विशेष छात्रवृत्ति ।

**ग**. नियमित विद्यालय जाने बालबालिकाका परिवारलाई अवसर मूल्य वापत विशेष वित्तीय सहायता ।

५. मातृभाषामा तथा मातृभाषाको गुणस्तरीय शिक्षा दिने शैक्षिक संस्था तथा सुविधाहरू वा सो प्रयोजनका वैकल्पिक शैक्षिक प्रणाली तथा संस्थाहरूलाई सहयोग ।

**क**. वैकल्पिक शैक्षिक प्रणाली र संस्थाहरू सम्बन्धी कानूनी व्यवस्था ।

**ख**. वैकल्पिक शैक्षिक संस्थाहरूलाई प्राविधिक एवं पूँजीगत सहयोग

६. आदिवासी जनजातिका परम्परागत शिक्षण/प्रशिक्षण संस्थाहरूको पहिचान र सुदृढीकरण ।

७. शैक्षिक रुपले पछाडि परेका आदिवासी जनजाति युवाहरूको उच्च प्राविधिक शिक्षामा पहुँच बढाउन उच्च प्राविधिक शिक्षण संस्था विस्तार र छात्रवृत्ति एवं शैक्षिक ऋणको व्यवस्था ।

**क**. प्राविधिक शिक्षण संस्था विस्तार ।

**ख**. प्राविधिक शिक्षा छात्रवृत्ति ।

**ग**. प्राविधिक शिक्षाका लागि शैक्षिक ऋण ।

८. आदिवासी जनजातिका परम्परागत ज्ञान, शीप र दक्षताको समकक्षता निर्धारण तथा अभिलेखीकरण ।

९. आदिवासी जनजातिको शैक्षिकस्तर उठाउन तथा व्यावसायिक शीप अभिवृद्धि गर्न घुम्ती शीप विकास तालीम, खुला शिक्षा, दूर शिक्षा, जीवनपर्यन्त शिक्षा र औपचारिक शिक्षामा पहुँच वृद्धिका लागि विशेष व्यवस्था ।

**क**. घुम्ती शीप विकास तालीम ।

**ख**. प्राविधिक तथा व्यावसायिक शिक्षामा भर्नाका लागि समावेशी कोटा वृद्धि (कानून, नियमावली संशोधन) ।

**ग.** आदिवासी जनजातिका लागि खुला शिक्षा, दूर शिक्षा र जीवनपर्यान्त शिक्षा सम्वन्धी विशेष व्यवस्था ।

१०. समावेशी औद्योगिक प्रशिक्षार्थी कार्यक्रम ।

११. प्रत्येक प्रदेशमा कम्तीमा एक बहु-साँस्कृतिक/बहु-भाषिक विश्व विद्यालाय, बहु-प्राविधिक विश्व विद्यालय तथा खुला विश्वविद्यालय स्थापना ।

**क.** सम्भाव्याता अध्ययन ।

**ख.** कानून निर्माण ।

**ग.** विश्व विद्यालयहरू स्थापना र सञ्चालन ।

१२. समावेशी विद्यालय व्यवस्थापन तथा विद्यालय सुशासन सम्बन्धी कानूनी/नीतिगत सुधार ।

१३. आदिवासी विद्यार्थीहरको शैक्षिक सफलताका लागि विशेष पाठ्यक्रा/पाठ्य विषय र शिक्षण/परामर्श सम्बन्धी सुविधा विकास र विस्तार ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा सबै आदिवासी जनजाति बालबालिकाहरूले आधारभूत शिक्षा मातृभाषामा प्राप्त गरेका हुनेछन् र सिकाई स्तरमा सुधार गरी माध्यमिक तथा उच्च शिक्षामा पहुँच बढाएका हुनेछन् । श्रम बजारमा प्रवेश गर्ने आदिवासी जनजाति युवाहरूले आफ्नो व्यावसायिक दक्षताको समकक्षताको प्रमाणपत्र र औपचारिक व्यावसायिक तालीम तथा शिक्षा पाएका हुनेछन्  र उनीहरूको उत्पादकत्व क्षमताको पूर्ण उपयोग भएको हुनेछ । आदिवासी जनजातिको शिक्षामा पहुँच वृद्धि भई बढी ऊर्जाशील, उत्पादनशील र सृजनशील नागरिक भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| शिक्षा | १. बालविकास केन्द्रमा मातृभाषामा शिक्षण आदिवासी जनजाति बालबालिका/शिशुहरूको बालविकास सम्बोधन हुने र मातृभाषामा सिक्न पाउने व्यवस्थासहितको बालविकास केन्द्र स्थापना र व्यवस्थापन । | | ✓ | ✓ |
| | २. बहु-भाषिक शिक्षण पद्धति विस्तार तथा सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** सबै विद्यालयहरूमा कक्षा १-३ सम्म मातृभाषामा शिक्षा । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ख.** आधारभूत शिक्षा (कक्षा ८ सम्म)मा नेपाली र अंग्रेजी भाषा बाहेक सबै विषय मातृभाषाको माध्यमबाट शिक्षा । | ✓ | ✓ | ✓ |
| | **ग.** बहु-भाषिक शिक्षण पद्धति सुदृढीकरण र विस्तार, कक्षा-कोठा, पुस्तकालय, श्रव्य-दृश्य सामग्रीलगायत शैक्षिक सहुलियत वृद्धि । | ✓ | ✓ | ✓ |
| | **घ.** मातृभाषा शिक्षक दरबन्दी सृजना र मातृभाषा शिक्षण प्रशिक्षण । | ✓ | ✓ | ✓ |
| | ३. मातृभाषामा आधारभूत शिक्षाका लागि बहु-साँस्कृतिक पाठ्यक्रम, पाठ्यपुस्तक तथा सहायक शिक्षण सामग्री, बालसाहित्य आदि उत्पादन/प्रकाशन र शिक्षक व्यवस्थापन । | ✓ | ✓ | ✓ |
| | **क.** पाठ्यक्रम, पाठ्यपुस्तक र सहायक शिक्षण सामग्री पुनरावलोकन र संशोधन । | ✓ | ✓ | ✓ |
| | **ख.** मातृभाषामा बालसाहित्य विकास । | | ✓ | ✓ |
| | **ग.** मातृभाषाका पाठ्यपुस्तक र सहायक शिक्षण सामग्री, बालसाहित्य उत्पादन/प्रकाशन र वितरण । | | ✓ | ✓ |
| | ४. विपन्न, सीमान्तकृत एवं लोपोन्मुख आदिवासी जनजाति बालबालिका तथा युवाको शैक्षिक निरन्तरताको लागि विद्यार्थी वित्तीय सहायता प्रणाली कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **क.** बालबालिकाका लागि दिवा भोजन/खाजा तथा विद्यालय पोशाक, झोला कापी, कलम आदि । | | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ख.** बालबालिकाहरूका लागि विशेष छात्रवृत्ति । | | ✓ | ✓ |
| | **ग.** नियमित विद्यालय जाने बालबालिकाका परिवारलाई अवसर मूल्य वापत विशेष वित्तीय सहायता । | ✓ | ✓ | ✓ |
| | ५. मातृभाषामा तथा मातृभाषाको गुणस्तरीय शिक्षा दिने शैक्षिक संस्था तथा सुविधाहरू वा सो प्रयोजनका वैकल्पिक शैक्षिक प्रणाली तथा संस्थाहरूलाई सहयोग । | ✓ | ✓ | ✓ |
| | **क.** वैकल्पिक शैक्षिक प्रणाली र संस्थाहरू सम्बन्धी कानूनी व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **ख.** वैकल्पिक शैक्षिक संस्थाहरूलाई प्राविधिक एवं पूँजीगत सहयोग | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजातिका परम्परागत शिक्षण/प्रशिक्षण संस्थाहरूको पहिचान र सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | ७. शैक्षिक रुपले पछाडि परेका आदिवासी जनजाति युवाहरूको उच्च प्राविधिक शिक्षामा पहुँच बढाउन उच्च प्राविधिक शिक्षण संस्था विस्तार र छात्रवृत्ति एवं शैक्षिक ऋणको व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.** प्राविधिक शिक्षण संस्था विस्तार । | ✓ | ✓ | ✓ |
| | **ख.** प्राविधिक शिक्षा छात्रवृत्ति । | ✓ | ✓ | ✓ |
| | **ग.** प्राविधिक शिक्षाका लागि शैक्षिक ऋण । | ✓ | ✓ | ✓ |
| | ८. आदिवासी जनजातिका परम्परागत ज्ञान, शीप र दक्षताको समकक्षता निर्धारण तथा अभिलेखीकरण । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ९. आदिवासी जनजातिको शैक्षिकस्तर उठाउन तथा व्यावसायिक शीप अभिवृद्धि गर्न घुम्ती शीप विकास तालीम, खुला शिक्षा, दूर शिक्षा, जीवनपर्यन्त शिक्षा र औपचारिक शिक्षामा पहुँच वृद्धिका लागि विशेष व्यवस्था । | ✓ | ✓ | ✓ |
| | १०. समावेशी औद्योगिक प्रशिक्षार्थी कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ११. प्रत्येक प्रदेशमा कम्तीमा एक बहु-साँस्कृतिक/बहुभाषिक विश्व विद्यालाय, बहु-प्राविधिक विश्वविद्यालय तथा खुला विश्वविद्यालय स्थापना । | ✓ | ✓ | ✓ |
| | **क.** सम्भाव्याता अध्ययन । | ✓ | ✓ | ✓ |
| | **ख.** कानून निर्माण । | ✓ | ✓ | ✓ |
| | **ग.** विश्वविद्यालयहरू स्थापना र सञ्चालन । | ✓ | ✓ | ✓ |
| | १२. समावेशी विद्यालय व्यवस्थापन तथा विद्यालय सुशासन सम्बन्धी कानूनी/नीतिगत सुधार । | ✓ | ✓ | ✓ |
| | १३. आदिवासी विद्यार्थीहरको शैक्षिक सफलताका लागि विशेष पाठ्यक्रा/पाठ्य विषय र शिक्षण/परामर्श सम्बन्धी सुविधा विकास र विस्तार । | ✓ | ✓ | ✓ |

# स्वास्थ्य तथा पोषण

**पृष्ठभूमि**

एक सर्वेक्षण अनुसार नजिकको सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा पनि सेवा पाउन २०.६ प्रतिशत पहाडे आदिवासी जनजाति र १८.६ प्रतिशत तराई आदिवासी जनजातिलाई कठीन छ। लगभग ४३ प्रतिशत पहाडे आदिवासी जनजातिले स्वस्थ्य बीमा बारे सुनेकै छैनन्। त्यस्तै ४५ प्रतिशत पहाडे आदिवासी जनजातिले भने स्वास्थ्य बीमा बारे सुनेका छन्। तर सो सेवा पाएका छैनन् र ५.४ प्रतिशतले मात्र यस्तो सुविधा पाएका छन्। तराई आदिवासी जनजातिहरूमध्ये ५४ प्रतिशतले यो व्यवस्था सुनेकै छैनन्। ३७.४ प्रतिशतले सुने पनि पाएका छैनन् र केवल २.६ प्रतिशतले भने यस्तो सुविधा पाएका छन्।[2]

**उद्देश्य**

आदिवासी जनजातिको सबै प्रकारको स्वास्थ्य सेवामा पहुँच सहज बनाउने।

**कार्यनीति**

१. सबै क्षेत्रका र भिन्न-भिन्न हैसियतका आदिवासी जनजातिहरूले पर्याप्त स्वास्थ्य सेवाहरू प्राप्त गरेको सुनिश्चित गरिनेछ। सरकारी स्वास्थ्य सेवा विस्तारका अतिरिक्त उनीहरूले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम उपलब्धस्तर उपभोग गर्न सक्नेगरी आफ्नै जिम्मेवारी र नियन्त्रण अन्तर्गत यस्ता सेवाहरू तय गरी उपलब्ध गराउन चाहेमा उनीहरूलाई वित्तीय तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ।

२. सबै आदिवासी जनजातिमा निःशूल्क स्वास्थ्य बीमा सेवा पुऱ्याइनेछ।

३. स्वास्थ्य सेवाहरू विस्तारित गर्न सम्भव भएसम्म समुदायमा आधारित गरिनेछ। सम्बन्धित आदिवासी जनजातिको सहयोगमा यस्ता सेवाहरूको तर्जूमा गरी सञ्चालन गरिनेछ र यस्ता सेवाहरूले उनीहरूको आर्थिक, भौगोलिक, सामाजिक र साँस्कृतिक अवस्था तथा निरोधात्मक हेरचाह, उपचारात्मक अभ्यास र औषधिलाई ध्यान दिएर सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

४. स्वास्थ्य सेवा सर्वसुलभ तुल्याउन परम्परागत औषधि तथा औषधिजन्य वनस्पति, जनावर तथा खनिजहरूको संरक्षणलगायत स्वास्थ्यसम्बन्धी परम्परागत प्रचलनहरूको प्रवर्द्धन गरिने छ। त्यसरी नै आम्ची प्रणालीलगायत परम्परागत एवं वैकल्पिक वा पूरक स्वास्थ्य उपचार पद्धतिलाई पनि प्रवर्द्धन गरिनेछ।

५. स्वास्थ्य सेवा व्यापक, पहुँचिलो र प्रभावकारी बनाउन स्थानीय समुदायका स्वास्थ्यकर्मीहरूको तालीम र रोजगारीलाई प्राथमिकता दिइने छ र स्वास्थ्य उपचार सेवाका अन्य तहहरूसंग सबल सम्बन्ध कायम राख्दै आधारभूत स्वास्थ्य सेवामा जोड दिइनेछ।

---

[2] Nepal Governance Survey 2017/18

६. आर्थिक-सामाजिक रुपले सीमान्तीकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजाति र विकट क्षेत्रका जनतालाई सबै तहको सबै प्रकारको स्वास्थ्यपोचार सेवा निःशूल्क उपलब्ध गराइनेछ ।
७. गम्भीर/सरुवा रोग तथा जीर्ण/जटील रोग एवं मानसिक रोगको उपचारका लागि विपन्न आदिवासी जनजाति रोगीलाई आर्थिक सहायता उपलब्ध गराइनेछ ।
८. आदिवासी जनजातिको यौन तथा प्रजनन् स्वास्थ्य सेवा र बालबालिका स्वास्थ्य सेवा सुलभ, गुणस्तरीय र प्रभावकारी बनाउन सम्बन्धित समुदाय र स्वास्थ्य सेवा संस्थाहरू परिचालन गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. सेवाग्राहीप्रति सम्वेदनशील समावेशी, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य सेवा व्यवस्थापनमा सुधार ।
२. सामुदायिक स्वास्थ्य सेवा विस्तार तथा आदिवासी जनजाति स्वास्थ्यकर्मी परिचालन ।
३. विपन्न, सीमान्तकृत एवं लोपोन्मुख आदिवासी जनजातिलाई सबै प्रकारको रोगको निःशूल्क स्वास्थ्य सेवा/उपचारको व्यवस्था ।
   **क.** निःशूल्क स्वास्थ्य सेवा सम्बन्धी नियमावली/नीतिमा परिमार्जन (सुधार) ।
   **ख.** निःशूल्क स्वास्थ्य सेवा तथा उपचारमा सहयोग सम्बन्धी छुट्टै कोष र त्यस्तो सेवा नियमन, प्रदान तथा अनुगमन सम्बन्धी छुट्टै निकाय स्थापना ।
४. आदिवासी जनजातिको परम्परागत/वैकल्पिक/पूरक उपचार पद्धति रोग निरोधात्मक हेरचाह, मनोचिकित्सा र त्यस्ता सेवा दिन आम्चीलगायतका संस्थाहरूको प्रवर्द्धन ।
   **क.** परम्परागत/वैकल्पिक/पूरक उपचार/चिकित्सा पद्धति र संस्थाहरूको पहिचान र ती सेवाहरूको प्रवर्द्धन ।
   **ख.** आम्ची सेवाको विस्तार ।
५. स्वास्थ्य सेवाको व्यापकता, सुप्राप्यता, प्रभावकारिता र गुणस्तरीयताका लागि जनशक्ति विकास ।
६. स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागि आदिवासी जनजाति केन्द्रित स्वास्थ्य बीमा ।
७. औषधिजन्य जडीबुटी, खनिज र जान्तव द्रव्यबाट औषधि उत्पादनलाई प्रोत्साहन ।
८. जटील प्रकारको रोगको उपचारका लागि सम्पन्न परिवारका बाहेक सबै आदिवासी जनजाति रोगीहरूलाई उपचार सहयोग ।
   **क.** उपचार सहयोग सम्बन्धी सेवा व्यवस्थापन निकाय र कोषको विशेष व्यवस्था ।
   **ख.** सबै अस्पतालहरूबाट उपचारमा विशेष सहुलियत दिने व्यवस्था ।
९. विपन्न, सीमान्तीकृत आदिवासी जनजातिलक्षित स्वस्थवर्द्धक खाद्य पदार्थ आपूर्ति तथा पोषण शिक्षा ।
   **क.** स्वास्थ्यवर्द्धक खाद्य पदार्थ आपूर्ति व्यवस्था ।
   **ख.** पोषण शिक्षा विशेष कार्यक्रम ।
१०. आदिवासी स्वास्थ्य तथा स्वास्थ्य असामनताका लागि राष्ट्रिय केन्द्र स्थापना ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा आधारभूत स्वास्थ्य सेवामा सबै आदिवासी जनजातिहरूको पहुँच पुगेको र उनीहरूले विनाव्यवधान सेवा पाएका हुनेछन्। विपन्न आदिवासी जनजातिले दीर्घ रोग एवं जटील रोगको उपचारका लागि आर्थिक सहायता पाएका हुनेछन्। सबै आदिवासी जनजातिको स्वास्थ्य बीमा गरिएको हुनेछ। आदिवासी जनजातिको स्वास्थ्य स्थितिमा सुधार आएको हुनेछ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| स्वास्थ्य तथा पोषण | १. सेवाग्राहीप्रति सम्वेदनशील समावेशी, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य सेवा व्यवस्थापनमा सुधार। | ✓ | ✓ | ✓ |
| | २. सामुदायिक स्वास्थ्य सेवा विस्तार तथा आदिवासी जनजाति स्वास्थ्यकर्मी परिचालन। | | ✓ | ✓ |
| | ३. विपन्न, सीमान्तकृत एवं लोपोन्मुख आदिवासी जनजातिलाई सबै प्रकारको रोगको निःशूल्क स्वास्थ्य सेवा/उपचारको व्यवस्था। | ✓ | ✓ | ✓ |
| | **क.** निःशूल्क स्वास्थ्य सेवा सम्बन्धी नियमावली/नीतिमा परिमार्जन (सुधार)। | ✓ | ✓ | ✓ |
| | **ख.** निःशूल्क स्वास्थ्य सेवा तथा उपचारमा सहयोग सम्बन्धी छुट्टै कोष र त्यस्तो सेवा नियमन, प्रदान तथा अनुगमन सम्बन्धी छुट्टै निकाय स्थापना। | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजातिको परम्परागत/वैकल्पिक/पूरक उपचार पद्धति रोग निरोधात्मक हेरचाह, मनोचिकित्सा र त्यस्ता सेवा दिन आम्चीलगायतका संस्थाहरूको प्रवर्द्धन। | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** परम्परागत/वैकल्पिक/पूरक उपचार/चिकित्सा पद्धति र संस्थाहरूको पहिचान र ती सेवाहरूको प्रवर्द्धन । | | ✓ | ✓ |
| | **ख.** आम्ची सेवाको विस्तार । | ✓ | ✓ | ✓ |
| | ५. स्वास्थ्य सेवाको व्यापकता, सुप्राप्यता, प्रभावकारिता र गुणस्तरीयताका लागि जनशक्ति विकास । | ✓ | ✓ | ✓ |
| | ६. स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागि आदिवासी जनजाति केन्द्रित स्वास्थ्य बीमा । | ✓ | ✓ | ✓ |
| | ७. औषधिजन्य जडीबुटी, खनिज र जान्तव द्रव्यबाट औषधि उत्पादनलाई प्रोत्साहन । | ✓ | ✓ | ✓ |
| | ८. जटील प्रकारको रोगको उपचारका लागि सम्पन्न परिवारका बाहेक सबै आदिवासी जनजाति रोगीहरूलाई उपचार सहयोग । | ✓ | ✓ | ✓ |
| | **क.** उपचार सहयोग सम्बन्धी सेवा व्यवस्थापन निकाय र कोषको विशेष व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **ख.** सबै अस्पतालहरूबाट उपचारमा विशेष सहुलियत दिने व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ९. विपन्न, सीमान्तीकृत आदिवासी जनजातिलक्षित स्वस्थवर्द्धक खाद्य पदार्थ आपूर्ति तथा पोषण शिक्षा । | ✓ | ✓ | ✓ |
| | **क.** स्वास्थ्यवर्द्धक खाद्य पदार्थ आपूर्ति व्यवस्था । | | ✓ | ✓ |
| | **ख.** पोषण शिक्षा विशेष कार्यक्रम । | | ✓ | ✓ |
| | १०. आदिवासी स्वास्थ्य तथा स्वास्थ्य असामनताका लागि राष्ट्रिय केन्द्र स्थापना । | ✓ | ✓ | ✓ |

# खानेपानी तथा सरसफाई

**कार्यनीति**

सबै आदिवासी जनजाति परिवारलाई स्वच्छ तथा गुणस्तरीय खानेपानी र आधारभूत स्तरको सरसफाई सेवा तथा शौचालय सुविधा उपलव्ध गराइने छ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजाति परिवार लक्षित खानेपानी सेवा सुधार र आधारभूत सरसफाई सेवा तथा शौचालयमा सुविधा विस्तार।
   **क.** आदिवासी जनजाति परिवारलक्षित खानेपानी सेवा विस्तार तथा सुधार।
   **ख.** आदिवासी जनजाति परिवार एवं गाउँलक्षित आधारभूत सरसफाई सेवा तथा शौचालय सुविधा विस्तार।

२. नदी, नाला, पानीको स्रोत, ताल तलैया, सीमसार र जलाधार क्षेत्रको प्रभावकारी संरक्षण तथा वातावरण व्यवस्थापन सम्बन्धी नीति र अभ्यासमा परिमार्जन।
   **क.** आदिवासी जनजातिको जलस्रोत तथा जलाधार क्षेत्रको विशेष संरक्षण कार्यक्रम।
   **ख.** जलस्रोत तथा जलाधार एवं वातावरण व्यवस्थापन न्यायपूर्ण र समावेशी बनाउन सम्बन्धित कानून, नियम, नीति र अभ्यासमा परिमार्जन।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा सबै आदिवासी जनजाति परिवारहरूले आधारभूत स्तरको खानेपानी पाएका हुनेछन् र तीमध्ये २५ प्रतिशतले सुधारिएको (उच्च तथा मध्यम स्तरको) खानेपानी सेवा पाएका हुनेछन्। त्यस्तै ८० प्रतिशत आदिवासी जनजाति बहुल क्षेत्र दिसामूक्त क्षेत्र घोषणा भएका हुनेछन्। आदिवासी क्षेत्रको जलस्रोत तथा जलाधार क्षेत्र दुषित गर्ने क्रियाकलापहरू पूर्ण नियन्त्रणमा आएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| खानेपानी तथा सरसफाई | १. आदिवासी जनजाति परिवार लक्षित खानेपानी सेवा सुधार र आधारभूत सरसफाई सेवा तथा शौचालयमा सुविधा विस्तार। | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क**. आदिवासी जनजाति परिवारलक्षित खानेपानी सेवा विस्तार तथा सुधार । | ✓ | ✓ | ✓ |
| | **ख**. आदिवासी जनजाति परिवार एवं गाउँ लक्षित आधारभूत सरसफाई सेवा तथा शौचालय सुविधा विस्तार । | ✓ | ✓ | ✓ |
| | २. नदी, नाला, पानीको स्रोत, ताल तलैया, सीमसार र जलाधार क्षेत्रको प्रभावकारी संरक्षण तथा वातावरण व्यवस्थापन सम्बन्धी नीति र अभ्यासमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **क**. आदिवासी जनजातिको जलस्रोत तथा जलाधार क्षेत्रको विशेष संरक्षण कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख**. जलस्रोत तथा जलाधार एवं वातावरण व्यवस्थापन न्यायपूर्ण र समावेशी बनाउन सम्बन्धित कानून, नियम, नीति र अभ्यासमा परिमार्जन । | ✓ | ✓ | ✓ |

# युवा

**उद्देश्य**

१. युवामा दक्षता र क्षमताको विकास गर्ने ।

२. युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउने ।

**रणनीति**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र शीप विकासका अवसरहरू विस्तार गर्ने ।

२. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोन्साहन गर्ने ।

३. युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने ।

४. वित्तीय स्रोतसाधनमा युवाको पहुँच विस्तार गर्ने ।

५. तीनै तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

१. सबै आदिवासी जनजाति युवाहरूको क्षमता, दक्षता, शीप र उत्पादनशीलता तीव्र रुपले वृद्धि गरी मर्यादित रोजगारीमा संलग्न गराउँदै लगिने छ ।

२. सबै बेरोजगार आदिवासी जनजाति युवाहरूलाई स्वरोजगार कार्यक्रममा सरिक गरी युवा उद्यमी बनाइनेछ ।

३. विपन्न तथा सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजाति युवालाई जीवनोपयोगी उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति, शैक्षिक ऋण तथा विशेष प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ ।

४. युवाभित्रको विविधतालाई ध्यानमा राखी राज्य संरचनामा समानुपातिक समावेशीकरण सुनिश्चित गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजाति युवाहरूको क्षमता विकास तथा उत्पादनशीलता वृद्धि सम्बन्धी विशेष कार्यक्रम ।

**क.** क्षमता विकास तथा उद्यमशीलता वृद्धि सम्बन्धी शिक्षण/प्रशिक्षण संस्थाहरूको पहिचान ।

**ख.** क्षमता विकास तथा उद्यमशीलता वृद्धिको लागि आदिवासी जनजाति युवाहरूको छनौट ।

**ग.** उद्यमशीलता वृद्धिका लागि विशेष सहयोग ।

२. बेरोजगार आदिवासी जनजाति युवाहरूका लागि युवा स्वरोजगार तथा युवा उद्यमी सहयोग कार्यक्रम ।

**क.** आदिवासी युवा स्वरोजगार कार्यक्रम ।

**ख.** युवा उद्यमी सहयोग कार्यक्रम ।

३. विपन्न, सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजाति युवाहरूलाई जीवनोपयोगी उच्च शिक्षाका लागि प्रोत्साहन ।

**क.** पहुँचिलो, कम खर्चिलो साँस्कृतिक रुपले सम्वेदनशील जीवनोपयोगी शिक्षा ।

**ख.** जीवनोपयोगी शिक्षामा सहभागिताका लागि प्रोत्साहन सहयोग ।

४. आदिवासी जनजाति युवा सहकारी अभियान ।

५. राज्य संरचनामा आदिवासी जनजाति युवाको समानुपातिक समावेशीकरण ।

**अपेक्षित उपलब्धि**

योजनाकालको अन्त्यसम्ममा लगभग १५ लाख आदिवासी जनजाति युवाहरूको व्यावसायिक एवं व्यावहारिक क्षमता, दक्षता, शीप र उत्पादनशीलता अभिवृद्धि भई राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा सक्रिय सहभागी भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| युवा | १. आदिवासी जनजाति युवाहरूको क्षमता विकास तथा उत्पादनशीलता वृद्धि सम्बन्धी विशेष कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** क्षमता विकास तथा उद्यमशीलता वृद्धि सम्बन्धी शिक्षण/प्रशिक्षण संस्थाहरूको पहिचान । | ✓ | ✓ | ✓ |
| | **ख.** क्षमता विकास तथा उद्यमशीलता वृद्धिको लागि आदिवासी जनजाति युवाहरूको छनौट । | | ✓ | ✓ |
| | **ग.** उद्यमशीलता वृद्धिका लागि विशेष सहयोग । | ✓ | ✓ | ✓ |
| | २. बेरोजगार आदिवासी जनजाति युवाहरूका लागि युवा स्वरोजगार तथा युवा उद्यमी सहयोग कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी युवा स्वरोजगार कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख.** युवा उद्यमी सहयोग कार्यक्रम । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ३. विपन्न, सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजाति युवाहरूलाई जीवनोपयोगी उच्च शिक्षाका लागि प्रोत्साहन । | ✓ | ✓ | ✓ |
| | **क.** पहुँचिलो, कम खर्चिलो साँस्कृतिक रुपले सम्वेदनशील जीवनोपयोगी शिक्षा । | | ✓ | ✓ |
| | **ख.** जीवनोपयोगी शिक्षामा सहभागिताका लागि प्रोत्साहन सहयोग । | | ✓ | ✓ |
| | ४. आदिवासी जनजाति युवा सहकारी अभियान । | ✓ | ✓ | ✓ |
| | ५. राज्य संरचनामा आदिवासी जनजाति युवाको समानुपातिक समावेशीकरण । | ✓ | ✓ | ✓ |

## महिला

**उद्देश्य**

आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोतसाधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने ।

**रणनीति**

१. राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जूमा गर्ने ।

२. राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरूमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्ने ।

३. आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथामिकता दिदैं अीर्थक सशक्तिकरण र सामाजिक रुपान्तरण गर्ने ।

**कार्यनीति**

१. महिलाहरूको पहिचान र विविधतालाई मान्यता दिंदै उनीहरूको समानुपातिक समावेशी प्रतिनिधित्व सम्बन्धी व्यवस्थामा सुधार ल्याइनेछ ।

२. महिलाहरूको पहिचान र विविधतालाई ध्यानमा राखेर सामाजिक, आर्थिक तथा साँस्कृतिक सशक्तीकरणका विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

३. आदिवासी जनजाति महिलालाई मातृभाषा वा स्थानीय भाषामा शिक्षा तथा सूचना पाउने हक सुनिश्चित गरिनेछ ।

४. आदिवासी जनजाति महिलाको परम्परागत व्यवसाय, शीप र ज्ञानको प्रवर्द्धन गरी उत्पादित वस्तुको ब्रान्डिङ, पेकेजिङ, गुणस्तरको सामुदायिक प्रमाणीकरण र बजारीकरणको व्यवस्था गरिनेछ ।

५. व्यवस्थापकीय पदहरूमा आदिवासी जनजाति महिलाको अनुपात बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. दूर्गम, विकट क्षेत्रका आदिवासी जनजाति महिलाको प्रजनन् स्वास्थ्य सेवामा पहुँच बढाइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. महिलाको समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा महिलाभित्रको विविधता अनुरुप हुने व्यवस्थाका लागि कानूनमा संशोधन ।

२. महिलाहरूको पहिचान र विविधतालक्षित महिला सामाजिक-आर्थिक सशक्तीकरण कार्यक्रम ।

३. आदिवासी जनजाति महिलालाई मातृभाषा वा स्थानीय भाषामा शिक्षा तथा सूचना पाउने व्यवस्थाका कानून तथा नीतिमा सुधार ।

४. आदिवासी जनजाति महिलाका उत्पादनहरूको प्रवर्द्धन तथा बजारीकरण ।

५. आदिवासी जनजाति महिलालक्षित व्यवस्थापन सम्बन्धी तालीम तथा अनुशिक्षण ।

**क.** व्यवस्थापन सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन अनुशिक्षण तालीम ।

**ख.** आदिवासी जनजाति महिला नेतृत्व विकास तालीम ।

**ग.** महिला व्यावस्थापकहरूसंग अन्तरक्रिया कार्यक्रम ।

६. विकट क्षेत्रका आदिवासी जनजाति महिलाको प्रजनन् स्वास्थ्य सेवामा पहुँच वृद्धि सम्बन्धी विशेष कार्यक्रम ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्तसम्ममा आदिवासी जनजाति महिलाको हकहित सुनिश्चित गर्न कानून, नियम र नीतिमा सुधार आएको हुनेछ र ठूलो संख्यामा आदिवासी जनजाति महिला सामाजिक, साँस्कृतिक र आर्थिक रुपले सशक्त भएका हुनेछन् तथा सबै निकायमा उनीहरूको प्रतिनिधित्व बढेको हुनेछ । उनीहरू सबैको प्रजनन् स्वास्थ्य सेवामा सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| महिला | १. महिलाको समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा महिलाभित्रको विविधता अनुरुप हुने व्यवस्थाका लागि कानूनमा संशोधन । | ✓ | ✓ | ✓ |
| | २. महिलाहरूको पहिचान र विविधता लक्षित महिला सामाजिक-आर्थिक सशक्तीकरण कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजाति महिलालाई मातृभाषा वा स्थानीय भाषामा शिक्षा तथा सूचना पाउने व्यवस्थाका कानून तथा नीतिमा सुधार । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजाति महिलाका उत्पादनहरूको प्रवर्द्धन तथा बजारीकरण । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजाति महिलालक्षित व्यवस्थापन सम्बन्धी तालीम तथा अनुशिक्षण । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** व्यवस्थापन सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन अनुशिक्षण तालीम । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजाति महिला नेतृत्व विकास तालीम । | ✓ | ✓ | ✓ |
| | **ग.** महिला व्यावस्थापकहरूसंग अन्तरक्रिया कार्यक्रम । | | ✓ | ✓ |
| | ६. विकट क्षेत्रका आदिवासी जनजाति महिलाको प्रजनन् स्वास्थ्य सेवामा पहुँच वृद्धि सम्बन्धी विशेष कार्यक्रम । | ✓ | ✓ | ✓ |

## बालबालिका तथा किशोर-किशोरी

**उद्देश्य**

१. बालबालिका तथा किशोर-किशोरीको अधिकार संरक्षण र प्रवर्द्धन गर्ने।

२. बालबालिका तथा किशोर-किशोरी विरुद्ध हुने शारीरिक तथा मानसिकलगायत सबै प्रकारका हिंसा, विभेद्, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने।

**रणनीति**

१. बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भीक बालविकासमा पहुँच बढाउने।

२. बालबालिका तथा किशोर-किशोरी विरुद्ध हुने सबै प्रकारको हिंसा अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने।

३. असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर-किशोरीलाई राज्यबाट संरक्षण र सुरक्षा प्रदान गर्ने।

४. राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने।

**कार्यनीति**

१. आदिवासी जनजाति बालबालिकाहरूले शारीरिक श्रम गर्नुपर्ने पारिवारिक अवस्था एवं बाध्यकारी परिस्थितिको पहिचान गरी तिनमा आमूल परिवर्तन ल्याइनेछ।

२. आदिवासी बालबालिका र किशोर-किशोरीहरूलाई आफ्नै भाषामा आत्म-सम्मानजनक नाम राख्ने, आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने र आफ्नो परम्परा तथा संस्कृति अनुकूल जीवन यापन गर्न पाउने स्वच्छ तथा निर्विघ्न वातावरणको निर्माण गरिनेछ।

३. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूले देशको संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत गरिएका हक समाजका अन्य बालबालिका तथा किशोर-किशोरीले जस्तै समान रुपमा उपभोग गर्न पाउने स्थिति सुनिश्चित गरिनेछ।

४. उपयुक्त शिशु स्याहार तथा बालविकास सेवा र बहु-भाषिक तथा बहु-साँस्कृतिक शिक्षाद्वारा आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको बौद्धिक एवं सांवेगिक विकास र आत्म-सम्मान अभिवृद्धि गरिनेछ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजाति बालश्रम उन्मूलन कार्यक्रम।

   **क.** शिक्षा तथा सूचना कार्यक्रम।

   **ख.** घर-दैलो अभियान।

**ग**. बालश्रम मूक्त परिवारलाई प्रोत्साहन सहयोग ।

२. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको पहिचान सुदृढीकरण ।

**क**. शिक्षण पद्धतिमा सुधार ।

**ख**. सञ्चार सामग्रीको विकास, उत्पादन र प्रसार/प्रचार ।

**ग**. जाति, भाषा, संस्कृति सम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया ।

३. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूमाथि हुने विभेद् एवं दुर्व्यवहार रोक्न कानून र व्यवहारमा परिमार्जन ।

**क**. बालबालिका संरक्षण तथा स्याहार-सुसार सम्बन्धी कानूनमा संशोधन ।

**ख**. किशोर-किशोरीमाथि हुने दुर्व्यवहारजन्य अपराध सम्बन्धी कानूनमा संशोधन परिमार्जन ।

४. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको हकको संरक्षण ।

५. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको बौद्धिक एवं सांवेगिक विकास, आत्म सम्मान र सामाजिक सद्भाव अभिवृद्धि सम्बन्धी विशेष व्यवस्था ।

**क**. शैक्षिक भ्रमण कार्यक्रम ।

**ख**. साँस्कृतिक तथा ऐतिहासिक स्थल अवलोकन कार्यक्रम ।

**ग**. सांवेगिक विकास तथा आत्म-सम्मान अभिवृद्धिका लागि विद्यालयद्वारा अतिरिक्त क्रियाकलाप सञ्चालन

**घ**. गाउँपालिका तथा नगरपालिकाद्वारा सामाजिक सद्भाव अभिवृद्धि कार्यक्रम सञ्चालन ।

**अपेक्षित उपलब्धि**

योजनाकालको अन्त्यसम्ममा आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको बालश्रम उन्मूलन भएको हुनेछ र उनीहरूले सम्मानपूर्वक बाँच्ने, शिक्षा पाउने र सुविधा पाउने स्थिति सृजना भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| बालबालिका तथा किशोर-किशोरी | १. आदिवासी जनजाति बालश्रम उन्मूलन कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** शिक्षा तथा सूचना कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख.** घर-दैलो अभियान । | | ✓ | ✓ |
| | **ग.** बालश्रम मूक्त परिवारलाई प्रोत्साहन सहयोग । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको पहिचान सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** शिक्षण पद्धतिमा सुधार । | ✓ | ✓ | ✓ |
| | **ख.** सञ्चार सामग्रीको विकास, उत्पादन र प्रसार/प्रचार । | ✓ | ✓ | ✓ |
| | **ग.** जाति, भाषा, संस्कृति सम्वन्धी अनुशिक्षण तथा अन्तरक्रिया । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूमाथि हुने विभेद् एवं दुर्व्यवहार रोक्न कानून र व्यवहारमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **क.** बालबालिका संरक्षण तथा स्याहार-सुसार सम्वन्धी कानूनमा संशोधन । | ✓ | ✓ | ✓ |
| | **ख.** किशोर-किशोरीमाथि हुने दुर्व्यवहारजन्य अपराध सम्वन्धी कानूनमा संशोधन परिमार्जन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ४. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको हकको संरक्षण । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजाति बालबालिका तथा किशोर-किशोरीहरूको बौद्धिक एवं सांवेगिक विकास, आत्म सम्मान र सामाजिक सद्भाव अभिवृद्धि सम्बन्धी विशेष व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क**. शैक्षिक भ्रमण कार्यक्रम । | | ✓ | ✓ |
| | **ख**. साँस्कृतिक तथा ऐतिहासिक स्थल अवलोकन कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ग**. सांवेगिक विकास तथा आत्म-सम्मान अभिवृद्धिका लागि विद्यालयद्वारा अतिरिक्त क्रियाकलाप सञ्चालन । | ✓ | ✓ | ✓ |
| | **घ**. गाउँपालिका तथा नगरपालिकाद्वारा सामाजिक सद्भाव अभिवृद्धि कार्यक्रम सञ्चालन । | ✓ | ✓ | ✓ |

# जेष्ठ नागरिक

**उद्देश्य**

जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने ।

**रणनीति**

पारिवारिक र सामाजिक माध्यमबाट जेष्ठ नागरिकका लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने

**कार्यनीति**

आदिवासी जनजातिका ६० वर्ष उमेर नाघेका जेष्ठ नागरिकलाई वृद्धभत्ता, हेरचाह सेवा, सहयोग, नि:शूल्क उपचार र सार्वजनिक सेवा सुविधालगायतका सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गरिने छ ।

**प्रमुख कार्यक्र**

आदिवासी जनजाति जेष्ठ नागरिकको उमेर सीमा र सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी विशेष व्यवस्था ।

**अपेक्षित उपलब्धि**

योजनाकालको अन्त्यसम्ममा सवै ६० वर्ष उमेर नाघेका आदिवासी जनजाति जेष्ठ नागरिकहरूले वृद्धभत्ता, हेरचाह सेवा तथा सहयोग, नि:शूल्क उपचार, यातायत सेवा सुविधालगायतको सामाजिक सुरक्षा तथा संरक्षण पाएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| जेष्ठ नागरिक | १. आदिवासी जनजाति जेष्ठ नागरिकको उमेर सीमा र सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी विशेष व्यवस्था । | ✓ | ✓ | ✓ |

# अपाङ्गता भएका व्यक्तिहरू

**उद्देश्य**

अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने ।

**रणनीति**

१. अपाङ्गता भएका व्यक्तिको हक/अधिकार संरक्षण गर्न नीति निर्माण तथा कानूनको पुनरावलोकन गर्ने ।

२. भौतिक संरचना अपाङ्गतामैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच, प्राप्ति र अवसरको सिर्जना गर्ने ।

**कार्यनीति**

१. परिवारको सदस्य अपाङ्गता भएका आदिवासी जनजाति परिवारलाई विशेष हेरचाह, पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य स्याहारका लागि विशेष सहयोग उपलब्ध गराइने छ ।

२. अपाङ्गता भएका आदिवासी जनजातिलाई मर्यादित रोजगारी प्रत्याभूति गरिनेछ ।

३. अपाङ्गताभित्रको पहिचान र विविधतालाई सम्बोधन गरी आदिवासी जनजाति अपाङ्गताहरूको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. परिवारको सदस्य अपाङ्गता भएका आदिवासी जनजाति परिवारलाई विशेष हेरचाह, पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य स्याहारको लागि विशेष सहयोग ।

२. अपाङ्गता भएका आदिवासी जनजातिलाई मर्यादित रोजगारीको प्रत्याभूति ।

३. अपाङ्गताभित्रको पहिचान र विविधतालाई सम्बोधन हुनेगरी अपाङ्गताको प्रतिनिधित्व सम्बन्धी व्यवस्थामा परिमार्जन ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्तसम्ममा अपाङ्गता भएका सबै आदिवासी जनजाति परिवारले आफ्ना अपाङ्गता भएका सदस्यको विशेष हेरचाह र लालनपालन, शिक्षा र स्वास्थ्य सेवाको लागि विशेष सहयोग पाएका हुनेछन् र अपाङ्गता भएका सबै व्यक्तिले मर्यादित रोजगारी पाएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| अपाङ्गता भएका व्यक्तिहरू | १. परिवारको सदस्य अपाङ्गता भएका आदिवासी जनजाति परिवारलाई विशेष हेरचाह, पालनपोषण, शिक्षादीक्षा र स्वास्थ्य स्याहारको लागि विशेष सहयोग। | ✓ | ✓ | ✓ |
| | २. अपाङ्गता भएका आदिवासी जनजातिलाई मर्यादित रोजगारी प्रत्याभूति गरिनेछ। | ✓ | ✓ | ✓ |
| | ३. अपाङ्गताभित्रको पहिचान र विविधतालाई सम्बोधन हुनेगरी अपाङ्गताको प्रतिनिधित्व सम्बन्धी व्यवस्थामा परिमार्जन। | ✓ | ✓ | ✓ |

# खेलकूद

**उद्देश्य**

सबै क्षेत्रमा खेलकूदलाई मूलप्रवाहीकरण गर्ने ।

**रणनीति**

१. सबै तहको सरकारसंगको समन्वय र सहकार्यमा खेलकूद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने
२. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिको परम्परागत खेलकूदलाई पुनः प्रचलनमा ल्याउन र प्रवर्द्धन गर्न आवश्यक भौतिक संरचना र पूर्वाधारहरू निर्माण गरिनेछ ।
२. आदिवासी खेलका खेलाडीहरूलाई प्रोत्साहन, सम्मान प्रदान गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिका परम्परागत खेलको पहिचान, प्रवर्द्धन र संरक्षण ।
२. आदिवासी परम्परागत खेलकूदका खेलाडीहरूलाई प्रशिक्षण तथा प्रोत्साहन ।
३. आदिवासी जनजातिका परम्परागत खेलहरू आयोजना/सञ्चालन गर्न खेलकूद पूर्वाधारको निर्माण ।
   **क.** खेल मैदान निर्माण ।
   **ख.** कभर्ड हल निर्माण ।
   **ग.** खुला क्षेत्र (प्रतिस्पर्धा स्थल, अभ्यास स्थल) सीमाङ्कन तथा बारबेर ।
   **घ.** खेलकूद सामग्रीहरूको संकलन तथा विकास ।

**अपेक्षित उपलब्धि**

पन्ध्रौं पञ्चवर्षीय योजनाकालको अन्त्यसम्ममा आदिवासी जनजातिको कम्तीमा ५० वटा परम्परागत विशिष्ट खेलहरू पुनर्जीवित एवं प्रवर्द्धित भएका हुनेछन् । यस्ता खेलहरू आयोजना/सञ्चालन गर्न ३० वटा खेलकूद पूर्वाधार (प्रतिस्पर्धा स्थल, खेल मैदान तथा भवनहरू) निर्माण भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| खेलकूद | १. आदिवासी जनजातिका परम्परागत खेलको पहिचान, प्रवर्द्धन र संरक्षण । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी परम्परागत खेलकूदका खेलाडीहरूलाई प्रशिक्षण तथा प्रोत्साहन । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिका परम्परागत खेलहरू आयोजना/सञ्चालन गर्न खेलकूद पूर्वाधारको निर्माण । | ✓ | ✓ | ✓ |
| | **क.** खेल मैदान निर्माण । | ✓ | ✓ | ✓ |
| | **ख.** कभर्ड हल निर्माण । | ✓ | ✓ | ✓ |
| | **ग.** खुला क्षेत्र (प्रतिस्पर्धा स्थल, अभ्यास स्थल) सीमाङ्कन तथा बारबेर | ✓ | ✓ | ✓ |
| | **घ.** खेलकूद सामग्रीहरूको संकलन तथा विकास । | ✓ | ✓ | ✓ |

# सामाजिक सुरक्षा तथा संरक्षण

**राष्ट्रिय लक्ष्य**

नेपाललाई लोक कल्याणकारी राज्य बनाउने ।

**राष्ट्रिय उद्देश्य**

सभ्य तथा न्यायपूर्ण समाज निर्माणका लागि सबै नागरिकहरूलाई सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

**रणनीति**

विपन्न एवं सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई सामाजिक सुरक्षा तथा संरक्षण र सार्वाजनिक सेवा उपलब्ध गराई सामाजिक न्याय प्रदान गर्ने ।

**कार्यनीति**

१. विपन्न, सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजातिहरूलाई निःशूल्क औषधोपचार एवं अन्य चिकित्सा सेवा, विशेष मातृशिशु स्याहार, निःशूल्क गुणस्तरीय शिक्षा, पोषण तथा खाद्य सुरक्षा, सुरक्षित आवास, रोजगारी तथा पेशागत सुरक्षाहरू लगायत सम्पूर्ण सामाजिक सुरक्षाका लाभहरू तथा पेशागत रुपमा सम्बन्धित अन्य कुनै पनि लाभ उपलब्ध गराइनेछ ।

२. अपाङ्गता भएका सबै व्यक्तिलाई जीवन निर्वाह भत्ता र सहयोगी सुविधा दिइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. विशेष सामाजिक सुरक्षा कार्यक्रम: विपन्न, सीमान्तीकृत र लोपोन्मुख आदिवासी जनजातिका लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम ।

२. सामाजिक सुरक्षा योजनामा सहभागिता अभिवृद्धि: सामाजिक सुरक्षा योजना, सामाजिक बीमा योजना, प्रसूति सुविधा, विमारी लाभ योजना उपदानलगायतका सामाजिक सुरक्षा तथा संरक्षणमा आदिवासी जनजाति सहभागिता अभिवृद्धि ।

३. अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता तथा सहयोगी सुविधा ।

४. सामाजिक सुरक्षा सुविधा प्रवाहमा हुने सबै प्रकारको विभेद्को अन्त्यसहितको एकीकृत सामाजिक सुरक्षा प्याकेज ।

   **क.** सामाजिक सुरक्षा प्रवाहमा सुधार ।

   **ख.** एकीकृत सामाजिक सुरक्षा प्याकेज ।

**अपेक्षित उपलब्धि**

योजनाकालमा विपन्न, सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिका सबै सदस्य(नागरिक)हरू र अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा तथा संरक्षणको सेवा तथा सुविधा पाएका हुनेछन् र प्रारम्भीक स्तरको सामाजिक न्याय अनुभूति गरेका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| सामाजिक सुरक्षा तथा संरक्षण | १. विशेष सामाजिक सुरक्षा कार्यक्रमः विपन्न, सीमान्तीकृत र लोपोन्मुख आदिवासी जनजातिका लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | २. सामाजिक सुरक्षा योजनामा सहभागिता अभिवृद्धिः सामाजिक सुरक्षा योजना, सामाजिक बीमा योजना, प्रसूति सुविधा, विमारी लाभ योजना उपदानलगायतका सामाजिक सुरक्षा तथा संरक्षणमा आदिवासी जनजाति सहभागिता अभिवृद्धि । | ✓ | ✓ | ✓ |
| | ३. अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता तथा सहयोगी सुविधा । | ✓ | ✓ | ✓ |
| | ४. सामाजिक सुरक्षा सुविधा प्रवाहमा हुने सबै प्रकारको विभेद्को अन्त्यसहितको एकीकृत सामाजिक सुरक्षा प्याकेज । | ✓ | ✓ | ✓ |
| | **क.** सामाजिक सुरक्षा प्रवाहमा सुधार । | ✓ | ✓ | ✓ |
| | **ख.** एकीकृत सामाजिक सुरक्षा प्याकेज । | ✓ | ✓ | ✓ |

## घ. पूर्वाधार क्षेत्र

# आधुनिक पूर्वाधार

**रणनीति**

आदिवासी जनजातिको सघन बसोवास रहेको क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजनाहरू सञ्चालन गर्दा विकास प्रक्रियाका सबै चरणमा उनीहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

१. आदिवासी जनजाति विशेषको आफ्नो जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याणमा प्रभाव पार्ने तथा उनीहरूले प्रयोग गरेको भूमिमा सञ्चालन गरिने विकास प्रक्रियाका लागि प्राथमिकता निर्धारण गर्ने तथा आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने र प्रत्यक्ष रुपमा उनीहरूलाई प्रभाव पार्नसक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना तथा कार्यक्रमहरूको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा सहभागी हुने उनीहरूका स्व-निर्णित विकासको अधिकार प्रभावकारी रुपमा अभ्यास गर्ने परिपाटीको विकास गरिनेछ ।

२. आदिवासी जनजाति विशेषको सहयोगमा योजनाबद्ध विकासका काम कारवाहीहरूबाट उनीहरूलाई पर्ने सामाजिक, आध्यात्मिक, साँस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययनहरू सञ्चालन गरिनेछ । त्यस्ता अध्ययनका निष्कर्षहरूलाई कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि मुख्य आधारको रुपमा लिइनेछ ।

३. आदिवासी जनजातिका थातथलोका खुलास्थल, चउर, पर्ती जग्गा, बुट्यान क्षेत्र, सन्धिसर्पनजस्ता स्थलमा उनीहरूकै सल्लाह, सहभागिता, सहमति तथा मन्जुरीमा आधुनिक सुविधायुक्त उद्यान आदि निर्माण गरिनेछ ।

**प्रमुख कार्यक्रमहरूः**

१. आदिवासी जनजाति बहुलक्षेत्रको विकास योजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता ।

   **क.** विकास योजना तर्जूमा कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कानून, नियम, नीतिमा परिमार्जन ।

   **ख.** विकास कार्यक्रम/आयोजना तर्जूमा कार्यान्वयन र मूल्याङ्कनका विद्यमान, विधि, प्रक्रिया र अभ्यासहरूमा सुधार ।

२. आयोजना प्रभाव मूल्याङ्कन विकास आयोजनाहरूबाट आदिवासी जनजातिलाई पर्ने सामाजिक, आध्यात्मिक, साँस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा उनीहरूको सहभागिता सम्बन्धी नीतिगत व्यवस्था ।

३. आदिवासी जनजाति क्षेत्रमा उद्यान, खुला चउर तथा मनोरञ्जन स्थल/संरचनाहरूको निर्माण ।

**अपेक्षित उपलब्धि**

योजनाकालको अन्त्यसम्ममा आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पार्नसक्ने, असर पुऱ्याउने आधुनिक भौतिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन गर्दा सम्बन्धित आदिवासी जनजातिको सहमति लिइने परम्परा कानूनतः स्थापित भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| आधुनिक पूर्वाधार | १. आदिवासी जनजाति बहुलक्षेत्रको विकास योजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता । | ✓ | ✓ | ✓ |
| | **क.** विकास योजना तर्जूमा कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी कानून, नियम, नीतिमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख.** विकास कार्यक्रम/आयोजना तर्जूमा कार्यान्वयन र मूल्याङ्कनका विद्यमान, विधि, प्रक्रिया र अभ्यासहरूमा सुधार । | ✓ | ✓ | ✓ |
| | २. आयोजना प्रभाव मूल्याङ्कन विकास आयोजनाहरूबाट आदिवासी जनजातिलाई पर्ने सामाजिक, आध्यात्मिक, साँस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा उनीहरूको सहभागिता सम्बन्धी नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजाति क्षेत्रमा उद्यान, खुला चउर तथा मनोरञ्जन स्थल/संरचनाहरूको निर्माण । | ✓ | ✓ | ✓ |

# जलविद्युत

**उद्देश्य**

प्रत्येक घरमा जलविद्युत आपूर्ति सेवा सुनिश्चित गर्ने ।

**रणनीति**

आदिवासी जनजातिका लागि पनि जलविद्युत उत्पादन, प्रसारण र वितरण आयोजना तथा सेवा न्यायपूर्ण र उपयोगी बनाउने ।

**कार्यनीति**

१. जलविद्युत विकास, प्रसारण तथा वितरण आयोजनाको सर्वेक्षण र निर्माण प्रारम्भ गर्न अघि आयोजना क्षेत्रका आदिवासी जनजातिलगायत स्थानीय जनतासंग स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी लिने र पुग्ने क्षतिको क्षतिपूर्ति दिने एवं विस्थापित हुने भए उनीहरूको पुनर्वास गराउने व्यवस्था प्रभावकारी बनाइनेछ । साथै प्रभावित जनतालाई सम्बन्धित कम्पनीको शेयर तथा लाभांश दिने व्यवस्था पनि मिलाइनेछ ।

२. सबै आदिवासी जनजातिका घरघरमा विद्युतलाईन जडान गरी चौबीसै घण्टा विद्युत आपूर्ति गरिनेछ ।

३. विपन्न, सीमान्तीकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजाति घर परिवारलाई विद्युत महशूलमा ५० प्रतिशत छुट प्रदान गरिनेछ ।

**प्रमुख कार्यक्रमहरूः**

१. जलविद्युत विकास, प्रसारण तथा वितरण सम्बन्धी कानून तथा नीतिमा सुधार ।

२. आदिवासी जनजाति र स्थानीय जनतासंग स्वतन्त्र, पूर्व सुसूचित, मञ्जुरी लिने र क्षतिपूर्ति दिने सम्बन्धी कानून, नियम र विधि तर्जूमा एवं कार्यान्वयन ।

३. सबै आदिवासी जनजातिको घरघरमा विद्युतलाईन जडान र आपूर्ति ।

   **क.** विद्युत लाईन जडान ।

   **ख.** नियमित विद्युत आपूर्ति ।

   **ग.** आदिवासी जनजाति परिवारलाई निःशूल्क विद्युत मिटर वितरण ।

४. विपन्न, सीमान्तीकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजाति घरपरिवारलाई विद्युत महशूलमा छुट सम्बन्धी कानून निर्माण र कार्यान्वयन ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा आयोजना स्थलका आदिवासी जनजाति र स्थानीय जनतालाई सामाजिक न्याय दिलाउने गरी विद्युत विकास र प्रसारण तथा वितरण आयोजना सञ्चालन भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| जलविद्युत | १. जलविद्युत विकास, प्रसारण तथा वितरण सम्बन्धी कानून तथा नीतिमा सुधार । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजाति र स्थानीय जनतासंग स्वतन्त्र, पूर्व सुसूचित, मञ्जुरी लिने र क्षतिपूर्ति दिने सम्बन्धी कानून, नियम र विधि तर्जूमा एवं कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | ३. सबै आदिवासी जनजातिको घरघरमा विद्युतलाईन जडान र आपूर्ति । | ✓ | ✓ | ✓ |
| | **क.** विद्युत लाईन जडान । | ✓ | ✓ | ✓ |
| | **ख.** नियमित विद्युत आपूर्ति । | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी जनजाति परिवारलाई निःशूल्क विद्युत मिटर वितरण । | ✓ | ✓ | ✓ |
| | ४. विपन्न, सीमान्तीकृत, अल्पसंख्यक तथा लोपोन्मुख आदिवासी जनजाति घरपरिवारलाई विद्युत महशूलमा छुट सम्बन्धी कानून निर्माण र कार्यान्वयन । | ✓ | ✓ | ✓ |

# यातायात पूर्वाधार सडक

**रणनीति**

१. जनताको घर-घडेरी, धार्मिक, पुरातात्विक, साँस्कृतिकस्थल एवं ऐतिहासिकस्थल र सम्पदामा क्षति नपुग्ने गरी सडक यातायात पूर्वाधार निर्माण तथा विस्तार गर्ने ।

२. अति दूर्गम र विकट क्षेत्रलाई सुरक्षित यातायात सुविधालगायत विकासका आधुनिक पूर्वाधारबाट जोड्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिको जग्गा जमीन, घर, वस्ती र आध्यात्मिक, साँस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक सम्पदा विनाश वा क्षति हुनेगरी सडक निर्माणलगायतका कुनै यातायात पूर्वाधार निर्माण गरिने छैन र निर्माण नगरी नहुने अवस्था सृजना भए उपयुक्त समाधानका लागि सम्बन्धित आदिवासी जनजातिसंग स्वतन्त्र, पूर्व सुसूचित मन्जूरी लिएर मात्र कारवाही अघि बढाइने छ ।

२. भौगोलिक रुपले अति विकट र दूर्गम क्षेत्रमा प्राथमिकताका साथ सुरक्षित सडक सन्जाल विस्तार गरी त्यहाँको वासिन्दालाई आधुनिक र सुरक्षित यातायात सेवा उपलब्ध गराइने छ ।

३. राजमार्ग, लोकमार्ग र महत्वपूर्ण सडकहरूको नामाकरण गर्दा आदिवासी जनजातिको ऐतिहासिक, साहित्यिक व्यक्तित्व, शहीदहरूको नामबाट समेत समन्यायिक ढंगले नामाकरण गरिनेछ ।

४. पुराना बाटाघाटा, मार्गहरूको पुराना नाम सम्बन्धित क्षेत्रका आदिवासी जनजातिहरूको सल्लाह र सहमतिमा पुनर्स्थापना गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. यातायात पूर्वाधार निर्माण नीतिमा सुधार ।

क. आदिवासी जनजातिको घर, पुरातात्विक एवं साँस्कृतिक सम्पदाको विनाश नहुनेगरी यातायात पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन विनाश नहुने ।

ख. आदिवासी जग्गा तथा वस्तीमा सडक पूर्वाधार निर्माण गर्दा सम्बन्धितसंग स्वतन्त्र, पूर्व, सुसूचित मन्जुरी लिएर मात्र गर्ने नीतिगत व्यवस्था ।

ग. आदिवासी जनजाति क्षेत्रको पूर्वाधार निर्माण गर्दा आदिवासी निर्माण व्यवसायीको संस्थामार्फत निर्माण कार्य गर्ने गराउने व्यवस्था सम्बन्धी कानून निर्माण तथा कार्यान्वयन ।

२. अति विकट र दूर्गम क्षेत्रमा सुरक्षित सडक सञ्जाल विस्तार ।

क. अति विकट दूर्गम क्षेत्रको पहिचान र सडक संभाव्यता अध्ययन ।

ख. सुरक्षित आधारभूत सडक सञ्चालन योजना तर्जूमा (तिनै तहको पहलमा) ।

ग. विकट क्षेत्रमा सडक सञ्जाल विस्तारको लागि प्रदेश र स्थानीय तहलाई विशेष सहयोग ।

३. नालापानी युद्धका भाइस कमाण्डर, युद्धनायक, ऐतिहासिक महापुरुष, महान देशभक्त नाथु दनुवारको नामबाट हुलाकी राजमार्गको नामकरण ।

४. प्रमुख सडक मार्गहरू देशको साँस्कृतिक विविधता अनुकूल नामाकरण गर्ने नीति अवलम्बन ।
५. पुराना बाटाघाटा एवं मार्गहरूको पुरानै नाम पुनर्स्थापना सम्बन्धी नीति अवलम्बन ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा सडक निर्माण तथा विस्तार प्रक्रिया आदिवासी जनजातिमैत्री भएका हुनेछन् । अति दूर्गम र विकट क्षेत्र यातायात सञ्चालमा जोडिएका हुनेछन् र सुरक्षित यातायात सर्वसुलभ (१५ मिनेटको पैदल हिडाईमा प्राप्त) भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| यातायात पूर्वाधार सडक | १. यातायात पूर्वाधार निर्माण नीतिमा सुधार । | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी जनजातिको घर, पुरातात्विक एवं साँस्कृतिक सम्पदाको विनाश नहुनेगरी यातायात पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन विनाश नहुने । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जग्गा तथा वस्तीमा सडक पूर्वाधार निर्माण गर्दा सम्वन्धितसंग स्वतन्त्र, पूर्व, सुसूचित मन्जुरी लिएर मात्र गर्ने नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी जनजाति क्षेत्रको पूर्वाधार निर्माण गर्दा आदिवासी निर्माण व्यवसायीको संस्थामार्फत निर्माण कार्य गर्ने गराउने व्यवस्था सम्बन्धी कानून निर्माण तथा कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | २. अति विकट र दूर्गम क्षेत्रमा सुरक्षित सडक सञ्जाल विस्तार । | ✓ | ✓ | ✓ |
| | **क.** अति विकट दुर्गम क्षेत्रको पहिचान र सडक संभाव्यता अध्ययन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ख.** सुरक्षित आधारभूत सडक सञ्चालन योजना तर्जूमा (तीनै तहको पहलमा) । | ✓ | ✓ | ✓ |
| | **ग.** विकट क्षेत्रमा सडक सञ्जाल विस्तारको लागि प्रदेश र स्थानीय तहलाई विशेष सहयोग । | ✓ | ✓ | ✓ |
| | ३. नालापानी युद्धका भाइस कमाण्डर, युद्धनायक, ऐतिहासिक महापुरुष, महान देशभक्त नाथु दनुवारको नामबाट हुलाकी राजमार्गको नामकरण । | ✓ | ✓ | ✓ |
| | ४. प्रमुख सडक मार्गहरू देशको साँस्कृतिक विविधता अनुकूल नामाकरण गर्ने नीति अवलम्बन । | ✓ | ✓ | ✓ |
| | ५. पुराना बाटाघाटा एवं मार्गहरूको पुरानै नाम पुनर्स्थापन सम्बन्धी नीति अवलम्बन । | ✓ | ✓ | ✓ |

# सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

**पृष्ठभूमि**

सूचना तथा सञ्चारमा आदिवासी जनजातिको पहुँच सीमित छ। ईन्टरनेट प्रयोगकर्ता आदिवासी जनजातिको अनुपात अत्यन्त सानो छ। यस्तो स्थितिको कारण पनि उनीहरको सरकारी सेवा र अवसरमा पहुँच सीमित छ।[3]

**राष्ट्रिय उद्देश्य**

१. सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्नु।

२. सञ्चार तथा सूचना प्रविधिमा पहुँच बढाएर सुसूचित तथा सभ्य आदिवासी जनजातिको संख्या वृद्धि गर्नु।

**रणनीति**

१. दुरसञ्चार एवं ब्रोडव्याण्ड सेवाको पहुँच देशभर पुऱ्याउने।

२. सञ्चार तथा सूचना प्रविधिमा आदिवासी जनजातिको पहुँच वृद्धि गर्ने।

३. चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रुपमा विकास तथा प्रवर्द्धन गर्ने।

**कार्यनीति**

१. सरकारी सञ्चार माध्यममा उचित मात्रामा आदिवासी जनजातिका भावना तथा वैचारिक, साँस्कृतिक विविधता प्रतिविम्बित होस् भन्ने कुरा सुनिश्चित गर्न प्रभावकारी उपाय अवलम्बन गरिनेछ। बिना पूर्वाग्रह आदिवासी साँस्कृतिक विविधतालाई पर्याप्त मात्रामा प्रतिविम्बित गर्न निजी स्वामित्वमा रहेका सञ्चार माध्यमलाई समेत प्रोत्साहित गरिनेछ।

२. प्रसारणको एक तिहाई समय आदिवासी जनजातिको मातृभाषामा सूचना, शिक्षा र मनोरञ्जनका कार्यक्रम प्रसारण/सम्प्रेषण गर्ने आम सञ्चार माध्यमलाई प्रोत्साहन स्वरुप उपयुक्त सहयोग उपलब्ध गराइनेछ।

३. ईन्टरनेटलगायत सूचना तथा सञ्चारप्रविधिमा आदिवासी जनजाति परिवार एवं महिलाको पहुँच वृद्धि गरिनेछ।

४. आदिवासी जनजातिहरूको चेतना अभिवृद्धिका लागि मातृभाषा वा उपयुक्त भाषामा फिल्म, डकुमेन्ट्री आदि श्रव्यदृश्य सामग्री वा सूचना तथा शैक्षिक सामग्रीलगायतको उत्पादन तथा वितरण कार्यलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

५. आदिवासी फिल्म महोत्सव आयोजनालाई प्रोत्साहन स्वरुप नियमित रुपमा भौतिक एवं वित्तीय सहयोग उपलब्ध गराइनेछ।

---

[3] Nepal Governance Survey 2017/18

**प्रमुख कार्यक्रमहरूः**

१. सरकारी सञ्चार माध्यमको सञ्चार/प्रसारण नीति र कार्यक्रम सुधार ।

**क.** सरकारी सञ्चार माध्यमको सञ्चार/प्रसारण नीति देशको साँस्कृतिक विविधता एवं विशेषता अनुकूल परिमार्जन ।

**ख.** सरकारी सञ्चार माध्यमको प्रसारण/प्रकाशन विषयवस्तु, समय र कार्यक्रमका सुधार ।

**ग.** आदिवासी जनजातिको संस्कृति, स्थिति, समस्या, सरोकार र विचारको प्रसारण, प्रकाशन, सम्प्रेषण समय र माध्यममा विस्तार ।

**घ.** आदिवासी जनजातिको संस्कृति, स्थिति, समस्या सरोकार र विचारको प्रसारण, सम्प्रेषण समय र माध्यममा विस्तार ।

**ङ.** यथार्थ, तथ्यपरक पक्षपातरहित, तटस्थ वा दलीय आग्रहमूक्त लोकहितकारी सूचना, जानकारी वा विचार सम्प्रेषण/प्रचार-प्रसार ।

२. आदिवासी जनजातिको मातृभाषा शिक्षा, सूचना र मनोरञ्जन कार्यक्रम प्रसारण/सम्प्रेषण गर्ने सञ्चार माध्यमलाई प्रोत्साहन ।

**क.** सरकारी सञ्चार माध्यमलाई प्रोत्साहन ।

**ख.** आदिवासी निजी सञ्चार माध्यमलाई विशेष सहयोग ।

**ग.** अपवादलाई मूल मुद्दा बनाएर समावेशीकरणलाई नकारात्मक चित्रण गर्ने प्रवृत्तिमा नियन्त्रण ।

३. आदिवासी जनजातिको ईन्टरनेट पहुँचमा वृद्धि योजना ।

**क.** डिजिटल प्रविधिको सुदृढीकरण र ईन्टरनेट सेवा विस्तार ।

**ख.** आदिवासी जनजाति परिवारलाई ईन्टरनेट उपयोग सम्बन्धी जानकारी प्रदान ।

४. आदिवासी जनजातिको चेतना अभिवृद्धिका लागि मातृभाषा वा अन्य उपयुक्त भाषामा श्रव्य, दृश्य तथा मुद्रण सामग्री उत्पादन तथा प्रसारण ।

५. आदिवासी फिल्म उत्पादन, प्रदर्शन र महोत्सव आयोजनालाई प्राविधिक एवं भौतिक सहयोग तथा पूँजीगत अनुदान ।

६. निम्न प्रयोजनका लागि संघीय सञ्चार आयोग गठनः

**क.** सञ्चारमा पहुँचहीनहरूको पहुँच बढाउने गरी विद्युत-चुम्बकीय फ्रिक्वेन्सी जस्ता अनुपम माध्यमको लाईसेन्सको न्यायपूर्ण वितरण तथा माध्यमहरूको नियमन ।

**ख.** वायुतरङ (airwaves) मा विविधता र समावेशिता अभिवृद्धि ।

**ग.** कार्यक्रम निर्माण/विकासद्वारा विविधता तथा समावेशिता प्रवर्द्धन, साधनहीन तथा शक्तिहीनहरूको सशक्तीकरण ।

**घ.** सञ्चार सम्लग्न, सम्पादक तथा रिपोर्टहरू मुलुकको विविधता प्रतिनिधित्व हुने गरी व्यवस्थापन ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा मुलुकको सञ्चार माध्यममा आदिवासी जनजातिहरूको संस्कृति र विचार तथा मातृभाषाका सामग्री प्रकाशन तथा प्रसारणमा दुई गुणाले वृद्धि भएको हुनेछ। ईन्टरनेट प्रयोगकर्ता आदिवासी जनजाति परिवारको संख्या हालको अनुपात (पहाडी ७.२% र तराई ०.७%) मा चार गुणाले वृद्धि भएको हुनेछ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | १. सरकारी सञ्चार माध्यमको सञ्चार/प्रसारण नीति र कार्यक्रम सुधार। | ✓ | ✓ | ✓ |
| | **क.** सरकारी सञ्चार माध्यमको सञ्चार/प्रसारण नीति देशको साँस्कृतिक विविधता एवं विशेषता अनुकूल परिमार्जन। | ✓ | ✓ | ✓ |
| | **ख.** सरकारी सञ्चार माध्यमको प्रसारण/प्रकाशन विषयवस्तु, समय र कार्यक्रमका सुधार। | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी जनजातिको संस्कृति, स्थिति, समस्या, सरोकार र विचारको प्रसारण, प्रकाशन, सम्प्रेषण समय र माध्यममा विस्तार। | ✓ | ✓ | ✓ |
| | **घ.** आदिवासी जनजातिको संस्कृति, स्थिति, समस्या सरोकार र विचारको प्रसारण, सम्प्रेषण समय र माध्यममा विस्तार। | ✓ | ✓ | ✓ |
| | **ङ.** यथार्थ, तथ्यपरक पक्षपातरहित, तटस्थ वा दलीय आग्रहमूक्त लोकहितकारी सूचना, जानकारी वा विचार सम्प्रेषण/प्रचार-प्रसार। | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिको मातृभाषा शिक्षा, सूचना र मनोरञ्जन कार्यक्रम प्रसारण/सम्प्रेषण गर्ने सञ्चार माध्यमलाई प्रोत्साहन। | ✓ | ✓ | ✓ |
| | **क.** सरकारी सञ्चार माध्यमलाई प्रोत्साहन। | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ख.** आदिवासी निजी सञ्चार माध्यमलाई विशेष सहयोग। | ✓ | ✓ | ✓ |
| | **ग.** अपवादलाई मूल मुद्दा बनाएर समावेशीकरणलाई नकारात्मक चित्रण गर्ने प्रवृत्तिमा नियन्त्रण। | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिको ईन्टरनेट पहुँचमा वृद्धि योजना। | ✓ | ✓ | ✓ |
| | **क.** डिजिटल प्रविधिको सुदृढीकरण र ईन्टरनेट सेवा विस्तार। | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजाति परिवारलाई ईन्टरनेट उपयोग सम्बन्धी जानकारी प्रदान। | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजातिको चेतना अभिवृद्धिका लागि मातृभाषा वा अन्य उपयुक्त भाषामा श्रव्य, दृश्य तथा मुद्रण सामग्री उत्पादन तथा प्रसारण। | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी फिल्म उत्पादन, प्रदर्शन र महोत्सव आयोजनालाई प्राविधिक एवं भौतिक सहयोग तथा पूँजीगत अनुदान। | ✓ | ✓ | ✓ |
| | ६. निम्न प्रयोजनका लागि संघीय सञ्चार आयोग गठन: | ✓ | ✓ | ✓ |
| | **क.** सञ्चारमा पहुँचहीनहरूको पहुँच बढाउने गरी विद्युत-चुम्बकीय फ्रिक्वेन्सी जस्ता अनुपम माध्यमको लाईसेन्सको न्यायपूर्ण वितरण तथा माध्यमहरूको नियमन। | ✓ | ✓ | ✓ |
| | **ख.** वायुतरङ (airwaves) मा विविधता र समावेशिता अभिवृद्धि। | ✓ | ✓ | ✓ |
| | **ग.** कार्यक्रम निर्माण/विकासद्वारा विविधता तथा समावेशिता प्रवर्द्धन, साधनहीन तथा शक्तिहीनहरूको सशक्तीकरण। | ✓ | ✓ | ✓ |
| | **घ.** सञ्चार सम्लग्न, सम्पादक तथा रिपोर्टहरू मुलुकको विविधता प्रतिनिधित्व हुने गरी व्यवस्थापन। | ✓ | ✓ | ✓ |

# ग्रामीण विकास

## पृष्ठभूमि

एक आधिकारिक सर्वेक्षण अनुसार स्थानीय विकास योजना गतिविधि र छलफलमा ३० प्रतिशत पहाडे आदिवासी जनजाति र २४ प्रतिशत तराई आदिवासी जनजातिको मात्र सहभागिता हुने गरेको छ। त्यसरी ४४.२ प्रतिशत पहाडे आदिवासी जनजाति र ५३.२ प्रतिशत तराई आदिवासी जनजातिले भने कहिल्यै वार्ड वा गाउँ स्तरीय बैठकमा भाग लिएका छैनन्। त्यस्तै स्थानीय स्तरको योजना तथा बजेट निर्माण बैठकमा भने ७०.१ प्रतिशत पहाडे आदिवासी जनजाति र ७४.६ प्रतिशत तराई आदिवासी जनजातिले कहिल्यै भाग लिन पाएका छैनन्। यसैगरी ३४.६ प्रतिशत पहाडे आदिवासी जनजाति र ४१ प्रतिशत तराई आदिवासी जनजातिले सार्वजनिक सुनुवाई भन्ने सुनेकै/देखेकै छैनन् भने ४३.६ प्रतिशत पहाडे आदिवासी जनजाति र ४९.६ प्रतिशत तराई आदिवासी जनजातिले सामाजिक लेखा-परिक्षण भन्ने सुनेका/देखेका छैनन् र १८.३ पहाडे आदिवासी जनजाति र २३.९ प्रतिशत तराई आदिवासी जनजातिले त उपभोक्ता समिति पनि सुनेका/देखेका छैनन्।[4]

## उद्देश्य

ग्रामीण जीवनलाई सरल, सहज र उत्पादनमूलक बनाउने।

## रणनीति

ग्रामीण विकासका क्रियाकलापहरू विपन्न, उपेक्षित, सीमान्तकृत जनताको सशक्तीकरण उन्मुख बनाई आधुनिक पूर्वाधार सबैका लागि सुलभ बनाउने।

## कार्यनीति

१. आदिवासी जनजातिको जीवन, संस्कृति, आध्यात्मिकता, ऐतिहासिक धरोहर र आजीविकामा असर पुग्ने कुनै पनि ग्रामीण विकास आयोजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन गर्दा सम्बन्धित आदिवासी जनजातिको विना दवावको सहमति र स्वैच्छिक एवं सक्रिय सहभागिता सुनिश्चित गरिने छ।

२. ग्रामीण (वडा) स्तरमा आयोजना गरिने, सार्वजनिक एवं विकास सरोकारका विषयमा छलफल गर्दा तथा निर्णय लिंदा, सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा-परिक्षण गर्दा आदिवासी जनजातिको पर्याप्त एवं अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

३. सबै प्रकारको उपभोक्ता समूह वा समिति, विद्यालय सञ्चालक समितिलगायतका समूह, समिति वा मञ्च र केन्द्रहरूमा सम्बन्धित क्षेत्रका आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गरिनेछ।

---

4 Nepal Governance Survey 2017/18

४. प्रदेश तथा स्थानीय सरकारहरूले गरिबी निवारण, मानव प्रतिष्ठा अभिवृद्धि, साँस्कृतिक उन्नयन र सर्वसुलभ आधुनिक पूर्वाधार विकासका लागि सडक निर्माण, स्वच्छ खानेपानी आपूर्ति, शिक्षा तथा स्वास्थ्य सेवामा सुधार, भाषा तथा लिपि विकास र बहुभाषिक शिक्षा कार्यान्वयन, साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन, विद्युत आपूर्ति, वातावरण संरक्षण र सामाजिक सुरक्षालाई उच्च प्राथामिकता दिएर कार्यान्वयनमा ल्याइनेछ ।

५. प्रत्येक चौमासिकको अन्त्यमा सामाजिक लेखा-परिक्षण नियमित रुपमा गरिनेछ र त्यसलाई राजनैतिक प्रभाव वा हस्तक्षेपबाट मूक्त राख्दै सो लेखा-परिक्षणमा लाभग्राही परिवारको सूची तथा लाभको परिमाण (राशी) समेत सार्वजनिक गर्ने परिपाटी सुदृढ गरिनेछ ।

६. स्थानीय जनताको सहज जानकारीका लागि स्थानीय तहका सबै कार्यालयहरूका साइनबोर्डहरू स्थानीय भाषा र सो लिपिमा समेत लेख्ने व्यवस्था गरिनेछ ।

**प्रमुख कार्यक्रमहरूः**

१. विपन्न आदिवासी जनजाति तथा अन्य समुदाय, महिला, अपाङ्गता भएका व्यक्ति केन्द्रित ग्रामीण विकास आयोजना ।

   **क.** सडक, खानेपानी, शैक्षिक भवन, विद्युत आपूर्तिलगायत पूर्वाधार विकास आयोजना ।

   **ख.** पर्यटन विकासलगायत रोजगारमूलक/आयमूलक कार्यक्रम ।

   **ग.** ग्रामीण पूर्वाधार निर्माण आयोजनाहरूको निर्माण सम्बन्धी ठेक्कापट्टा, स्थानीय आदिवासी हकदार कम्पनीलाई दिन सकिने कानूनी व्यवस्था ।

   **घ.** बहुभाषिक शिक्षा कार्यान्वयन ।

२. ग्रामीण विकास कार्यक्रम/आयोजनाको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता ।

   **क.** कानून, नियम र विधि निर्माण र कार्यान्वयन ।

   **ख.** प्रभावकारी सहभागिता सम्बन्धी प्रशिक्षण ।

३. ग्रामीण सेवा प्रवाहको सुदृढीकरण ।

   **क.** ग्रामीण सेवालाई पारदर्शी, भेद्भावरहित, सेवाग्राहीप्रति सम्वेदनशील र जन-उत्तरदायी बनाउन कानून, नियम र अभ्यासमा सुधार ।

   **ख.** सेवा प्रदायक संस्थाहरूको साईनबोर्ड र सूचनाहरू स्थानीय भाषामा दिने विशेष व्यवस्था ।

   **ग.** उपभोक्ता समूह/समिति तथा अन्य समिति तथा सरोकार समूहमा आदिवासी जनजाति र बञ्चितीकरणमा परेका समुदायको सहभागिताको व्यवस्था ।

   **घ.** स्थानीय सेवा प्रदायकहरूलाई प्रशिक्षण ।

४. गरिबी निवारण, मानव प्रतिष्ठा अभिवृद्धि तथा साँस्कृतिक उन्नयन सम्बन्धी कार्यक्रम ।

   **क.** संरचनागत असमानता तथा चरम गरिबी निवारण सम्बन्धी आवश्यकतामा आधारित कार्यक्रम ।

**ख.** परम्परागत रुपमा बहिष्कृत समुदायलक्षित मानव प्रतिष्ठा अभिवृद्धि कार्यक्रम ।

**ग.** भाषा, लिपि, संस्कृति विकास तथा साँस्कृतिक सम्पदा (मूर्त तथा अमूर्त)को संरक्षण तथा सम्वर्द्धन ।

५. नियमित सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परिक्षण र लाभग्राहीको सूची तथा लाभको परिणाम सार्वजनिक गर्ने परिपाटीको विकास ।

६. ग्रामीण सेवा तथा विकास संस्थाहरूमा आदिवासी जनजातिहरूको सहभागिता प्रतिनिधित्व अभिवृद्धि ।

७. आदिवासी जनजाति नागरिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम ।

**क.** बहुप्रविधि तालीम संस्थाहरूको स्थापना र विकास ।

**ख.** घुम्ती व्यावसायिक तालीम कार्यक्रम आयोजना ।

**ग.** प्रशिक्षार्थी विशेष सहयोग कार्यक्रम ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा ग्रामीण विकासको उद्देश्य, संयन्त्र र प्रक्रियाहरू विपन्न, उपेक्षित र अल्पसंख्यक, सीमान्तीकृत जाति तथा समूह र लोपोन्मुख आदिवासी जनजातिप्रति सम्वेदनशील, समन्यायिक र उत्तरदायी बनेका हुनेछन् र विकासको प्रतिफलमा उनीहरूको हिस्सा अर्थपूर्ण रुपमा बढेको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| ग्रामीण विकास | १. विपन्न आदिवासी जनजाति तथा अन्य समुदाय, महिला, अपाङ्गता भएका व्यक्ति केन्द्रित ग्रामीण विकास आयोजना । | ✓ | ✓ | ✓ |
| | **क.** सडक, खानेपानी, शैक्षिक भवन, विद्युत आपूर्तिलगायत पूर्वाधार विकास आयोजना । | ✓ | ✓ | ✓ |
| | **ख.** पर्यटन विकासलगायत रोजगारमूलक/आयमूलक कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ग.** ग्रामीण पूर्वाधार निर्माण आयोजनाहरूको निर्माण सम्बन्धी ठेक्कापट्टा, स्थानीय आदिवासी हकदार कम्पनीलाई दिन सकिने कानूनी व्यवस्था । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | २. ग्रामीण विकास कार्यक्रम/आयोजनाको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता । | ✓ | ✓ | ✓ |
| | **क.** कानून, नियम र विधि निर्माण र कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **ख.** प्रभावकारी सहभागिता सम्बन्धी प्रशिक्षण । | ✓ | ✓ | ✓ |
| | ३. ग्रामीण सेवा प्रवाहको सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** ग्रामीण सेवालाई पारदर्शी, भेद्भावरहित, सेवाग्राहीप्रति सम्वेदनशील र जन-उत्तरदायी बनाउन कानून, नियम र अभ्यासमा सुधार । | ✓ | ✓ | ✓ |
| | **ख.** सेवा प्रदायक संस्थाहरूको साईनबोर्ड र सूचनाहरू स्थानीय भाषामा दिने विशेष व्यवस्था । | | ✓ | ✓ |
| | **ग.** उपभोक्ता समूह/समिति तथा अन्य समिति तथा सरोकार समूहमा आदिवासी जनजाति र बञ्चितीकरणमा परेका समुदायको सहभागिताको व्यवस्था । | | ✓ | ✓ |
| | **घ.** स्थानीय सेवा प्रदायकहरूलाई प्रशिक्षण । | | ✓ | ✓ |
| | ४. गरिबी निवारण, मानव प्रतिष्ठा अभिवृद्धि तथा साँस्कृतिक उन्नयन सम्बन्धी कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** संरचनागत असमानता तथा चरम गरिबी निवारण सम्बन्धी आवश्यकतामा आधारित कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख.** परम्परागत रुपमा बहिष्कृत समुदाय लक्षित मानव प्रतिष्ठा अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ग.** भाषा, लिपि, संस्कृति विकास तथा साँस्कृतिक सम्पदा (मूर्त तथा अमूर्त)को संरक्षण तथा सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | ५. नियमित सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परिक्षण र लाभग्राहीको सूची तथा लाभको परिणाम सार्वजनिक गर्ने परिपाटीको विकास । | ✓ | ✓ | ✓ |
| | ६. ग्रामीण सेवा तथा विकास संस्थाहरूमा आदिवासी जनजातिहरूको सहभागिता प्रतिनिधित्व अभिवृद्धि । | ✓ | ✓ | ✓ |
| | ७. आदिवासी जनजाति नागरिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** बहुप्रविधि तालीम संस्थाहरूको स्थापना र विकास । | ✓ | ✓ | ✓ |
| | **ख.** घुम्ती व्यावसायिक तालीम कार्यक्रम आयोजना । | ✓ | ✓ | ✓ |
| | **ग.** प्रशिक्षार्थी विशेष सहयोग कार्यक्रम | ✓ | ✓ | ✓ |
| | **घ.** बहुभाषिक शिक्षा कार्यान्वयन । | ✓ | ✓ | ✓ |

# आवास तथा वस्ती विकास

**उद्देश्य**

सबै आय वर्गका निम्ति उपयुक्त, सुरक्षित र वातावरणमैत्री, सुलभ, उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गर्ने ।

**रणनीति**

कमजोर आर्थिक अवस्थामा रहेका दलित, मुसलमान, लोपोन्मुख र सीमान्तकृत जनजाति तथा समुदाय तथा विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने ।

**कार्यनीति**

१. विपन्न, जोखिममा रहेका र सीमान्तीकृत, लोपोन्मुख तथा अपाङ्गता भएका आदिवासी जनजाति परिवारलाई सुरक्षित, वातावरण तथा संस्कृतिमैत्री आवास सुविधाको व्यवस्था गरिनेछ ।

२. भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपबाट पीडित, घरबारविहीन एवं सुरक्षित आवास नभएका आदिवासी जनजाति परिवारका निमित्त उनीहरूको साँस्कृतिक सम्पदा र मान्यता अनुकूल सुरक्षित घर र आवास निर्माण गरी वस्ती विकास गरिने छ ।

**प्रमुख कार्यक्रमहरू:**

१. विपन्न, जोखिममा रहेका सीमान्तीकृत र लोपोन्मुख आदिवासी जनजातिका लागि संस्कृतिमैत्री सुरक्षित आवास निर्माण आयोजना ।

२. वस्ती विकास नीति र योजनामा परिमार्जन ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्मामा विपन्न प्राकृतिक प्रकोपबाट पीडित सीमान्तीकृत, अल्पसंख्यक, लोपोन्मुख तथा अपाङ्गता भएका आदिवासी जनजाति परिवारको पूर्ण पहिचान भई उनीहरू सबैले सुरक्षित, वातावरण तथा संस्कृतिमैत्री आवास पाएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| आवास तथा वस्ती विकास | १. विपन्न, जोखिममा रहेका सीमान्तीकृत र लोपोन्मुख आदिवासी जनजातिका लागि संस्कृतिमैत्री सुरक्षित आवास निर्माण आयोजना । | ✓ | ✓ | ✓ |
| | २. वस्ती विकास नीति र योजनामा परिमार्जन । | ✓ | ✓ | ✓ |

# पुनर्निर्माण

**उद्देश्य**

निजी आवास एवं सार्वजनिक भौतिक संरचनाको पुनर्निर्माण गर्ने ।

**रणनीति**

निजी आवास एवं सार्वजनिक भौतिक संरचनाको भूकम्प प्रतिरोधी हुनेगरी पुन:निर्माण र सुधार गर्ने ।

**कार्यनीति**

१. भूकम्पद्वारा क्षतिपुगेका गुम्बालगायतका आदिवासी जनजातिहरूका धार्मिक तथा साँस्कृतिक सम्पदाका भवनहरू तथा कलात्मक वस्तुहरूको पुनर्निर्माण कार्य सम्पन्न गरिनेछ ।

२. जोखिमपूर्ण अवस्थाको भूकम्प प्रभावित स्रोतसाधनविहीन आदिवासी जनजाति एकल महिला र अपाङ्गता भएका व्यक्तिको परिवारका लागि प्राथमिकताका साथ सुरक्षित संस्कृतिमैत्री आवास निर्माण गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. क्षतिग्रस्त गुम्बा पुनर्निर्माण ।

२. आदिवासी जनजातिका क्षतिग्रस्त धार्मिक एवं साँस्कृतिक सम्पदा (भौतक संरचना) जिर्णोद्धार तथा पुनर्निर्माण ।

३. सुरक्षित संस्कृतिमैत्री भवन तथा सम्वद्ध भौतिक संरचना निर्माण ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा भूकम्पबाट क्षतिग्रस्त सबै गुम्बाहरूलगायत अन्य साँस्कृतिक सम्पदाको पुनर्निर्माण तथा जिर्णोद्धार भएको हुनेछ र सबै आदिवासी जनजाति एकल महिला र अपाङ्गता भएको व्यक्तिको परिवारका लागि सुरक्षित, संस्कृतिमैत्री आवास निर्माण भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| पुनर्निर्माण | १. क्षतिग्रस्त गुम्बा पुनर्निर्माण । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिका क्षतिग्रस्त धार्मिक एवं साँस्कृतिक सम्पदा (भौतक संरचना) जिर्णोद्धार तथा पुनर्निर्माण । | ✓ | ✓ | ✓ |
| | ३. सुरक्षित संस्कृतिमैत्री भवन तथा सम्वद्ध भौतिक संरचना निर्माण । | ✓ | ✓ | ✓ |

ङ. लोकतन्त्र र सुशासन

## राष्ट्रिय एकता र सम्मान

**राष्ट्रिय उद्देश्य**

राष्ट्रिय एकताका लागि आदिवासी जनजातिको पहिचानको सम्मान गर्ने ।

**रणनीति**

आदिवासी जनजाति र अन्य स्थापित समूहबीचको शक्ति सम्बन्धलाई समान र सम्मानपूर्ण बनाई राष्ट्रिय एकता सुदृढ गर्ने ।

**कार्यनीति**

१. राज्यका स्रोतसाधन र अवसरहरूको समन्यायिक वितरण, समानतामुखी राज्य कारवाही, न्यायपूर्ण प्रणाली, विविध पहिचानको कदर र सम्मान, बहुआयामिक समावेशीकरण र सर्वसुलभ न्यायद्वारा आमजनताको भावनात्मक एकता स्थापित गरिने छ ।

२. आदिवासी जनजातिहरूको साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान, प्रविधि, संस्कृति, मानव तथा आनुवंशीक संसाधन, बीऊबिजन, औषधि, प्रथा, भाषा, साहित्य, कला, परम्परागत खेल तथा दृश्य एवं प्रस्तुति कलाहरूलाई संरक्षण, सम्वर्द्धन तथा विकास गरिने छ र उनीहरूको यस्ता साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्तिहरूमाथिको आफ्नो बौद्धिक सम्पत्तिको हक संरक्षण गरी अन्तर साँस्कृतिक समझदारी अभिवृद्धि गरिनेछ ।

३. नेपालका विभिन्न जातजाति, समूह वा समुदायहरूबीचको असमान शक्ति सम्बन्धमा सुधार ल्याउदै नयाँ समान शक्ति सम्बन्धको विकासद्वारा सामाजिक सद्भाव र ऐक्यवद्धताको वृद्धि गरिनेछ ।

४. आदिवासी जनजातिका संस्था, सम्पत्ति, श्रम, भाषा, चाड, उत्सव र वातावरण तथा व्यक्तिहरूको सुरक्षाको लागि उपयुक्ततानुसार विशेष उपायहरू अवलम्बन गरी विविधतामा एकता प्रवर्द्धन गरिनेछ ।

५. आदिवासी जनजातिका सम्बन्धमा राख्नसक्ने पूर्वाग्रहहरू उन्मूलन गर्ने उद्देश्यले शैक्षिक उपायहरू अपनाइने छ । इतिहास र सामाजिक शिक्षाका पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरूले उनीहरूका समाज तथा संस्कृतिहरूको स्वच्छ, यथार्थपरक र जानकारीमूलक विवरण उपलब्ध गराइएको सुनिश्चित गरी अन्तर्जातीय सद्भाव अभिवृद्धि गरिनेछ ।

६. राष्ट्रिय एकतामा बाधा पुर्‍याउने राज्य र समाजका कानून, नीति र व्यवहार पहिचान गरी तिनमा अविलम्ब संशोधन गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू**

१. आमजनताबीच भावनात्मक एकता स्थापना र प्रवर्द्धन ।

**क.** सञ्चार माध्यमबाट नेपालको जातीय, भाषिक, साँस्कृतिक, धार्मिक, लैंगिक तथा क्षेत्रीय विविधता प्रवर्द्धन सम्बन्धी जानकारीमूलक कार्यक्रम प्रसारण ।

**ख.** आमजनताबीच भावनात्मक एकता स्थापित गर्ने कारक तत्वहरू/पक्षहरूको सम्वर्द्धन ।

**ग.** विभेद्, बहिष्करण र बञ्चितीकरणका सम्वाहकहरू (divers) को निष्प्रभावीकरण/निर्मूलीकरण ।

**घ.** विविधता, मेलमिलाप/साहचर्य, पारस्परिक सम्मान,सहिष्णुताको सिद्धान्तको स्रोत एवं लोकतन्त्रको आधार बहुलवादको प्रवर्द्धन ।

२. अन्तर-साँस्कृतिक समझदारी अभिवृद्धि ।

३. समान शक्ति सम्बन्धको विकासद्वारा सामाजिक सद्भाव तथा ऐक्यवद्धताको वृद्धि ।

**क.** व्यक्तिगत तथा सामुहिक अधिकारको समान सम्मान, संरक्षण र प्रवर्द्धन ।

**ख.** सबै संस्था/निकायको निर्णय प्रक्रियामा समान/समानुपातिक सहभागिता ।

**ग.** शक्तिहीन तथा साधानहीन समुदायको सशक्तिकरण ।

**घ.** सामाजिक न्यायको प्रत्याभूति ।

४. विविधतामा एकता प्रवर्द्धनका लागि आदिवासी जनजातिको सामाजिक, आर्थिक, साँस्कृतिक, आध्यात्मिक र वातावरणीय विशेषताहरूको विशेष संरक्षण तथा सम्वर्द्धन ।

५. लोपोन्मुख आदिवासी जनजातिको सम्मानपूर्ण जीवनका लागि आधारभूत आवश्यकता परिपूर्ति ।

६. पाठ्यपुस्तक तथा शैक्षिक सूचना सामग्रीका आदिवासी जनजाति सम्बन्धी नकारात्मक दुराग्रहपूर्ण चित्रणमा संशोधन ।

७. राष्ट्रिय एकतामा बाधा पुऱ्याउने कानून, नीति र व्यवहारमा आमूल परिवर्तन ।

**क.** राष्ट्रिय एकतामा बाधा पुऱ्याउने कानून, नियम, नीतिहरूको पहिचान र संशोधन ।

**ख.** परम्परागत जातीय सर्वोच्चता (उच्चनीच भाव र जन्मजात प्राधिकार), पूर्वाग्रह, धर्मान्धता (bigotry), रुढीवादी सामाजिक वर्गीकरण, साँस्कृतिक हैकमवाद (Hegemony) र रुढवद्ध धारणा/ मनोवृत्तिको उन्मूलन ।

**ग.** राज्यनीति, कानून, नियम तथा कारबाहीद्वारा समानता, स्वतन्त्रता, न्याय, पहिचानको सम्मान (मानव प्रतिष्ठा), समावेशीकरण, जनताको अधिकार उपभोगको निरन्तर सम्वर्द्धन ।

**अपेक्षित उपलब्धि**

योजनाअवधिको अन्त्यसम्ममा विविध सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक तथा क्षेत्रीय समूहबीच नयाँ समान शक्ति सम्बन्ध र समाजदारीको विकास भई राष्ट्रिय एकता प्रगाढ भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| राष्ट्रिय एकता र सम्मान | १. आमजनताबीच भावनात्मक एकता स्थापना र प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **क.** सञ्चार माध्यमबाट नेपालको जातीय, भाषिक, साँस्कृतिक, धार्मिक, लैंगिक तथा क्षेत्रीय विविधता प्रवर्द्धन सम्बन्धी जानकारीमूलक कार्यक्रम प्रसारण । | ✓ | ✓ | ✓ |
| | **ख.** आमजनताबीच भावनात्मक एकता स्थापित गर्ने कारक तत्वहरू/पक्षहरूको सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | **ग.** विभेद्, बहिष्करण र बञ्चितीकरणका सम्बाहकहरू (divers) को निष्प्रभावीकरण/निर्मूलीकरण । | ✓ | ✓ | ✓ |
| | **घ.** विविधता, मेलमिलाप/साहचर्य, पारस्परिक सम्मान, सहिष्णुताको सिद्धान्तको स्रोत एवं लोकतन्त्रको आधार बहुलवादको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | २. अन्तर-साँस्कृतिक समझदारी अभिवृद्धि । | ✓ | ✓ | ✓ |
| | ३. समान शक्ति सम्बन्धको विकासद्वारा सामाजिक सद्भाव तथा ऐक्यवद्धताको वृद्धि । | ✓ | ✓ | ✓ |
| | **क.** व्यक्तिगत तथा सामुहिक अधिकारको समान सम्मान, संरक्षण र प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | **ख.** सबै संस्था/निकायको निर्णय प्रक्रियामा समान/समानुपातिक सहभागिता । | ✓ | ✓ | ✓ |
| | **ग.** शक्तिहीन तथा साधानहीन समुदायको सशक्तीकरण । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **घ**. सामाजिक न्यायको प्रत्याभूति । | ✓ | ✓ | ✓ |
| | ४. विविधतामा एकता प्रवर्द्धनका लागि आदिवासी जनजातिको सामाजिक, आर्थिक, साँस्कृतिक, आध्यात्मिक र वातावरणीय विशेषताहरूको विशेष संरक्षण तथा सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | ५. लोपोन्मुख आदिवासी जनजातिको सम्मानपूर्ण जीवनका लागि आधारभूत आवश्यकता । | ✓ | ✓ | ✓ |

# मानव अधिकार

## पृष्ठभूमि

एक अध्ययन अनुसार करीब एक चौथाई आदिवासी जनजातिलाई नागरिक तथा राजनैतिक अधिकार बारे केही थाहा छैन र आधाजसोलाई मात्र सामान्य जानकारी छ । विभिन्न अध्ययनहरूको निष्कर्ष के छ भने शक्ति, सम्पत्ति, शिक्षा र अवसर पहुँच नभएको व्यक्ति र समूहले अझै पनि मानव अधिकार उपभोग गर्न पाउने स्थिति छैन । अझै पनि सरकारी अफिसमा विभेद् व्याप्त छ भन्ने आवादीको लगभग ४५ प्रतिशत जनताको बुझाई छ ।[5]

आर्थिक अवस्थाको कारण २५ प्रतिशत मानिसले, राजनैतिक आबद्धताका आधारमा १६ प्रतिशत मानिसले, जातिको आधारमा १६ प्रतिशत मानिसले, लिङ्गको आधारमा ११ प्रतिशत मानिसले, भाषाको आधारमा १० प्रतिशत मानिसले, क्षेत्रीय उत्पत्तिको आधारमा ९ प्रतिशत मानिसले र अपाङ्गताको आधारमा ६ प्रतिशत मानिसले विगत एक वर्षमा विभेद् अनुभव गरेका छन् ।[6] नागरिक तथा राजनैतिक चेतनाको मापदण्ड बुझिने धर्ना घेराउजस्ता विरोध कार्यक्रमहरूमा ३ प्रतिशतभन्दा कम पहाडे आदिवासी जनजाति र ५.४ प्रतिशतभन्दा कम तराई आदिवासी जनजातिहरूले कहिलेकाहीं भाग लिने गरेका छन् र ९२.५ प्रतिशत पहाडे आदिवासी जनजाति र ९० प्रतिशत तराई आदिवासी जनजातिले कहिल्यै भाग लिने गरेका छैनन् ।

## उद्देश्य

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने ।
२. सीमान्तकृत, विपन्न, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका एवं पीछडिएका क्षेत्र, वर्ग र समुदायको अधिकार सुनिश्चित गर्ने ।
३. मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन तथा उपभोगको प्रत्याभूति गर्ने ।

## रणनीति

१. नेपालको संविधान तथा कानून र अन्तर्राष्ट्रिय कानूनहरूद्वारा स्थापित आदिवासी जनजातिहरूका अधिकारहरूको रक्षा र सम्मान गर्दै लोकतन्त्र सबल बनाउने ।
२. मानव अधिकारलाई एउटा संस्कृतिको रुपमा विकास गरी मानव अधिकारसम्बन्धी महासन्धिबाट सिर्जित दायित्व कार्यान्वयन गर्ने ।

---

[5] Nepal Governance Survey 2017/18,
[6] Ibid,

**कार्यनीति**

१. नेपालको संविधान, कानून र अन्तर्राष्ट्रिय कानूनहरूद्वारा प्रत्याभूत गरिएका आदिवासी जनजातिको मानव अधिकार तथा मौलिक स्वतन्त्रताका सबै उपायहरू उनीहरूले निर्बाध रुपमा वा कुनै भेद्भावबिना उपभोग गर्ने र यस क्रममा पुरुष तथा महिला सदस्यहरूका बीच कुनै भेद्भाव नहुने वातावरण सिर्जना गरी लोकतन्त्र सुदृढ बनाइनेछ।

२. आदिवासी जनजातिसंग उनीहरूको अस्तित्व, कल्याण तथा प्रतिष्ठाका लागि सामुहिक अधिकार अपरिहार्य रहेको हुँदा नेपाली लोकतन्त्रको सबलीकरणका लागि अन्तर्राष्ट्रिय कानूनहरूद्वारा मान्यता प्राप्त यस्ता अधिकारहरूको प्रचलनलाई प्रवर्द्धन गरिनेछ।

३. आदिवासी जनजातिलाई प्रत्यक्ष रुपमा प्रभाव पार्नसक्ने कानूनी वा प्रशासनिक कामहरूका सम्बन्धमा विचार गर्दा सम्बन्धित आदिवासी जनजातिका परम्परागत वा प्रतिनिधिमूलक संस्थाहरूमार्फत उनीहरूसंग परामर्श गरिनेछ। यस्ता विषयहरूमा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीका लागि परम्परागत तथा प्रतिनिधिमूलक संस्थाहरूको सहयोग लिने परिपाटी सुदृढ गरिनेछ।

४. सीमान्तीकृत, अल्पसंख्यक, अतिसीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजातिको सशक्तीकरण, गरिबी न्यूनीकरण, आधुनिक पूर्वाधारमा आवद्धता, समानताको अनुभूति र समग्र विकासका लागि उनीहरूको बसोवास रहेको क्षेत्रलाई उनीहरूको परामर्शमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्र स्थापना गरी उनीहरूको स्वायत्तता र स्व-निर्णित विकासको अधिकारलाई सम्मान गरिनेछ।

५. आदिवासी जनजातिको हक र हितका विरुद्ध रहेका वा त्यसमा बाधा पुर्‍याउने, उनीहरूमाथि विभेद् गर्ने सम्पूर्ण कानूनहरूको पहिचान गरी आवश्यक संशोधन एवं परिमार्जन गरिनेछ।

**प्रमुख कार्यक्रमहरू**

१. आदिवासी जनजातिको मानव अधिकार तथा सामुहिक अधिकारको प्रत्याभूति तथा निर्बाध उपभोगद्वारा लोकतन्त्र सुदृढीकरण।

**क.** आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को कार्यान्वयन सम्बन्धी कार्य योजना पुनर्तर्जूमा तथा कार्यान्वयन।

**ख.** आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय कानून अनुकूल नेपालको कानूनहरूमा संशोधन।

**ग.** समानताको हक, भेद्भाव विरुद्धको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक प्रचलन र अभ्यासका लागि कानून तर्जूमा।

२. आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पार्ने कानून निर्माण वा प्रशासनिक निर्णयको प्रक्रियामा आदिवासी जनजातिको प्रतिनिधिहरूको सहभागिता सम्बन्धी नीतिगत/कानूनी व्यवस्था।

**क.** कानून तथा नीति निर्माण निकायका सुसूचित एवं विवेकपूर्ण निर्णयका लागि निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता सम्बन्धी कानून, नियमावली, निर्देशिका संशोधन, परिमार्जन।

**ख.** आदिवासी जनजातिका प्रतिनिधिमूलक तथा परम्परागत संस्थाका प्रतिनिधिहरूको निर्णय प्रक्रियामा सहभागिता सम्बन्धी विशेष व्यवस्थाका लागि कानून, नियम, दिग्दर्शन निर्माण ।

३. आदिवासी जनजातिसंग असल मनसायको परामर्श र स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीको सम्बन्धी कानूनी/नीतिगत व्यवस्था ।

४. आदिवासी जनजातिको स्वशासनको हक प्रचलनका लागि उनीहरूको थातथलो वा सघन बसोवास रहेको क्षेत्र समेटेर स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र स्थापना र सो सम्बन्धी कानून तर्जूमा एवं कार्यान्वयन ।

५. आदिवासी जनजातिका हक हनन्को उपचार सम्बन्धी द्रूत कारवाहीको निमित्त कानून संशोधन:

**क.** भविष्यमा हुने विभेद् रोक्न र अतीतमा भएका विभेद्को प्रभाव उन्मूलन गर्न विद्यमान भेद्भाव विरुद्ध कानूनमा संशोधन ।

**ख.** आदिवासी जनजातिको हक हनन् उपचार सम्बन्धी द्रूत कारवाहीको कानूनी व्यवस्था ।

६. आदिवासी जनजाति आयोग र थारु आयोगको संस्थागत विकास, सुदृढीकरण र क्षमता अभिवृद्धि ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा आदिवासी जनजातिले आफ्नो अधिकार निर्वाध रुपमा उपभोग गरेका हुनेछन् र यस्ता अधिकारको कार्यान्वयन र प्रचलनद्वारा लोकतन्त्र क्रमश: सुदृढ हुँदै गएको संकेतहरू मिलेका हुनेछन् ।

**योजना कार्यान्वयन**

| **विषयगत क्षेत्र** | **कार्यक्रमहरू** | **कार्यान्वयन निकाय** | | |
|---|---|---|---|---|
| | | **संघ** | **प्रदेश** | **स्थानीय** |
| मानव अधिकार | १. आदिवासी जनजातिको मानव अधिकार तथा सामुहिक अधिकारको प्रत्याभूति तथा निर्वाध उपभोगद्वारा लोकतन्त्र सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को कार्यान्वयन सम्बन्धी कार्य योजना पुनर्तर्जूमा तथा कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय कानून अनुकूल नेपालको कानूनहरूमा संशोधन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ग.** समानताको हक, भेद्भाव विरुद्धको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक प्रचलन र अभ्यासका लागि कानून तर्जूमा । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिलाई प्रत्यक्ष प्रभाव पार्ने कानून निर्माण वा प्रशासनिक निर्णयको प्रक्रियामा आदिवासी जनजातिको प्रतिनिधिहरूको सहभागिता सम्बन्धी नीतिगत/कानूनी व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.**कानून तथा नीति निर्माण निकायका सुसूचित एवं विवेकपूर्ण निर्णयका लागि निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता सम्बन्धी कानून, नियमावली, निर्देशिका संशोधन, परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख.**आदिवासी जनजातिका प्रतिनिधिमूलक तथा परम्परागत संस्थाका प्रतिनिधिहरूको निर्णय प्रक्रियामा सहभागिता सम्बन्धी विशेष व्यवस्थाका लागि कानून, नियम, दिग्दर्शन निर्माण । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिसंग असल मनसायको परामर्श र स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीको सम्बन्धी कानूनी/नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजातिको स्वशासनको हक प्रचलनका लागि उनीहरूको थातथलो वा सघन बसोवास रहेको क्षेत्र समेटेर स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र स्थापना र सो सम्बन्धी कानून तर्जूमा एवं कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजातिका हक हननको उपचार सम्बन्धी द्रूत कारवाहीको निमित्त कानून संशोधन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** भविष्यमा हुने विभेद् रोक्न र अतीतमा भएका विभेद्को प्रभाव उन्मूलन गर्न विद्यमान भेद्भाव विरुद्ध कानूनमा संशोधन । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजातिको हक हनन् उपचार सम्बन्धी द्रूत कारवाहीको कानूनी व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजाति आयोग र थारु आयोगको संस्थागत विकास, सुदृढीकरण र क्षमता अभिवृद्धि । | ✓ | ✓ | ✓ |

# न्याय प्रणाली

## पृष्ठभूमि

विभिन्न कारणले आदिवासी जनजातिको न्यायमा पहुँच सीमित छ। विगत १२ महिनामा पहाडे आदिवासी जनजातिहरूमध्ये २८ प्रतिशतले मात्र अदालत वा कानून व्यवसायीबाट सेवा प्राप्त गर्न सके र ९५.९ प्रतिशतले भने सेवा प्राप्त गर्न सकेनन्। त्यस्तै तराई आदिवासी जनजातिहरूमध्ये ५.१ प्रतिशतले मात्र सेवा पाए र ९४.३ प्रतिशतले सेवा पाउन सकेनन्।[7]

## लक्ष्य

सभ्य र न्यायपूर्ण समाजको सृजना गर्ने।

## उद्देश्य

१. नेपालको संविधान, संघीयताको मर्म, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरुप सबै पक्षबाट अपनत्व हुने सरल र गुणस्तरीय कानूनको तर्जूमा गर्नु तथा मौलिक हक र मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गराउने।

२. न्यायमा आदिवासी जनजातिको पहुँच अभिवृद्धि गर्ने।

## कार्यनीति

१. आदिवासी जनजातिको प्रथाजनित कानून र न्यायिक संस्था पहिचान गरी अभिलेखीकरण गरिनेछ।

२. राष्ट्रिय कानून र नियमहरू लागू गर्दा आदिवासी जनजातिहरूको परम्परा वा प्रथाजनित कानूनहरूलाई समुचित ध्यान दिइनेछ।

३. राष्ट्रिय कानून प्रणाली तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानव अधिकारबाट परिभाषित भएका मौलिक अधिकारसंग नबाझिएको अवस्थामा आदिवासी जनजातिका प्रथाजनित कानून तथा परम्परागत न्यायिक संस्थाहरू कायम राखी वा पुनर्जीवित तुल्याई न्यायमा उनीहरूको पहुँच बढाइने छ। यो सिद्धान्त लागू गर्दा उत्पन्न हुनसक्ने विवाद समाधान गर्न आवश्यक भएको अवस्थामा उपयुक्त कार्यविधिहरू स्थापित गरिनेछन्।

४. समाजमा उत्पन्न हुने द्वन्द्व, संघर्ष, झैंझगडा र अन्यायपूर्ण कार्यहरूको समाधानका लागि मध्यस्थता, मेलमिलाप एवं सम्झौताजस्ता प्रथाजनित अभ्यासलाई प्रवर्द्धन गरिनेछ।

५. राष्ट्रिय कानून प्रणाली तथा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त मानव अधिकारसंग अनुकूल भएको हदसम्म आदिवासी जनजातिहरूबाट आफ्ना सदस्यहरूले गरेको कसूरलाई नियमित गर्ने सम्बन्धमा परम्परागत रुपमा अभ्यास हुँदै आएका विधिहरूको सम्मान गरिनेछ।

---

[7] Nepal Governance Survey 2017/18,

६. आदिवासी जनजातिका सदस्यहरू उपर सामान्य कानूनले व्यवस्था गरेको दण्ड सजायँ लागू गर्दा उनीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विशिष्टताहरूलाई ध्यान दिइनेछ ।

**प्रमुख कार्यक्रमहरू**

१. आदिवासी जनजातिको प्रथाजनित कानून र न्यायिक संस्थाको अभिलेखीकरण ।

**क.** विभिन्न आदिवासी जनजातिको पृथक-पृथक प्रथाजनित कानून सम्बन्धी अध्ययन र त्यस्ता कानूनको दस्तावेजीकरण ।

**ख.** विभिन्न आदिवासी जनजातिको परम्परागत न्यायिक संस्थाको सूचीकरण र न्याय सम्पादन प्रणाली/प्रक्रियाको अभिलेखीकरण ।

२. प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाका सम्बन्धमा राष्ट्रिय कानून र नियमहरूमा व्यवस्था ।

**क.** प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाको राष्ट्रिय कानून तथा नियममा व्यवस्थाको लागि संशोधन ।

**ख.** प्रादेशिक तथा स्थानीय तहको कानूनमा प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाको भूमिका सम्बन्धी व्यवस्था ।

३. न्यायमा पहुँच अभिवृद्धिका लागि प्रथाजनित कानून र संस्थाहरूको उपयोग ।

**क.** संघीय न्याय प्रणालीमा उपयोगको पहल ।

**ख.** प्रादेशिक न्याय प्रणाली तथा अर्ध-न्यायिक निकायमा उपयोगको व्यवस्था ।

**ग.** स्थानीय तहको न्याय सम्पादन तथा द्वन्द्व निरुपणका उपयोग ।

**घ.** सत्य निरुपण, मेलमिलाप र द्वन्द्व व्यवस्थापनमा व्यापक उपयोग ।

४. आदिवासी जनजाति सदस्यले गरेका कसूरलाई नियमित गर्ने सम्बन्धी परम्परागत विधिको उपयोग सम्बन्धी कानूनी व्यवस्था ।

**क.** आदिवासी जनजाति सदस्यले गरेका कसूरलाई नियमित गर्ने परम्परागत विधि (प्रथाजनित कानून) सम्बन्धी अध्ययन ।

**ख.** सामान्य प्रकृतिको कसूर नियमित गर्ने प्रथाजनित विधिको उपयोग बारे सम्बन्धित कानूनमा संशोधन ।

५. आदिवासी जनजाति सदस्यलाई हुने दण्ड सजायँको व्यवस्था प्रथाजनित कानून अनुकूल बनाउन मुलुकी अपराध संहितामा संशोधन ।

६. स्वैच्छिक कानूनी सहायता (Pro-bono) र निःशूल्क कानूनी सहायता सम्बन्धी व्यवस्थामा सुधार ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा न्यायिक प्रक्रिया छिटो, छरितो, कम खर्चिलो, सरल, पहुँचिलो र साँस्कृतिक रुपले सम्वेदनशील भई योजनावधिको अन्तसम्ममा सहज रुपमा न्याय पाउने आदिवासी जनजाति व्यक्तिहरूको संख्या सार्थक रुपले वृद्धि भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| न्याय प्रणाली | १. आदिवासी जनजातिको प्रथाजनित कानून र न्यायिक संस्थाको अभिलेखीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** विभिन्न आदिवासी जनजातिको पृथक-पृथक प्रथाजनित कानून सम्बन्धी अध्ययन र त्यस्ता कानूनको दस्तावेजीकरण । | ✓ | ✓ | ✓ |
| | **ख.** विभिन्न आदिवासी जनजातिको परम्परागत न्यायिक संस्थाको सूचीकरण र न्याय सम्पादन प्रणाली/ प्रक्रियाको अभिलेखीकरण । | ✓ | ✓ | ✓ |
| | २. प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाका सम्बन्धमा राष्ट्रिय कानून र नियमहरूमा व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.** प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाको राष्ट्रिय कानून तथा नियममा व्यवस्थाको लागि संशोधन । | ✓ | ✓ | ✓ |
| | **ख.** प्रादेशिक तथा स्थानीय तहको कानूनमा प्रथाजनित कानून र परम्परागत न्यायिक संस्थाको भूमिका सम्बन्धी व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ३. न्यायमा पहुँच अभिवृद्धिका लागि प्रथाजनित कानून र संस्थाहरूको उपयोग । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** संघीय न्याय प्रणालीमा उपयोगको पहल। | ✓ | ✓ | ✓ |
| | **ख.** प्रादेशिक न्याय प्रणाली तथा अर्ध-न्यायिक निकायमा उपयोगको व्यवस्था। | ✓ | ✓ | ✓ |
| | **ग.** स्थानीय तहको न्याय सम्पादन तथा द्वन्द्व निरुपणका उपयोग। | ✓ | ✓ | ✓ |
| | **घ.** सत्य निरुपण, मेलमिलाप र द्वन्द्व व्यवस्थापनमा व्यापक उपयोग। | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजाति सदस्यले गरेका कसूरलाई नियमित गर्ने सम्बन्धी परम्परागत विधिको उपयोग सम्बन्धी कानूनी व्यवस्था। | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी जनजाति सदस्यले गरेका कसूरलाई नियमित गर्ने परम्परागत विधि (प्रथाजनित कानून) सम्बन्धी अध्ययन। | ✓ | ✓ | ✓ |
| | **ख.** सामान्य प्रकृतिको कसूर नियमित गर्ने प्रथाजनित विधिको उपयोग बारे सम्बन्धित कानूनमा संशोधन। | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजाति सदस्यलाई हुने दण्ड सजायँको व्यवस्था प्रथाजनित कानून अनुकूल बनाउन मुलुकी अपराध संहितामा संशोधन। | ✓ | ✓ | ✓ |
| | ६. स्वैच्छिक कानूनी सहायता (Probono) र नि:शूल्क कानूनी सहायता सम्बन्धी व्यवस्थामा सुधार। | ✓ | ✓ | ✓ |

# शासकीय सुधार

**उद्देश्य**

सार्वजनिक निकायका काम कारवाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जन-सहभागिता र जन-विश्वासमा अभिवृद्धि गर्ने ।

**रणनीति**

सरकारका काम कारवाहीलाई पारदर्शी र प्रभावकारी बनाउन सांगठानिक, कानूनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने ।

**कार्यनीतिः**

१. सबै तहको राज्य संरचना तथा प्रशासन यन्त्रलाई समानुपातिक समावेशी एवं जन-उत्तरदायी बनाइनेछ ।

२. आदिवासी जनजाति विरुद्ध लक्षित जातिगत वा जातीय भेद्‌भाव प्रवर्द्धन गर्न वा जातीय विद्वेष भड्‌काउन तयार गरिएको कुनै पनि स्वरूपको प्रचारबाजी पूर्ण रुपमा नियन्त्रित गरिनेछ ।

३. आदिवासी जनजातिलाई आफूलाई प्रभाव पार्ने विषयहरू सम्बन्धी कुनै पनि तहको निर्वाचित संस्थाको वा प्रशासनिक निकायका निर्णय प्रक्रियामा आफ्नै प्रक्रिया अनुरूप आफैंले छानेका प्रतिनिधि वा संस्थामार्फत् सहभागी हुने र विचार राख्नसक्ने संस्थागत व्यवस्था गरी ऐक्यबद्धता, शान्ति र स्थिरता कायम गरिनेछ ।

४. आर्थिक, सामाजिक, साँस्कृतिक, आध्यात्मिक र वातावरणीय क्षेत्रहरूमा गरिने क्रियाकलापहरू लगायतका क्षेत्रमा सीमा वारिपारिका आदिवासी जनजातिहरूबीचको सम्पर्क र सहयोग सहज बनाउन उपयुक्त उपायहरू अपनाइने छन् ।

५. सबै स्तरको संगठन, समिति वा मञ्चका बैठक, सभा, सार्वजनिक सुनुवाई तथा वडा नागरिक कार्यक्रम, गाउँ सेवा केन्द्रका गतिविधि र विकास योजना गतिविधि तथा छलफलमा आदिवासी जनजाति प्रतिनिधिहरू सहभागिता हुने र त्यस्ता कार्यक्रममा उनीहरूले आफ्नो आवाज वा विचार राख्ने प्रचलनमा वृद्धि ल्याउन विभिन्न उपायहरू अवलम्बन गरिनेछ ।

६. आदिवासी जनजातिलाई आफ्नो थातथलोमा आफ्ना आन्तरिक तथा स्थानीय मामिलासंग सम्बन्धित विविध विषयहरूमा आत्म निर्णय गर्ने, आफ्नो समुदाय तथा क्षेत्रको सामाजिक, साँस्कृतिक तथा आर्थिक विकास गर्ने स्व-शासित व्यवस्थाको लागि उनीहरूको आफ्नो स्वायत्त वा संरक्षित क्षेत्रहरू स्थापना गरी साधन सम्पन्न बनाइनेछ ।

७. आदिवासी जनजातिका परम्परागत वा प्रतिनिधिमूलक संस्था तथा तिनका पहलहरूको पूर्ण विकासका लागि आवश्यक भौतिक, आर्थिक तथा प्राविधिक स्रोतसाधनहरू उपलब्ध गराइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. सबै तहको राज्य संरचना र प्रशासन यन्त्रलाई पूर्ण समानुपातिक समावेशी बनाउन कानूनहरूमा संशोधन ।

२. जातीय भेद्भाव र जातीय विद्वेष भड्काउने, जातीय तथा धार्मिक घृणा फैलाउने प्रचार प्रसारमा पूर्ण नियन्त्रण सम्बन्धी कानून निर्माण ।

३. निर्वाचित संस्था वा प्रशासनिक निकायमा आदिवासी जनजातिलाई आफ्नो सरोकारको विषय आफ्ना प्रतिनिधिमार्फत राख्न पाउने व्यवस्थाका लागि सम्बन्धित कानूनमा संशोधन ।

   **क.** संघीय स्तरको निकायहरू ।

   **ख.** प्रादेशिक स्तरका निकायहरूमा व्यवस्था ।

   **ग.** स्थानीय स्तरका निकायहरूमा व्यवस्था ।

   **घ.** गैरसरकारी संस्थाहरूको नियममा व्यवस्थाका लागि निर्देशन जारी ।

४. सीमा वारिपारिका आदिवासी जनजातिबीच सम्पर्क र सहयोग ।

   **क.** कानून, नियम, निर्देशिका निर्माण ।

   **ख.** निर्देशन जारी ।

५. स्थानीय स्तरका सबै संस्था, कार्यक्रम र विकास योजना गतिविधिहरूमा आदिवासी जनजातिको सहभागिता ।

   **क.** आदिवासी जनजातिको सहभागिता सम्बन्धी स्थानीय स्तरको कानून निर्माण ।

   **ख.** सहभागिता कानून सम्बन्धी स्थानीय स्तरमा परामर्श र सहमति निर्माण ।

६. आदिवासी जनजाति स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रहरूको क्षेत्र स्थापना र सुदृढीकरण ।

७. आदिवासी जनजाति संस्था दर्ता तथा सञ्चालन सम्बन्धी छुट्टै कानून तर्जूमा ।

८. आदिवासी जनजातिका प्रतिनिधिमूलक वा परम्परागत संस्थाहरूलाई विभिन्न कार्यक्रम सञ्चालनका लागि विशेष सहयोग ।

९. आयोग तथा प्रतिष्ठानहरूको सुदृढीकरण, सामाजिक, आर्थिक, साँस्कृतिक विविधता, विशेषता र समावेशिता संरक्षण तथा सम्वर्द्धन गर्ने आयोग र प्रतिष्ठानहरूको सुदृढीकरण ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा शासकीय संरचनागत व्यवधानहरू धेरै हद्सम्म हटेका हुनेछन् तथा शासकीय सुधारका माध्यमबाट आदिवासी जनजातिको सेवा र सुविधामा पहुँच बढी सशक्त वा सबल भएका हुनेछन् र नयाँ शिराबाट सामाजिक सम्बन्ध निर्माण भई अन्तरजातीय तथा अन्तरक्षेत्रीय सद्भाव बढ्दै गएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| शासकीय सुधार | १. सबै तहको राज्य संरचना र प्रशासन यन्त्रलाई पूर्ण समानुपातिक समावेशी बनाउन कानूनहरूमा संशोधन । | ✓ | ✓ | ✓ |
| | २. जातीय भेद्भाव र जातीय विद्वेष भड्काउने, जातीय तथा धार्मिक घृणा फैलाउने प्रचार प्रसारमा पूर्ण नियन्त्रण सम्बन्धी कानून निर्माण । | ✓ | ✓ | ✓ |
| | ३. निर्वाचित संस्था वा प्रशासनिक निकायमा आदिवासी जनजातिलाई आफ्नो सरोकारको विषय आफ्ना प्रतिनिधिमार्फत राख्न पाउने व्यवस्थाका लागि सम्बन्धित कानूनमा संशोधन । | ✓ | ✓ | ✓ |
| | **क.** संघीय स्तरको निकायहरू । | ✓ | ✓ | ✓ |
| | **ख.** प्रादेशिक स्तरका निकायहरूमा व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **ग.** स्थानीय स्तरका निकायहरूमा व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **घ.** गैरसरकारी संस्थाहरूको नियममा व्यवस्थाका लागि निर्देशन जारी । | ✓ | ✓ | ✓ |
| | ४. सीमा वारिपारिका आदिवासी जनजातिबीच सम्पर्क र सहयोग । | ✓ | ✓ | ✓ |
| | **क.** कानून, नियम, निर्देशिका निर्माण । | ✓ | ✓ | ✓ |
| | **ख.** निर्देशन जारी । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ५. स्थानीय स्तरका सबै संस्था, कार्यक्रम र विकास योजना गतिविधिहरूमा आदिवासी जनजातिको सहभागिता । | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी जनजातिको सहभागिता सम्बन्धी स्थानीय स्तरको कानून निर्माण । | ✓ | ✓ | ✓ |
| | **ख.** सहभागिता कानून सम्बन्धी स्थानीय स्तरमा परामर्श र सहमति निर्माण । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजाति स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रहरूको क्षेत्र स्थापना र सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | ७. आदिवासी जनजाति संस्था दर्ता तथा सञ्चालन सम्बन्धी छुट्टै कानून तर्जूमा । | ✓ | ✓ | ✓ |
| | ८. आदिवासी जनजातिका प्रतिनिधिमूलक वा परम्परागत संस्थाहरूलाई विभिन्न कार्यक्रम सञ्चालनका लागि विशेष सहयोग । | ✓ | ✓ | ✓ |
| | ९. आयोग तथा प्रतिष्ठानहरूको सुदृढीकरण सामाजिक, आर्थिक, साँस्कृतिक विविधता, विशेषता र समावेशिता संरक्षण तथा सम्वर्द्धन गर्ने आयोग र प्रतिष्ठानहरूको सुदृढीकरण । | ✓ | ✓ | ✓ |

# प्रशासकीय सुशासन

### पृष्ठभूमि

एक सर्वेक्षण अनुसार विगत छ महिनाभित्र ६८ प्रतिशत जनताले कुनै सेवा प्राप्त गरेका छैनन् र ६६ प्रतिशतले त विगत दुई वर्षभित्र पनि कुनै सेवा पाएका छैनन् । उच्च आर्थिक स्तरका मानिसहरूले धेरै सेवाहरू पाएका छन्, जब कि निम्न आर्थिक स्तरका मानिसहरूले दुई वर्षदेखि सेवा लिन सकेका छैनन् । सेवा प्राप्तिका लागि ४१ प्रतिशत जनतालाई भाषा, ६७ प्रतिशतलाई शारीरिक अक्षमता, ४८ प्रतिशतलाई लिङ्ग, ६४ प्रतिशतलाई दलाल/विचौलियाको उपस्थिति, ७५ प्रतिशतलाई सेवा प्रदायकको व्यवहार, ८५ प्रतिशतलाई आफ्नो मान्छे नहुनु, ७६ प्रतिशतलाई भौगोलिक दूरी र दूर्गमता व्यवधान वा समस्याका रुपमा छन् । पहाडे आदिवासी जनजातिमध्ये ८५.४ प्रतिशतलाई र तराई आदिवासी जनजातिमध्ये ८७.६ प्रतिशतलाई सम्बन्ध र सम्पर्कको जालो छ भने मात्र काम बन्छ भन्ने ठम्याई छ । सेवा प्राप्तिमा ३७.८ प्रतिशत पहाडे आदिवासी जनजाति र ४७ प्रतिशत तराई आदिवासी जनजातिलाई भाषा व्यवधान भएको छ । त्यस्तै २९.६ प्रतिशत पहाडे आदिवासी जनजाति र ५०.८ प्रतिशत तराई आदिवासी जनजातिलाई सेवा प्राप्त गर्न जातीयताले व्यवधान खडा गरेको छ ।[8]

विगत एक वर्षमा स्थानीय स्तरमा सामाजिक संगठन, समिति वा सामुदायिक मञ्चहरूद्वारा आयोजना गरिएका बैठकहरूमा ३१ प्रतिशत पहाडे आदिवासी जनजाति र २२ प्रतिशत तराई आदिवासी जनजातिको सहभागिता रहेको थियो । सहभागीहरूमध्ये ३३ प्रतिशत पहाडे आदिवासी जनजाति र २० प्रतिशत तराई आदिवासी जनजाति नबोली सुनेर मात्र बसे । यसरी सहभागिताका बावजूद आवाज बुलन्द गर्ने कार्यमा भने त्यति सशक्तता देखिएन । 'बोल्न पनि भनिएन, आवाज पनि सुनिएन' भन्ने लगभग एक चौथाई सहभागीको गुनासो थियो ।[9]

### उद्देश्य

१. सार्वजनिक प्रशासनलाई सबल बनाई दक्ष सेवाग्राहीमुखी र व्यावसायिक बनाउने ।
२. सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

### रणनीति

सार्वजनिक सेवा र सेवा प्रदान प्रक्रियालाई विभेद् र भ्रष्टाचारमूक्त, सक्षम, पारदर्शी र जवाफदेही पूर्ण बनाउने ।

---

[8] Nepal Governance Survey 2017/18,
[9] Ibid,

**कार्यनीति**

१. सार्वजनिक सेवामा हुने जाति, भाषा, वंश, नातागोता, आर्थिक हैसियत, शिक्षा, राजनैतिक सम्बन्ध, शारीरिक अवस्था, क्षेत्रीयता र भूगोलका आधारमा हुने विभेद् र आग्रहलाई पूर्णतया उन्मूलन गरिनेछ ।
२. सेवाग्राहीप्रति सेवा प्रदायकको सम्वेदनहीन, रुखो, हप्काइ-दप्काई, सुस्ततालगायतका नकारात्मक मनोवृत्ति र व्यवहारमा आमूल परिवर्तन ल्याई नागरिक सन्तुष्टि अभिवृद्धि गरिनेछ ।
३. समान अवसर भनिए पनि व्यवहारमा आदिवासी जनजातिमाथि हुने विभेद्, सरकारी कार्यालयबाट सेवाग्राही आदिवासी जनजातिलाई सेवा दिनमा गरिने विभेद्, भाषा, लिङ्ग, अपाङ्गता र क्षेत्रीय उत्पत्तिका आधारमा सेवा दिनमा गरिने विभेद् र आर्थिक तथा शैक्षिक हैसियतका आधारमा सेवा दिनमा गरिने विभेद्, पहुँच तथा नातागोताका आधारमा गरिने विभेद्लगायतका संस्थागत, मनोवृत्तिगत, प्रत्यक्ष-परोक्ष, दृश्यमान-अदृश्यमान सबै प्रकारको विभेद् र दुर्व्यवहार अन्त्य गरी राज्यको सेवाहरू सेवाग्राहीको सन्तुष्टिको तहमा पु¥याइनेछ ।
४. सेवा प्रदायक र सेवाग्राहीबीचको दलाल वा विचौलीयाको उपस्थिति र भूमिका समाप्त पारिने छ ।
५. सार्वजनिक सरोकार र विकास योजना सम्बन्धी विभिन्न तहका सरकारी तथा गैरसरकारी निकाय र सामुदायिक/सामाजिक संस्थाहरूद्वारा आयोजना गरिने बैठक, मञ्च, भेलालगायतको छलफल कार्यक्रमहरूमा आदिवासी जनजाति नागरिकहरू वा उनीहरूको प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरूको अर्थपूर्ण समानुपातिक सहभागिता सुनिश्चित गरी उनीहरूको आवाज वा विचारको सम्मान गरिने छ ।
६. सार्वजनिक सेवा स्वच्छ, पारदर्शी र जवाफदेहीपूर्ण बनाउने स्थानीय स्तरको सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, नागरिक मञ्चलगायतका गतिविधिहरूमा स्थानीय आदिवासी जनजातिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गराइनेछ ।
७. सबै तहका र सबै प्रयोजनका उपभोक्ता समितिहरूमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वलाई अनिवार्य र प्रभावकारी बनाइने छ ।
८. सबै आदिवासी जनजातिको जन्मदर्ता गर्ने र नागरिकता तथा विवाहको प्रमाणपत्र दिने व्यवस्थालाई चुस्त र व्यावहारिक बनाइनेछ ।
९. सरकारी कामकाजको भाषा नबुझ्ने सेवाग्राहीलाई सेवा सम्बन्धी मातृभाषामा सूचना पाउने व्यवस्था मिलाइनेछ ।

**प्रमुख कार्यक्रमहरू**

१. सार्वजनिक सेवामा हुने विभेद् र आग्रह, नकारात्मक प्रवृत्ति, अप्रिय व्यवहार, ढिलासुस्तीको पूर्ण उन्मूलन गर्न र सेवाग्राहीप्रतिको संवेदनशीलता तथा जिम्मेवारी वृद्धि गर्न कानून, नियमको संशोधन ।
   **क.** संघीय कानून तथा नियमावली संशोधन ।
   **ख.** प्रदेश कानून तथा नियमावली निर्माण र कार्यान्वयन ।
   **ग.** स्थानीय स्तरको कानून तथा नियमावली निर्माण तथा कार्यान्वयन ।

२. सेवा प्रदायक र सेवाग्राहीबीचको दलाल वा विचौलीयालाई दण्डित गर्नका लागि कानून निर्माण ।
   **क**. संघीय कानून ।
   **ख**. प्रादेशिक कानून ।
   **ग**. स्थानीय तहको कानून ।
३. सेवा प्रवाह, रोजगारी, नियुक्ति तथा विकास निर्माण प्रक्रियामा हुने भ्रष्टाचार, राजनैतिक हस्तक्षेप र शक्ति(ओहदा)को अनुचित प्रभाव नियन्त्रण सम्बन्धी विशेष कानून निर्माण र कार्यान्वयन ।
   **क**. संघीय स्तरमा ।
   **ख**. प्रदेश स्तरमा ।
   **ग**. स्थानीय स्तरमा ।
४. राज्यका सेवा प्रदायक निकायहरूसहित प्रशासन यन्त्रको पुनर्संरचना, संस्थागत सुदृढीकरण तथा क्षमता विकास ।
५. सार्वजनिक सरोकारका विषय र विकास योजना सम्बन्धी छलफलहरूमा आदिवासी जनजातिको प्रतिनिधिमूलक/परम्परागत संस्थाका प्रतिनिधिहरूको सहभागितासम्बन्धी नीतिगत व्यवस्था ।
   **क**. सम्बन्धित संघीय कानून, नियम र अभ्यासहरूमा परिमार्जन ।
   **ख**. प्रदेश कानून, नियम र अभ्यासहरूमा परिमार्जन ।
   **ग**. स्थानीय स्तरको कानून, नियम र अभ्यासहरूमा परिमार्जन ।
६. स्थानीय स्तरको सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, नागरिक मञ्चलगायतका गतिविधिहरूमा आदिवासी जनजातिको सहभागिता अभिवृद्धि ।
७. सबै तहमा, सबै प्रयोजनका उपभोक्ता समूह वा समितिहरूमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सम्बन्धी व्यवस्थाका लागि कानून संशोधन र व्यवहारमा सुधार ।
८. जन्मदर्ता, नागरिकता र विवाहको प्रमाणपत्र सम्बन्धी व्यवस्थामा सुधार ।
९. सेवाग्राहीलाई मातृभाषामा सूचना प्रवाहको विशेष व्यवस्था ।
१०. सबै सरकारी तथा अर्ध-सरकारी निकायहरूको व्यवस्थापन अभ्यासमा व्यापक सुधार ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा विकास प्रतिफलमा आदिवासी जनजातिको समन्यायिक हिस्सेदारी सुनिश्चित भएको हुनेछ र असमान वितरण प्रणालीमा सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| प्रशासकीय सुशासन | १. सार्वजनिक सेवामा हुने विभेद् र आग्रह, नकारात्मक प्रवृत्ति, अप्रिय व्यवहार, ढिलासुस्तीको पूर्ण उन्मूलन गर्न र सेवाग्राहीप्रतिको संवेदनशीलता तथा जिम्मेवारी वृद्धि गर्न कानून, नियमको संशोधन। | ✓ | ✓ | ✓ |
| | **क.** संघीय कानून तथा नियमावली संशोधन। | ✓ | ✓ | ✓ |
| | **ख.** प्रदेश कानून तथा नियमावली निर्माण र कार्यान्वयन। | ✓ | ✓ | ✓ |
| | **ग.** स्थानीय स्तरको कानून तथा नियमावली निर्माण तथा कार्यान्वयन। | ✓ | ✓ | ✓ |
| | २. सेवा प्रदायक र सेवाग्राहीबीचको दलाल वा विचौलीयालाई दण्डित गर्नका लागि कानून निर्माण। | ✓ | ✓ | ✓ |
| | **क.** संघीय कानून। | ✓ | ✓ | ✓ |
| | **ख.** प्रादेशिक कानून। | | ✓ | ✓ |
| | **ग.** स्थानीय तहको कानून। | | | ✓ |
| | ३. सेवा प्रवाह, रोजगारी, नियुक्ति तथा विकास निर्माण प्रक्रियामा हुने भ्रष्टाचार, राजनैतिक हस्तक्षेप र शक्ति (ओहदा)को अनुचित प्रभाव नियन्त्रण सम्वन्धी विशेष कानून निर्माण र कार्यान्वयन। | ✓ | ✓ | ✓ |
| | **क.** संघीय स्तरमा। | ✓ | | |
| | **ख.** प्रदेश स्तरमा। | | ✓ | |
| | **ग.** स्थानीय स्तरमा। | | | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ४. स्थानीय स्तरको सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, नागरिक मञ्चलगायतका गतिविधिहरूमा आदिवासी जनजातिको सहभागिता, राज्यका सेवा प्रदायक निकायहरूसहित प्रशासन यन्त्रको पुनर्संरचना, संस्थागत सुदृढीकरण तथा क्षमता विकास । | ✓ | ✓ | ✓ |
| | ५. सार्वजनिक सरोकारका विषय र विकास योजना सम्बन्धी छलफलहरूमा आदिवासी जनजातिको प्रतिनिधिमूलक/परम्परागत संस्थाका प्रतिनिधिहरूको सहभागितासम्बन्धी नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.** सम्बन्धित संघीय कानून, नियम र अभ्यासहरूमा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **ख.** प्रदेश कानून, नियम र अभ्यासहरूमा परिमार्जन । | | ✓ | ✓ |
| | **ग.** स्थानीय स्तरको कानून, नियम र अभ्यासहरूमा परिमार्जन । | | | ✓ |
| | ६. स्थानीय स्तरको सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, नागरिक मञ्चलगायतका गतिविधिहरूमा आदिवासी जनजातिको सहभागिता अभिवृद्धि । | | ✓ | ✓ |
| | ७. सबै तहमा, सबै प्रयोजनका उपभोक्ता समूह वा समितिहरूमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सम्बन्धी व्यवस्थाका लागि कानून संशोधन र व्यवहारमा सुधार । | | ✓ | ✓ |
| | ८. जन्मदर्ता, नागरिकता र विवाहको प्रमाणपत्र सम्बन्धी व्यवस्थामा सुधार । | | ✓ | ✓ |
| | ९. सेवाग्राहीलाई मातृभाषामा सूचना प्रवाहको विशेष व्यवस्था । | | ✓ | ✓ |
| | १०. सबै सरकारी तथा अर्ध-सरकारी निकायहरूको व्यवस्थापन अभ्यासमा व्यापक सुधार । | ✓ | ✓ | ✓ |

# दिगो विकास र वातावरण संरक्षण

**रणनीति**

आदिवासीको ज्ञान, संस्कृति तथा परम्परागत प्रचलनलाई दिगो, समानुपातिक विकास तथा वातावरण संरक्षणको उपयुक्त व्यवस्थापनमा योगदान पुग्नेगरी व्यावहारिक उपयोगमा जोड दिने ।

**कार्यनीति**

१. दिगो, स्वस्थ वातावरणसहितको विकास र स्थानीय वातावरण संरक्षण र सुधारका लागि आदिवासी जनजातिको परम्परागत ज्ञान, संस्कृति र परम्परागत प्रचलनलाई व्यावहारिक उपयोगमा ल्याइनेछ ।

२. सम्बन्धित आदिवासी जनजातिको सहयोग, सहकार्यमा उनीहरू बसोवास गर्ने भू-क्षेत्रहरूको वातावरण संरक्षण र बचावट गर्ने उपायहरू अपनाइनेछ ।

३. हिमताल तथा पर्वतीय पर्यावरण संरक्षण र व्यवस्थापनमा सम्बन्धित क्षेत्रका आदिवासी जनजातिलाई सहभागी बनाई परिचालित गरिनेछ ।

४. आदिवासी जनजातिको वातावरण तथा भूमि वा भू-क्षेत्र र प्राकृतिक स्रोतसाधनको उत्पादन क्षमताको विकास तथा सुरक्षण गरिनेछ। आदिवासी क्षेत्रमा नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक वा आध्यात्मिक प्रभाव न्यूनीकरणका लागि सम्बन्धित आदिवासी जनजातिसंगको सहकार्यमा प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. वातावरण संरक्षणसहित दिगो विकासका लागि आदिवासी जनजातिको परम्परागत ज्ञान, संस्कृति र प्रचलनको उपयोग ।

२. आदिवासी जनजातिसंगको सहकार्यमा उनीहरूको बसोवास क्षेत्रका वातावरण र भू-संरक्षण कार्यक्रम सञ्चालन ।

३. हिमताल तथा पर्वतीय वातावरण संरक्षण र व्यवस्थापनमा सम्बन्धित आदिवासी जनजाति परिचालन ।

४. आदिवासी जनजाति बसोवास क्षेत्रको भूमि र प्राकृतिक संसाधन/स्रोतसाधनको उत्पादन क्षमता अभिवृद्धि र नकारात्मक सामाजिक, साँस्कृतिक वा आध्यात्मिक एवं वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रम ।

   **क.** भूमि तथा प्राकृतिक संसाधनको उत्पादन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम ।

   **ख.** उत्पादन वृद्धिको सम्भावित नकारात्मक सामाजिक, साँस्कृतिक वा आध्यात्मिक एवं वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी कार्यक्रम ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा आदिवासी जनजातिको सघन बसोवास रहेको क्षेत्रको वातावरण संरक्षण र व्यवस्थापनमा उनीहरूको पूर्ण सहभागिता रहेको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| दिगो विकास र वातावरण संरक्षण सम्बन्धी | १. वातावरण संरक्षणसहित दिगो विकासका लागि आदिवासी जनजातिको परम्परागत ज्ञान, संस्कृति र प्रचलनको उपयोग । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिसंगको सहकार्यमा उनीहरूको बसोवास क्षेत्रका वातावरण र भू-संरक्षण कार्यक्रम सञ्चालन । | ✓ | ✓ | ✓ |
| | ३. हिमताल तथा पर्वतीय वातावरण संरक्षण र व्यवस्थापनमा सम्बन्धित आदिवासी जनजाति परिचालन । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजाति बसोवास क्षेत्रको भूमि र प्राकृतिक संसाधन/स्रोतसाधनको उत्पादन क्षमता अभिवृद्धि र नकारात्मक सामाजिक, साँस्कृतिक वा आध्यात्मिक एवं वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | क. भूमि तथा प्राकृतिक संसाधनको उत्पादन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ख. उत्पादन वृद्धिको सम्भावित नकारात्मक सामाजिक, साँस्कृतिक वा आध्यात्मिक एवं वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी कार्यक्रम । | ✓ | ✓ | ✓ |

# योजना तर्जूमा र कार्यान्वयन

**रणनीति**

१. योजना तर्जूमाको प्रक्रियागत पक्षमा सुधार गर्ने ।

२. आदिवासी जनजातिको सघन बसोवास रहेको क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजनाहरू सञ्चालन गर्दा विकास प्रक्रियाका सबै चरणमा उनीहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति**

आदिवासी जनजाति विशेषलाई प्रत्यक्ष रुपमा प्रभाव पार्नसक्ने राष्ट्रिय, प्रादेशिक र स्थानीय योजना तथा कार्यक्रमहरूको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा सहभागी बनाई उनीहरूका स्व-निर्णित विकासको अधिकार प्रभावकारी रुपमा अभ्यास गर्ने परिपाटीको विकास गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

विभिन्न तहको योजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सम्वन्धी नीति तथा कानून निर्माण ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा सबै तहको योजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन सम्बन्धित क्षेत्र/तहका आदिवासी जनजातिको प्रतिनिधिमूलक/परम्परागत संस्थाको सहभागिता सुतिश्चित भई विकास प्रक्रिया र प्रतिफल क्रमश: बढी समावेशी र नतिजामूलक भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| योजना तर्जूमा र कार्यान्वयन | विभिन्न तहको योजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सम्वन्धी नीति तथा कानून निर्माण । | ✓ | ✓ | ✓ |

## च. अन्तरसम्बन्धित विषय

# तथ्यांक प्रणाली

**पृष्टभूमिः**

जातजातिको आधारमा तथ्याङ्क खण्डीकृत नगरिनाले विकासका प्रक्रिया, परिणाम र प्रभावका साथै स्रोतसाधनको अन्यायपूर्ण र असमान वितरणलाई ढाकछोप गरेको छ र यो आफैँमा विभेद्पूर्ण व्यवहार भएको छ।

**उद्देश्यः**

नीति निर्माण तथा योजना तर्जूमा एवं कार्यान्वयनलाई मद्दत पुग्नेगरी विविधतापूर्ण नेपाली समाजको तथ्याङ्कीय आवश्यकता पूर्ति गर्ने।

**रणनीतिः**

सबै निकायहरूबाट उत्पादन, विश्लेषण तथा सार्वजनिक गरिने तथ्याङ्कहरूलाई जातजाति, धर्म, भाषा, लिङ्ग, जातीय विविधतासहितको अपाङ्गताको आधारमा खण्डीकृत गर्ने परम्परा स्थापित गर्ने।

**कार्यनीतिः**

१. राष्ट्रिय तथ्याङ्क विभागलगायत सबै सरकारी निकायहरूबाट उत्पादन, विश्लेषण र सार्वजनिक गरिने सबै तथ्याङ्कहरू जातजाति, लिङ्ग, धर्म, भाषा, जातीय विविधता(पहिचान) सहितको अपाङ्गता र पर्यावरणीय क्षेत्रका आधारमा खण्डीकृत गर्ने परम्परा स्थापित तथा विकास गरिनेछ।
२. तथ्याङ्क संकलन तथा प्रशोधन प्रक्रियालाई पारदर्शी बनाइनेछ र यी कार्यमा आदिवासी जनजाति प्रतिनिधि तथा विज्ञहरूको सहभागिता अनिवार्य बनाइनेछ।
३. सबै प्रकारका तथ्याङ्क सरोकारवालाहरूलाई सहज रुपमा उपलब्ध गराइनेछ।

**प्रमुख कार्यक्रमहरूः**

१. आधारभूत तथ्याङ्कहरू जातजाति, लिङ्ग, धर्म, भाषा, जातीय विविधता (पहिचान) सहितको अपाङ्गता र पर्यावरणीय क्षेत्रका आधारमा खण्डीकरण गर्ने नीतिगत व्यवस्था।
२. सबै प्रकारको तथ्याङ्कमा सरोकारवालाहरूको सहज पहुँच सम्बन्धी नीतिगत व्यवस्था।
३. जनगणनालगायत विभिन्न प्रकारका तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण प्रक्रियामा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सम्बन्धी नीति निर्माण र कार्यान्वयन।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा सरकारी निकायहरूले उत्पादन, विश्लेषण र सार्वजनिक गर्ने सबै प्रकारको तथ्याङ्कहरू जाति, भाषा, धर्म, लिङ्ग, जातीय विविधता (पहिचान) सहितको अपाङ्गता र पर्यावरणीय क्षेत्रका आधारमा खण्डीकृत भई सरोकारवाला सबैका लागि उपलब्ध भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| तथ्यांक प्रणाली | १. आधारभूत तथ्याङ्कहरू जातजाति, लिङ्ग, धर्म, भाषा, जातीय विविधता (पहिचान) सहितको अपाङ्गता र पर्यावरणीय क्षेत्रका आधारमा खण्डीकरण गर्ने नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | २. सबै प्रकारको तथ्याङ्कमा सरोकारवालाहरूको सहज पहुँच सम्बन्धी नीतिगत व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ३. जनगणनालगायत विभिन्न प्रकारका तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण प्रक्रियामा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सम्बन्धी नीति निर्माण र कार्यान्वयन । | ✓ | ✓ | ✓ |

# गरिबी निवारण तथा असमानता न्यूनीकरण

**पृष्ठभूमिः**

विभिन्न अध्ययनहरूले के संकेत गरेको छ भने नेवार, थकाली, गुरुङ र शेर्पा बाहेक अधिकांश आदिवासी जनजाति अत्यन्तै विपन्न अवस्थामा छन् । सन्थाल, राजी, हायु, झाँगड, चेपाङ, ब्याँसी, पहरी, माझी, थामी, किसान, कोचे, कुमाल, लाप्चालगायत धेरे आदिवासी जनजातिहरू चरम गरिबी निरपेक्ष गरिबीको रेखामुनि जिउन बाध्य छन् । प्रतिव्यक्ति आयका हिसाबले ४० प्रतिशत सबभन्दा गरीबहरूमा दलित पछि आदिवासी जनजातिको अनुपात सबभन्दा धेरै छ ।

**लक्ष्य**

सामाजिक आर्थिक रुपान्तरण, उच्च तथा दिगो समावेशी आर्थिक वृद्धि र गरिबी निवारण गरी समृद्धिको आधार निर्माण गर्ने ।

**उद्देश्यः**

१. चरम गरिबीमा रहेका ४० प्रतिशत जनसंख्याको सार्थक रुपले प्रतिव्यक्ति आय वृद्धि गर्ने ।
२. राज्यको स्रोतसाधनमा गरीबको सहज पँहुच स्थापित गर्ने ।

**रणनीति**

१. आर्थिक वृद्धिलाई तीव्र, दिगो, व्यापक र गरीबमुखी बनाउन सामुदायिक क्षेत्रको सबलीकरण गरी परिचालन गर्ने ।
२. आर्थिक वृद्धि र विकास न्यायपूर्ण, समतामूलक र समावेशी बनाउन उपेक्षित, उत्पीडित र सीमान्तीकृत क्षेत्र, समुदाय र समूहमा केन्द्रित गर्दै सामाजिक आर्थिक समावेशीकरणलाई फराकिलो बनाएर समतामूलक समृद्धिको यात्रा सुनिश्चित गर्ने ।
३. संरचनागत असमानता, दीर्घ गरिबी, अस्थायी/अल्पकालीन गरिबी, आघात (Shocks) को असरलगायतका विभिन्न प्रकृतिको बञ्चितीकरण हटाउन गरिबी निवारणलाई विशिष्टीकृत गरी प्रभावकारी बनाउदै आर्थिक असमानता न्यूनीकरण गर्ने ।

**कार्यनीति**

१. आर्थिक वृद्धि तीब्र, दिगो, व्यापक र गरीब लक्षित बनाउन सुविधाबञ्चित तथा सीमान्तीकृत एवं लोपोन्मूख आदिवासी जनजाति, दलित, उपेक्षित मधेशी र विपन्न खसआर्यलगायत सामुदायिक क्षेत्रको सबलीकरण गरिनेछ र उनीहरूको क्षमताको पूर्ण उपयोग गरी गरिबी न्यूनीकरण/उल्मूलन गरिनेछ ।

२. उपेक्षित, उत्पीडित र सीमान्तीकृत समूह, जातजाति, समुदाय वा क्षेत्र पहिचान गरी त्यहाँबाट आर्थिक वृद्धि र विकासका क्रियाकलाप केन्द्रित गर्दै क्रमश: अर्थतन्त्रको मूलधारलाई सुदृढ गरिनेछ ।
३. आर्थिक वृद्धिको अधिकतम लाभ समाजका सबभन्दा विपन्न एवं सीमान्तीकृत समूह वा वर्गबाट शुरु गरेर क्रमश: सुविधाबञ्चित समूह वा वर्गमा पुग्नेगरी प्रोत्साहन कारबाहीलगायत विभिन्न विधिबाट प्रभावकारी ढंगले परिक्षेपण (Dispersion) गरिनेछ ।
४. गरीब तथा गरिबीका जोखिममा रहेका आदिवासी जनजातिको आर्थिक सेवा र बजार केन्द्रमा पहुँच बढाइनेछ र आम्दानीको ठूलो हिस्सा भोजनमा मात्र खर्च गर्नुपर्ने स्थितिका आदिवासी जनजातिको परिवारको जीवनस्तरमा सुधार ल्याइनेछ ।
५. आदिवासी जनजातिको आकांक्षा तथा जीवन पद्धतिसंग अनुकूल हुनेगरी बञ्चितीकरणमा परेका आदिवासी जनजाति तथा सम्पन्न समुदायका अन्य सदस्यहरूबीच मौजूदा सामाजिक, आर्थिक असमानता न्यूनीकरण गर्न सम्बन्धित आदिवासी जनजातिका सदस्यहरूलाई विशेष सहयोग गरिनेछ ।
६. आदिवासी जनजातिसंग उनीहरूले परम्परागत रूपमै स्वामित्व हासिल गरेका वा अन्य ढङ्गबाट प्रयोग गर्दै आएका भूमि, क्षेत्र तथा स्रोतसाधनहरू उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरीबिना अधिग्रहण गरिए, लिइए, कब्जा गरिए, प्रयोग गरिए वा नष्ट गरिएको भए पुनर्स्थापनालगायतका माध्यमबाट त्रुटीपूर्ति प्रदान गरी वा सो सम्भव नभएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति प्रदान गरी उनीहरूको गरिबी न्यूनीकरण गर्दै उनीहरूको मानव प्रतिष्ठा पुनर्स्थापित गरिने छ ।
७. आदिवासी जनजातिहरूको परम्परागत अभ्यास, ज्ञान, शीप र प्रविधि र यससंग सम्बन्धित आनुवंशीक स्रोतमाथिको हक अधिकारहरू सुरक्षित र सुनिश्चित गरी उनीहरूको परम्परागत अभ्यास, ज्ञान, शीप र प्रविधि र यससंग सम्बन्धित आनुवंशीक स्रोतसम्मको पहुँच र उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गरिनेछ ।
८. प्रतिफल, असर र प्रभावको बहुपक्षीय मापन गर्ने र योजना/आयोजना/कार्यक्रमको मूल्याङ्कनका साथ सिकाई अभिवृद्धिको खाका तयार गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. गरिबी न्यूनीकरणका लागि सामुदायिक क्षेत्रको सबलीकरण ।
   **क.** गरिबी न्यूनीकरण तथा स्व-निर्भरताका लागि विपन्न, सुविधाबञ्चित, सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिको सामुदायिक सबलीकरण ।
   **ख.** विपन्न, सुविधाबञ्चित, सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजातिको क्षमता तथा संसाधनमा पहुँच वृद्धि ।
   **ग.** आदिवासी जनजाति स्व-निर्णित विकास कोष स्थापना ।
२. सीमान्तबाट केन्द्रतिरको तीव्र विकास र द्रूत आर्थिक वृद्धिको यात्रा ।
   **क.** सीमान्तकृत, विपन्न परिवार, समुदाय र क्षेत्रको पहिचान तथा सघन विकास आयोजना ।

**ख.** भौतिक पूर्वाधार निर्माण आयोजनाहरूको सीमान्त क्षेत्र केन्द्रित वितरण ।

**ग.** सीमान्त क्षेत्रमा सार्वजनिक खर्च वृद्धि ।

**घ.** विपन्न तथा सीमान्त क्षेत्र, समुदाय, लिंग र वर्गको सशक्तीकरण, समृद्धीकरणमा गरिने विशेष लगानी सम्बन्धी सबै तहको आर्थिक ऐनमा संशोधन ।

३. आदिवासी ज्ञान, शीप, प्रविधिको उपयोग र आनुवंशीक स्रोतको पहुँचबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड ।

४. गरीब तथा गरिबीको जोखिममा रहेका आदिवासी जनजातिको आर्थिक सेवा र बजार केन्द्रमा पहुँच वृद्धि ।

५. विपन्न र सम्पन्न समुदायबीचको सामाजिक-आर्थिक असमानता न्यूनीकरणका लागि विपन्न, सीमान्तकृत समुदाय केन्द्रित आय आर्जन, रोजगारी, शीप विकास, उद्यम प्रवर्द्धन कार्यक्रम ।

**क.** आय आर्जन कार्यक्रम ।

**ख.** समन्यायिक रोजगार अवसर आयोग गठन ।

**ग.** रोजगारीसंग शीप विकास कार्यक्रम ।

**घ.** गरीब आदिवासी जनजातिको लागि उद्यम प्रवर्द्धन तथा वित्तीय संस्थमा पहुँच वृद्धि ।।

**ङ.** आदिवासी जनजाति केन्द्रित घुम्ती स्थलगत प्रशिक्षण कार्यक्रम ।

६. भूमि अन्यायबाट उत्पीडित आदिवासी जनजातिलाई न्यायोचित क्षतिपूर्तिको व्यवस्था ।

**क.** भूमि अन्याय छानवीनको लागि अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन ।

**ख.** सम्बन्धित कानून, नियमहरू संशोधन ।

**ग.** भूमि हकको पुनर्स्थापना र न्यायोचित क्षतिपूर्ति तथा अर्थोपार्जन एवं सुरक्षित आवासको व्यवस्था ।

७. प्रतिफल, असर र प्रभावको बहुपक्षीय मापन र सिकाई अभिवृद्धिको खाका निर्माण ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्यसम्ममा गरिबीको रेखामुनि रहेका आदिवासी जनजाति आवादीको अनुपात ५० प्रतिशतले कमी आएको र गरिबी सम्भाव्यता सूचकाङ्क (Poverty Probability Index) उच्च रहेको आदिवासी जनजातिको स्थितिमा उल्लेख्य सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| गरिबी निवारण तथा असमानता न्यूनीकरण | १. गरिबी न्यूनीकरणका लागि सामुदायिक क्षेत्रको सबलीकरण । गरिबी न्यूनीकरणका लागि सामुदायिक क्षेत्रको सबलीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** गरिबी न्यूनीकरण तथा स्व-निर्भरताका लागि विपन्न, सुविधाबञ्चित, सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिको सामुदायिक सबलीकरण । | ✓ | ✓ | ✓ |
| | **ख.** विपन्न, सुविधाबञ्चित, सीमान्तीकृत एवं लोपोन्मुख आदिवासी जनजातिको क्षमता तथा संसाधनमा पहुँच वृद्धि । | ✓ | ✓ | ✓ |
| | **ग.** आदिवासी जनजाति स्व-निर्णित विकास कोष स्थापना । | ✓ | ✓ | ✓ |
| | २. सीमान्तबाट केन्द्रतिरको तीब्र विकास र द्रूत आर्थिक वृद्धिको यात्रा । | ✓ | ✓ | ✓ |
| | **क.** सीमान्तकृत, विपन्न परिवार, समुदाय र क्षेत्रको पहिचान तथा सघन विकास आयोजना । | ✓ | ✓ | ✓ |
| | **ख.** भौतिक पूर्वाधार निर्माण आयोजनाहरूको सीमान्त क्षेत्र केन्द्रित वितरण । | ✓ | ✓ | ✓ |
| | **ग.** सीमान्त क्षेत्रमा सार्वजनिक खर्च वृद्धि । | ✓ | ✓ | ✓ |
| | **घ.** विपन्न तथा सीमान्त क्षेत्र, समुदाय, लिंग र वर्गको सशक्तीकरण, समृद्धीकरणमा गरिने विशेष लगानी सम्बन्धी सबै तहको आर्थिक ऐनमा संशोधन । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी ज्ञान, शीप, प्रविधिको उपयोग र आनुवंशीक स्रोतको पहुँचबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ४. गरीब तथा गरिबीको जोखिममा रहेका आदिवासी जनजातिको आर्थिक सेवा र बजार केन्द्रमा पहुँच वृद्धि । | ✓ | ✓ | ✓ |
| | ५. भूमि अन्यायबाट उत्पीडित आदिवासी जनजातिलाई न्यायोचित क्षतिपूर्तिको व्यवस्थाछ. विपन्न र सम्पन्न समुदायबीचको सामाजिक-आर्थिक असमानता न्यूनीकरणका लागि विपन्न, सीमान्तकृत समुदाय केन्द्रित आय आर्जन, रोजगारी, शीप विकास, उद्यम प्रवर्द्धन कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** आय आर्जन कार्यक्रम । | | ✓ | ✓ |
| | **ख.** समन्यायिक रोजगार अवसर आयोग गठन । | ✓ | ✓ | ✓ |
| | **ग.** रोजगारीसंग शीप विकास कार्यक्रम । | | ✓ | ✓ |
| | **घ.** गरीब आदिवासी जनजातिको लागि उद्यम प्रवर्द्धन तथा वित्तीय संस्थमा पहुँच वृद्धि । | ✓ | ✓ | ✓ |
| | **ङ.** आदिवासी जनजाति केन्द्रित घुम्ती स्थलगत प्रशिक्षण कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ६. भूमि अन्यायबाट उत्पीडित आदिवासी जनजातिलाई न्यायोचित क्षतिपूर्तिको व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.** भूमि अन्याय छानवीनको लागि अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन । | ✓ | ✓ | ✓ |
| | **ख.** सम्बन्धित कानून, नियमहरू संशोधन । | ✓ | ✓ | ✓ |
| | **ग.** भूमि हकको पुनर्स्थापना र न्यायोचित क्षतिपूर्ति तथा अर्थोपार्जन एवं सुरक्षित आवासको व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ७. प्रतिफल, असर र प्रभावको बहुपक्षीय मापन र सिकाई अभिवृद्धिको खाका निर्माण । | ✓ | ✓ | ✓ |

# श्रम तथा रोजगारी

## पृष्ठभूमि

केही अध्ययनहरूले के देखाएको छ भने अधिकांश आदिवासी जनजाति निर्वाहमुखी कृषिमा र पटके ज्यालादारीमा निर्भर हुनाले अर्ध-बेरोजगार छन् र रोजगारहरू पनि हप्तामा ४० घण्टाभन्दा कम समय काम पाउनेहरू छन् ।

एक सर्वेक्षण अनुसार लगभग ६७ प्रतिशत पहाडे आदिवासी जनजाति र ७४ प्रतिशत तराई आदिवासी जनजातिले बेरोजगार भत्ता बारे सुनेकै छैनन् र १८.७ प्रतिशत पहाडे आदिवासी जनजाति र २०.२ प्रतिशत तराई आदिवासी जनजातिले यस्तो व्यवस्था सुनेका छन् । तर यस्तो सुविधा पाएको छैनन् । करीब पाँच प्रतिशत आदिवासी जनजातिले बेरोजगार भत्ता व्यवस्था सुनेका भए पनि ०.२ प्रतिशत पहाडे आदिवासी जनजाति र ०.१ प्रतिशत तराई आदिवासी जनजातिले मात्र यस्तो सुविधा पाएका छन् । सरकारी क्षेत्रको रोजगारीमा ४६.५ प्रतिशत पहाडे आदिवासी जनजाति र ४३.४ प्रतिशत तराई आदिवासी जनजातिले मात्र सरकारी रोजगारी/नोकरीमा सबैलाई समान अवसर छ भन्ने ठान्दछन् । लगभग एक प्रतिशतभन्दा पनि कम पहाडे आदिवासी जनजाति र २.२ प्रतिशत तराई आदिवासी जनजाति श्रमिकले मात्र ट्रेड युनियनको सदस्यता लिएका छन् ।[10]

## रणनीति

१. विभिन्न औपचारिक तथा अनौपचारिक क्षेत्रका आदिवासी जनजाति श्रमिकको क्षमता अभिवृद्धि गरी मर्यादित रोजगारीमा लगाउने ।
२. आदिवासी जनजातिको रोजगारीमा समानुपातिक समान अवसर सुनिश्चित गर्ने ।
३. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय श्रम कानूनहरूद्वारा सुनिश्चित गरिएका श्रमिक अधिकार आदिवासी जनजाति श्रमिकहरूले विनाभेद्भाव उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## कार्यनीति

१. आदिवासी जनजातिलाई सबै क्षेत्रको रोजगारीमा भेद्भावरहीत, पूर्वाग्रहरहीत, न्यायपूर्ण, समान पहुँच सुनिश्चित गरिने छ । क्रियाशील उमेरका सबै आदिवासी जनजातिको शीप र दक्षता, उत्पादकत्व अभिवृद्धि गरी उनीहरूलाई उत्पादनशील तथा मर्यादित रोजगारी उपलब्ध गराइनेछ ।
२. अस्थायी प्रकृतिको जोखिमपूर्ण रोजगारीमा संलग्न आदिवासी जनजातिलाई स्थायी प्रकृतिको उत्पादनशील तथा मर्यादित रोजगारीका लागि सक्षम बनाउने उपायहरू अवलम्बन गरिनेछ ।

---

[10] Nepal Governance Survey 2017/18,

३. आदिवासी जनजाति श्रमिकलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय श्रम कानून अन्तर्गत व्यवस्था गरिएका सम्पूर्ण अधिकारहरूको पूर्ण उपभोग गर्ने वातावरण निर्माण गरिनेछ ।
४. आदिवासी जनजाति श्रमिकहरूलाई संघसंस्था तथा कानूनी ट्रेड युनियन गतिविधिहरू गर्ने सम्पूर्ण स्वतन्त्रता तथा रोजगारदाताहरू वा रोजगारदाता संस्थाहरूसंग सामुहिक सम्झौताहरू गर्नसक्ने वातावरण निर्माण गरिनेछ ।
५. आदिवासी जनजातिसंग सम्वन्धित श्रमिकहरूलाई कमैया, कमलरी, हरूवा चरुवालगायतका बँधुवा श्रम वा ऋण तिर्न नसकेको कारणले दास बनाउने वा अन्य किसिमका काममा बलपूर्वक लगाउने प्रणालीको पूर्णतया उन्मूलन गरिनेछ ।
६. आदिवासी जनजातिसंग सम्बन्धित कामदारहरूले महिला र पुरुषका लागि रोजगारीमा समान अवसर, समान कार्यको समान पारिश्रमिक र समान व्यवहार उपयोग गर्न पाउने र यौनजन्य दुर्व्यवहार विरुद्ध संरक्षण पाउने व्यवस्था गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिको उत्पादनशीलता तथा मर्यादित रोजगारीमा अभिवृद्धि कार्यक्रम ।
   क. उत्पादनशीलता अभिवृद्धि कार्यक्रम ।
   ख. मर्यादित रोजगारीमा पहुँच अभिवृद्धि कार्यक्रम ।
२. अस्थायी प्रकृतिको जोखिमपूर्ण रोजगारीमा संलग्न आदिवासी जनजातिको दक्षता/क्षमता अभिवृद्धि आयोजना ।
३. आदिवासी जनजाति श्रमिकको अधिकारको प्रत्याभूतिका लागि कानून संशोधन ।
४. आदिवासी जनजाति श्रमिकहरूको ट्रेड युनियन गतिविधिमा संलग्नता प्रवर्द्धन ।
५. आदिवासी जनजातिलाई बँधुवा श्रमिक बनाउने, करकापमा पारेर काम लाउने परिपाटीको अन्त्यको विशेष व्यवस्था ।
६. आदिवासी जनजाति महिलालाई समान अवसर, समान पारिश्रमिक र यौनजन्य हिंसाबाट संरक्षणको प्रत्याभूति ।
   क. शिक्षा तथा सूचना अभियान ।
   ख. अनुगमन, सुपरिवेक्षण तथा सुरक्षा निकायको सुदृढीकरण र क्रियाकलाप वृद्धि ।
   ग. रोजगारदाता संस्थाहरूसंग नियमित अन्तरक्रिया ।

**अपेक्षित उपलब्धि**

पन्ध्रौं पञ्चवर्षीय योजना अवधिको अन्त्यसम्ममा ७५ प्रतिशत आदिवासी जनजाति श्रमशक्ति उत्पादनशील तथा मर्यादित रोजगारीमा संलग्न भएका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| श्रम तथा रोजगारी | १. आदिवासी जनजातिको उत्पादनशीलता तथा मर्यादित रोजगारीमा अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **क.** उत्पादनशीलता अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख.** मर्यादित रोजगारीमा पहुँच अभिवृद्धि कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | २. अस्थायी प्रकृतिको जोखिमपूर्ण रोजगारीमा संलग्न आदिवासी जनजातिको दक्षता/क्षमता अभिवृद्धि आयोजना । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजाति श्रमिकको अधिकारका प्रत्याभूतिका लागि कानून संशोधन । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजाति श्रमिकहरूको ट्रेड युनियन गतिविधिमा संलग्नता प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजातिलाई बँधुवा श्रमिक बनाउने, करकापमा पारेर काम लाउने परिपाटीको अन्त्यको विशेष व्यवस्था । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजाति महिलालाई समान अवसर, समान पारिश्रमिक र यौनजन्य हिंसाबाट संरक्षणको प्रत्याभूति । | ✓ | ✓ | ✓ |
| | **क.** शिक्षा तथा सूचना अभियान । | | ✓ | ✓ |
| | **ख.** अनुगमन, सुपरिवेक्षण तथा सुरक्षा निकायको सुदृढीकरण र क्रियाकलाप वृद्धि । | ✓ | ✓ | ✓ |
| | **ग.** रोजगारदाता संस्थाहरूसंग नियमित अन्तरक्रिया । | ✓ | ✓ | ✓ |

# मानव संसाधन विकास

**लक्ष्य**

गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिकको संख्या वृद्धि गर्ने ।

**उद्देश्य**

उत्पादनशील र मर्यादित रोजगारीका लागि शिक्षा, तालीम, अनुशिक्षण प्राप्त, सक्षम तथा स्वस्थ जनसंख्या वृद्धि गर्ने ।

**रणनीति**

सबै प्रकारका अवसरहरू उपलव्ध गराएर ऊर्जाशील, उत्पादनशील एवं सृजनशील आदिवासी जनजाति नागरिक पैदा गर्ने ।

**कार्यनीति**

१. अल्पसंख्यक सुविधाबञ्चित तथा सीमान्तीकृत आदिवासी जनजातिका विशेष आवश्यकताहरूलाई ध्यानमा राखेर उनीहरूको सहभागितामा विशेष तालीम कार्यक्रम र सुविधाहरूको व्यवस्था गरिनेछ ।

२. सक्रिय उमेरका सम्पूर्ण आदिवासी जनजातिलाई अल्पकालीन तथा नियमित गुणस्तरीय जीवनपयोगी व्यावसायिक तालीम तथा प्राविधिक शिक्षामा संलग्न गराउन विशेष उपायहरू अवलम्बन गरिनेछ ।

३. कुनै पनि विशेष तालीम कार्यक्रम आदिवासी जनजातिहरूको आर्थिक स्थिति, सामाजिक र साँस्कृतिक अवस्था तथा व्यावहारिक आवश्यकतामा आधारित हुनेछ । आदिवासी जनजातिहरूले चाहेमा यस्ता विशेष तालीम कार्यक्रमको संगठन र सञ्चालनको लागि प्रगतिशील रुपमा जिम्मेवारी बहन गर्ने व्यवस्था मिलाइनेछ ।

४. बहुप्रविधि शिक्षा र तालीमका अवसरहरू विस्तार गरी आदिवासी जनजाति नागरिकहरूलाई उत्पादनशील शीप र प्रविधिको ज्ञानयुक्त ऊर्जाशील, उत्पादनशील तथा सृजनशील श्रमशक्ति बनाइनेछ ।

५. विपन्न, सुविधाबञ्चित, अल्पसंख्यक, सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिहरूलाई बदलिंदो सामाजिक, साँस्कृतिक, आर्थिक र वातावरणीय परिवेशका विभिन्न चुनौतीहरूलाई सामना गर्न सक्षम र आफ्नो विकासको आफैं निर्माता (Architect) बन्न विभिन्न अवसरहरू उपलब्ध गराई आवश्यक शीप र ज्ञानद्वारा सशक्त बनाइनेछ ।

६. आदिवासी जनजाति मानवसंशाधनको कौशल/निपुणता, उत्प्रेरणालगायतका आन्तरिक सारभूत क्षमता अभिवृद्धि गरी राष्ट्रिय उत्पादनको वृद्धिमा योगदान पुऱ्याइनेछ । ती मानव संशाधनलाई मानवपूँजीमा रुपान्तरण गर्ने आवश्यक उपायहरू अवलम्बन गरिनेछ । यस्ता उपायहरूमा अवलम्बन गर्दा आदिवासी जनजाति महिलालाई पनि समान रुपमा सहभागी बनाइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. सुविधाबञ्चित तथा सीमान्तीकृत आदिवासी जनजातिको आवश्यकता र स्थिति अनुरुपको विशेष तालीम कार्यक्रम र सुविधाको व्यवस्था ।

   **क.** बहु-व्यावसायिक तथा बहु-प्राविधिक तालीम कार्यक्रम ।

   **ख.** तालीम दिने संस्था र सुविधाको विस्तार ।

   **ग.** प्रशिक्षार्थीलाई विशेष आर्थिक सहयोग ।

२. सक्रिय उमेरका सम्पूर्ण आदिवासी जनजातिलाई गुणस्तरीय जीवनोपयोगी तालीम तथा प्राविधिक शिक्षामा संलग्नता अभिवृद्धि ।

   **क.** जीवनोपयोगी प्राविधिक शिक्षामा प्रशिक्षार्थी कोटा वृद्धि ।

   **ख.** तालीमलाई जीवनोपयोगी बनाउने तालीमको विषय र कार्यक्रममा सुधार ।

   **ग.** तालीम तथा प्राविधिक शिक्षामा लक्षित समूह छात्रवृत्ति/वित्तीय प्रोत्साहन ।

३. आदिवासी जनजातिको पहलमा विशेष तालीम कार्यक्रमको संगठन र सञ्चालनलाई प्रोत्साहन ।

४. आदिवासी जनजातिको पहुँच वृद्धि गर्न बहु-प्रविधि शिक्षा र तालीम संस्था तथा अवसरको विस्तार ।

५. विपन्न, सुविधाबञ्चित, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई उत्पादनशील, ज्ञान-शीपयुक्त, 'आफ्नो विकासको आफैं निर्माता' बनाउने प्राविधिक सशक्तीकरण कार्यक्रम ।

६. आदिवासी जनजाति मानव संसाधनको मानवपूँजीमा रुपान्तरण ।

   **क.** आदिवासी जनजाति मानव संसाधनको स्थितिको लेखाजोखा ।

   **ख.** मानव संसाधनको विशेषता अनुरुप मानवपूँजीमा रुपान्तरणका लागि अनुशिक्षण, प्रशिक्षण तथा वृत्तिविकास कार्यक्रम ।

   **ग.** प्रशिक्षित संस्थाहरूको सुदृढीकरण ।

   **घ.** सार्वजनिक, निजी, सहकारी र सामुदायिक साझेदारीमा आदिवासी मावनपूँजी निर्माण सम्बन्धी विशेष पहल ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा औपचारिक शिक्षा प्रणालीभन्दा बाहिरबाट अल्पकालीन तथा दीर्घकालीन जीवनपयोगी तालीम र वैकल्पिक, जीवनपर्यन्त शिक्षाद्वारा क्षमता अभिवृद्धि भई योजनावधिमा प्रतिवर्ष ३ लाख आदिवासी जनजाति नागरिकहरू उत्पादनशील, ऊर्जाशील र सृजनशील बनेका हुनेछन् ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| मानव संशाधन विकास | १. सुविधाबञ्चित तथा सीमान्तीकृत आदिवासी जनजातिको आवश्यकता र स्थिति अनुरुपको विशेष तालीम कार्यक्रम र सुविधाको व्यवस्था । | ✓ | ✓ | ✓ |
| | **क.** बहु-व्यावसायिक तथा बहु-प्राविधिक तालीम कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ख.** तालीम दिने संस्था र सुविधाको विस्तार । | ✓ | ✓ | ✓ |
| | **ग.** प्रशिक्षार्थीलाई विशेष आर्थिक सहयोग । | | ✓ | ✓ |
| | २. सक्रिय उमेरका सम्पूर्ण आदिवासी जनजातिलाई गुणस्तरीय जीवनोपयोगी तालीम तथा प्राविधिक शिक्षामा संलग्नता अभिवृद्धि । | ✓ | ✓ | ✓ |
| | **क.** जीवनोपयोगी प्राविधिक शिक्षामा प्रशिक्षार्थी कोटा वृद्धि । | ✓ | ✓ | ✓ |
| | **ख.** तालीमलाई जीवनोपयोगी बनाउने तालीमको विषय र कार्यक्रममा सुधार । | ✓ | ✓ | ✓ |
| | **ग.** तालीम तथा प्राविधिक शिक्षामा लक्षित समूह छात्रवृत्ति/वित्तीय प्रोत्साहन । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिको पहलमा विशेष तालीम कार्यक्रमको संगठन र सञ्चालनलाई प्रोत्साहन । | ✓ | ✓ | ✓ |
| | ४. आदिवासी जनजातिको पहुँच वृद्धि गर्न बहु-प्रविधि शिक्षा र तालीम संस्था तथा अवसरको विस्तार । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ५. विपन्न, सुविधाबञ्चित, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई उत्पादनशील, ज्ञान-शीपयुक्त, 'आफ्नो विकासको आफैं निर्माता' बनाउने प्राविधिक सशक्तीकरण कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ६. आदिवासी जनजाति मानव संसाधनको मानवपूँजीमा रुपान्तरण । | ✓ | ✓ | ✓ |
| | **क.** आदिवासी जनजाति मानव संसाधनको स्थितिको लेखाजोखा । | ✓ | ✓ | ✓ |
| | **ख.** मानव संसाधनको विशेषता अनुरुप मानवपूँजीमा रुपान्तरणका लागि अनुशिक्षण, प्रशिक्षण तथा वृत्तिविकास कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | **ग.** प्रशिक्षण संस्थाहरूको सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **घ.** सार्वजनिक, निजी, सहकारी र सामुदायिक साझेदारीमा आदिवासी मावनपूँजी निर्माण सम्बन्धी विशेष पहल । | ✓ | ✓ | ✓ |

# समावेशीकरण

**पृष्टभूमि**

एक सर्वेक्षण अनुसार सरकारी क्षेत्रमा विभिन्न जातजाति/समूहको समावेशीकरण र प्रतिनिधित्व बारे २६.६ प्रतिशत पहाडे आदिवासी जनजाति र २६.८ प्रतिशत तराई आदिवासी जनजाति मात्र पूर्ण जनाकार छन् र २३.४ प्रतिशत पहाडे आदिवासी र २५.२ प्रतिशत तराई आदिवासी जनजातिलाई केही थाहा छैन। त्यसरी नै २५.६ प्रतिशत पहाडे आदिवासी जनजाति र १५.४ प्रतिशत तराई आदिवासी जनजातिले मात्र उपभोक्ता समूह (वन र अन्य विकास गतिविधि सम्वद्ध)का सदस्यता लिएका छन्।[11]

**लक्ष्य**:

राज्यको शक्ति संरचना र स्रोतसाधनमा आदिवासी जनजातिको समानुपातिक सहभागिता सुनिश्चित गर्ने।

**उद्देश्य**:

राज्यका सबै शक्ति संरचना र स्रोतसाधनमा आदिवासी जनजातिको समानुपातिक हिस्सेदारी सुनिश्चित गर्ने।

**रणनीति**

१. राज्यको सबै निकायमा समानुपातिक प्रतिनिधित्वको हालको व्यवस्थामा पुनरावलोकन गरी अद्यावधिक र प्रभावकारी बनाउने।
२. राज्यको स्रोतसाधन (संसाधन) र अवसरहरूमा आदिवासी जनजातिको समन्यायिक हिस्सेदारी सुनिश्चित गर्ने।
३. राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद् र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
४. शीप विकास तालीम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम बनाउने।
५. आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय तथा पीछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गर्ने।

---

[11] Nepal Governance Survey 2017/18,

**कार्यनीति**

१. आदिवासी जनजातिलाई प्रभावित गर्ने कुनै पनि सरकारी वा प्रशासनिक निर्णय गर्दा उनीहरूको परम्परागत वा प्रतिनिधिमूलक संस्थाहरूका प्रतिनिधिहरूलाई सहभागी बनाउने र उनीहरूको सहमति लिने बाध्यकारी व्यवस्था मिलाई उनीहरूको आवाज, सरोकार र अपेक्षाको कदर गरी राज्यको स्रोतसाधन र अवसरहरूमा समन्यायिक हिस्सेदारी सुनिश्चित गरिनेछ ।

२. आदिवासी जनजातिको सघन वा उल्लेख्य उपस्थिति रहेको भूक्षेत्रमा कुनै पनि विकास आयोजना तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन गर्दा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी लिने व्यवस्था मिलाइनेछ । यस्तो व्यवस्था उनीहरूसंगको परामर्शमा निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. सीमान्तीकृत, अतिसीमान्तीकृत र लोपोन्मूख आदिवासी जनजातिको आर्थिक-सामाजिक सशक्तीकरण र सुख-समृद्धिको लागि पृथक-पृथक लक्षित, अग्रगामी कार्यवाही अघि बढाई आधुनिक भौतिक सम्पत्तिमा उनीहरूको पहुँच वृद्धि गरिनेछ ।

४. आदिवासी जनजातिको सामाजिक, साँस्कृतिक, धार्मिक तथा आध्यात्मिक मूल्य तथा प्रचलनहरूलाई मान्यता दिई संरक्षण एवं सम्वर्द्धन गरिने छ, र उनीहरूले समूहगत तथा व्यक्तिगत रुपमा भोल्नु परेका समस्याहरूको प्रकृतिलाई समुचित ध्यान दिइनेछ ।

५. आदिवासी जनजातिका संकटग्रस्त तथा लोपोन्मुख भाषा र साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन र विकासका विशेष उपायहरू अवलम्बन गरिनेछ ।

६. आदिवासी जनजातिको उल्लेख्य उपस्थिति भएका थातथलोमा उनीहरूको सहभागितामा संग्रहालय, वाचनालय, साँस्कृतिक भवन, विश्रामस्थल, पाहुना-घर, साँस्कृतिक एवं धार्मिक सम्पदा स्थल र तिनको भौतिक स्वरुपहरूको संरक्षण, पुनरोद्धार तथा पुनर्निर्माण कार्य द्रूतगतिमा गरिनेछ ।

७. परम्परागत स्वामित्व वा अन्य परम्परागत प्रयोगका कारण आदिवासी जनजातिहरूसंग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, भू-क्षेत्र तथा स्रोतसाधनहरूको स्वामित्व पाउने, तिनको प्रयोग गर्ने, विकास गर्ने, नियन्त्रण गर्ने तथा उत्पादकत्व बढाउने व्यवस्थालाई सुदृढ गरिनेछ ।

८. राष्ट्रिय एकता सुदृढ गर्न सामाजिक, आर्थिक, राजनैतिक समावेशीकरणलाई हालका अभ्यासहरूबाट सिक्दै अझ समन्यायिक र प्रभावकारी तुल्याइनेछ ।

९. सरकारी सेवामा रहेको हालको समावेशी प्रावधानलाई हरेक समूहको मानव विकास सूचकाङ्क र सरकारी सेवामा रहेको अनुपातका आधारमा कोटा निर्धारण गर्ने व्यवस्था गरिनेछ ।

१०. सरकारी सेवामा समानुपातिक उपस्थिति नरहेका समूह वा जातजातिलाई लोक सेवा आयोग परिक्षाको तयारी कक्षा सञ्चालन गर्न आवश्यक प्राविधिक एवं वित्तीय सहयोग उपलब्ध गराइनेछ ।

११. विपन्न आदिवासी जनजातिलाई उनीहरूको आवश्यकता र चाहना अनुसारको विभिन्न प्रकारको जीवन-उपयोगी तालीम र व्यावसायिक जानकारी प्रदान गरिने छ । उनीहरूलाई उपयुक्त व्यवसाय, उद्योगधन्दा वा अर्थोपार्जनका क्रियाकलाप सञ्चालन गर्न प्राविधिक, भौतिक एवं वित्तीय सहयोग उपलब्ध गराइनेछ ।

१२. विपन्न, सीमान्तीकृत, अल्पसंख्यक, अतिसीमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजातिको रोजगारीको हक, खाद्य सुरक्षा एवं सम्प्रभुताको हक, स्वास्थ्य सम्बन्धी हक र सामाजिक सुरक्षाको हक प्राथमिकताका साथ प्रचलनमा ल्याई उनीहरूको जीवनस्तरमा अर्थपूर्ण सुधार ल्याइनेछ ।

१३. आदिवासी जनजातिको सामाजिक आर्थिक सशक्तीकरण र उनीहरूको संस्कृति, सभ्यता, भाषा, लिपि, साहित्य, लोकवार्ता, संगीत तथा नाट्यकला, ललितकला, इतिहासलगायतका अमूर्त तथा मूर्त साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक र प्राकृतिक सम्पदा एवं आध्यात्मिक धरोहरको संरक्षण, सम्वर्द्धन तथा उन्नयनका लागि संगठित एवं संस्थागत प्रयत्न सुदृढ गरिनेछ ।

१४. आदिवासी जनजाति जेष्ठ नागरिक, एकल महिला, टुहुरा, बालबालिका, द्वन्द्वपीडित तथा अपाङ्गता भएका व्यक्तिका अवस्था र विशेष आवश्यकताहरूप्रति ध्यान दिई विशेष रुपमा संरक्षण गरिनेछ ।

१५. आदिवासी महिला तथा बालबालिकाले पूर्ण संरक्षण उपभोग गरून् भन्ने कुरा सुनिश्चित गर्न आदिवासी जनजातिसंगको सहकार्यमा आवश्यक उपायहरू अवलम्बन गरिनेछ तथा उनीहरूमाथि कुनै पनि प्रकारका हिंसा र भेद्भाव नहुने, मर्यादित जीवन जिउँन पाउने स्थितिको प्रत्याभूति गरिनेछ ।

१६. आदिवासी जनजातिहरूको परम्परागत संस्था वा प्रतिनिधिमूलक संस्थाहरूलाई संस्थागत सुदृढीकरण, क्षमता विकास, साँस्कृतिक चाड-उत्सव आयोजना, मातृभाषाहरूको संरक्षण, पुनरुज्जीवन तथा सामुदायिक सम्वर्द्धन, नाट्यकला तथा ललितकला र आध्यात्मिक समग्रताको विकास अभियान, सामाजिक परिचालन, स्वयं सेवा, नागरिक सम्वेदीकरण सम्बादलगायतका क्रियाकलाप सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याइनेछ ।

१७. आदिवासी जनजाति समाजका विद्यमान बाल-विवाह, करकापको विवाह, दाइजो प्रथा, जीवन संस्कारमा फजूल (अत्यधिक) खर्च, बालश्रमलगायतका समस्याको अन्त्य गर्न आदिवासी जनजातिका परम्परागत संस्था वा प्रतिनिधिमूलक संस्थाहरूलाई व्यापक रुपमा परिचालन गरिनेछ ।

१८. अन्तर्राष्ट्रिय सीमाबाट विभाजित भएका आदिवासी जनजातिहरूलाई देशभित्रका उनीहरूका आफ्नै सदस्य एवं सीमापारिका सदस्यहरूसंग आध्यात्मिक, साँस्कृतिक, राजनीतिक, आर्थिक तथा सामाजिक उद्देश्यका क्रियाकलापलगायतमा सम्पर्क, सम्बन्ध र सहयोग कायम गर्ने र अभिवृद्धि गर्नसक्ने प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ ।

१९. अल्पसंख्यामा रहेका र जनसंख्या वृद्धिदर न्यून भएका वा ऋणात्मक रहेका कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा/लाप्चा, मेचे, कुशवाडियाजस्ता लोपोन्मुख आदिवासी जनजातिको संरक्षण र विकासका लागि विशेष कार्ययोजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०. आदिवासी जनजातिहरूका आफ्नै विशिष्ट पहिचान, इतिहास र आफ्नै परम्परागत सामाजिक संरचना तथा प्रणाली भएका समूह हुनाले उनीहरूको परम्परागत संस्था वा प्रतिनिधिमूलक संस्था दर्ता तथा सञ्चालन सम्बन्धी छुट्टै कानूनद्वारा व्यवस्थित गरिनेछ ।

२१. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ सो ऐनकै प्रक्रिया अनुरुप संशोधन गरी

सो प्रतिष्ठानलाई संघीय प्रणाली अनुरुपको आदिवासी जनजातिको सशक्तीकरण तथा मानव संसाधन विकास, उनीहरूको पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक, भाषिक, आध्यात्मिक सम्पदा सम्बन्धी अध्ययन, अनुसन्धान, प्रकाशन, संरक्षण तथा सम्वर्द्धन र आदिवासी जनजाति विकास सम्बन्धी कार्यहरूमा प्राविधिक सहयोग एवं तिनको अनुगमन, मूल्याङ्कनलगायतका क्षेत्रमा काम गर्ने सक्षम, विशिष्टीकृत, प्राज्ञिक संस्थाको रुपमा विकास गरिनेछ, सो प्रतिष्ठानको प्रत्येक प्रदेशमा प्रादेशिक शाखा र आवश्यकता अनुसार स्थानीय तहमा उप-शाखाहरू रहने व्यवस्था गरिनेछ ।

२२. हरेक पाँच-पाँच वर्षमा अध्ययन-अनुसन्धानमा सक्षम र स्वायत्त संस्थामार्फत समावेशीकरणको प्रतिफल, असर र प्रभावको अध्ययन गर्ने परम्परा स्थापित गरिनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. आदिवासी जनजातिलाई प्रभावित पार्ने निर्णयहरू गर्ने प्रक्रियामा उनीहरूको प्रतिनिधिमूलक संस्थाको प्रतिनिधित्व/सहभागिताको लागि कानूनमा संशोधन ।

२. आदिवासी जनजातिको उल्लेख्य उपस्थिति रहेका भू-क्षेत्रको विकास आयोजनाको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा उनीहरूको सहभागिता सम्बन्धी नीति निर्माण ।

३. आदिवासी जनजातिसंग स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी लिनु पर्ने कानूनी व्यवस्था ।

४. पृथक-पृथक आदिवासी जनजातिका लागि पृथक-पृथक लक्षित कार्यक्रम (शिक्षा, स्वास्थ्य, सूचना, आवास, उत्पादन साधन आदि) ।

५. आदिवासी जनजातिको सामाजिक, साँस्कृतिक, धार्मिक तथा आध्यात्मिक मूल्य र प्रचलनहरूको प्रवर्द्धन ।

६. परिवर्तित सन्दर्भमा आदिवासी जनजातिले भोल्नु परेका विविध समस्याहरूको सम्बोधन/निदान ।

   **क.** भोल्नु परेका समस्याहरूको पहिचान/अध्ययन ।

   **ख.** समस्या सम्बोधनका उपायहरूको अवलम्बन ।

७. आदिवासी जनजातिका संकटग्रस्त तथा लोपोन्मुख भाषा र साँस्कृतिक सम्पदाहरूको विशेष संरक्षण तथा सम्वर्द्धन ।

   **क.** संकटग्रस्त तथा लोपोन्मुख भाषाहरूको विशेष संरक्षण तथा सम्वर्द्धन ।

   **ख.** लेख्य परम्परा उन्मुख भाषाहरूको विकास ।

   **ग.** लेख्य परम्परा भएका भाषामा साहित्य निर्माण र तिनको शिक्षा तथा सरकारी कामकाजमा उपयोग ।

   **घ.** मूर्त/भौतिक साँस्कृतिक सम्पदाको पहिचान, अभिलेखीकरण र विशेष संरक्षण/पुनरोद्धार ।

   **ङ.** संगीत, नाट्यकला, चाड, उत्सव, लोकवार्ता, अनुष्ठान, जीवन दर्शनलगायत अमूर्त सम्पदाको अध्ययन, अभिलेखीकरण तथा संरक्षण, सम्वर्द्धन ।

   **च.** प्राचीन आदिवासी जनजाति सभ्यताको अध्ययन तथा सम्वर्द्धन ।

८. आदिवासी जनजाति थातथलो वा बहुल क्षेत्रमा संग्रहालय, वाचनालय, साँस्कृतिक भवन, विश्रामस्थल, पाहुना-घर, साँस्कृतिक एवं धार्मिक सम्पदा स्थल एवं भौतिक स्वरुपहरूको संरक्षण, पुनरोद्धार तथा पुनर्निर्माण ।

९. भू-स्वामित्व, भूमि विकास र उत्पादकत्व वृद्धि सम्बन्धी व्यवस्थाको सुदृढीकरण सम्बन्धी नीति/कानून निर्माण ।

१०. सामाजिक, आर्थिक, राजनैतिक समावेशीकरणका प्रक्रिया र अभ्यासहरूको परिमार्जन ।

**क**. हालका समावेशीकरणका प्रक्रिया, परिणाम र प्रभावहरू अध्ययन/मूल्याङ्कन ।

**ख**. अध्ययन/मूल्याङ्कनका निष्कर्ष बारे सार्वजनिक छलफल/बहशहरू ।

**ग**. आवश्यकतानुसार सम्बन्धित कानूनहरूमा संशोधन/परिमार्जन ।

**घ**. अल्पसंख्यक समुदाय तथा सीमान्तीकृत आदिवासी जनजातिको सबै तहको व्यवस्थापिकामा प्रतिनिधित्व सुनिश्चितता सुधारका लागि निर्वाचन क्षेत्रको सकारात्मक पुनःसीमाङ्कन (Alternavive Redistring)।

११. विपन्न आदिवासी जनजातिका लागि जीवन-उपयोगी शिक्षा र तालीम तथा व्यवसाय सञ्चालनका लागि प्रविधिक तथा पूँजीगत सहयोग ।

१२. रोजगारीको हक, खाद्य सुरक्षा तथा सम्प्रभूताको हक, स्वास्थ्य र शिक्षा सम्बन्धी हक, सामाजिक सुरक्षाको हक प्रचलन तथा प्रवर्द्धन ।

१३. दृश्यमान/भौतिक तथा अदृश्यमान/अभौतिक साँस्कृतिक पुरातात्विक, ऐतिहासिक र प्राकृतिक सम्पदा र आध्यात्मिक धरोहरको संरक्षण, सम्वर्द्धन र उन्नयनका लागि सम्बन्धित सामुदायिक/सामुहिक प्रयत्नको सुदृढीकरण ।

**क**. सम्बन्धित प्रयत्नलाई प्राविधिक एवं पूँजीगत सहयोग ।

**ख**. सम्बन्धित प्रयत्नका उपलब्धिको सरकारी संरक्षण ।

१४. आदिवासी जनजाति जेष्ठ नागरिक, एकल महिला, टुहुरा-टुहुरी, बालबालिका, द्वन्द्वपीडित तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुकूल विशेष संरक्षण ।

१५. आदिवासी जनजाति महिला र बालबालिकाको विशेष संरक्षण ।

१६. आदिवासी जनजातिका समस्यापूर्ण अभ्यास र संस्कारको उन्मूलन अभियान सम्बन्धित युवाहरूद्वारा सञ्चालन ।

१७. सीमा वारिपारिका आदिवासी जनजातिहरूबीच सम्पर्क, सम्बन्ध र सहयोग ।

१८. लोपोन्मुख आदिवासी जनजातिका संरक्षणका लागि विशेष कार्ययोजना ।

१९. हरेक पाँच-पाँच वर्षमा समावेशीकरणको अपेक्षित उपलब्धि/प्रतिफल, असर र प्रभावको अध्ययन अनुसन्धान ।

**अपेक्षित उपलब्धि**

योजनावधिको अन्त्य (२०८०/०८१) सम्ममा आदिवासी जनजाति (नेवार बाहेक)को सामाजिक, आर्थिक, राजनैतिक समावेशीकरण सूचकाङ्क र बहु-आयामिक सामाजिक समावेशीकरण सूचकाङ्क सरदरमा ५० प्रतिशतले सुधार आएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| समावेशीकरण | १. आदिवासी जनजातिलाई प्रभावित गर्ने निर्णयहरू गर्ने प्रक्रियामा उनीहरूको प्रतिनिधिमूलक संस्थाको प्रतिनिधित्व/सहभागिताको लागि कानूनमा संशोधन। | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिको उल्लेख्य उपस्थिति रहेका भू-क्षेत्रको विकास आयोजनाको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा उनीहरूको सहभागिता सम्बन्धी नीति निर्माण। | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिसंग स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी लिनुपर्ने कानूनी व्यवस्था। | ✓ | ✓ | ✓ |
| | ४. पृथक-पृथक आदिवासी जनजातिका लागि पृथक-पृथक लक्षित कार्यक्रम (शिक्षा, स्वास्थ्य, सूचना, आवास, उत्पादन साधन आदि)। | ✓ | ✓ | ✓ |
| | ५. आदिवासी जनजातिको सामाजिक, साँस्कृतिक, धार्मिक तथा आध्यात्मिक मूल्य र प्रचलनहरूको प्रवर्द्धन। | ✓ | ✓ | ✓ |
| | ६. परिवर्तित सन्दर्भमा आदिवासी जनजातिले भोल्नु परेका विविध समस्याहरूको सम्बोधन/निदान। | ✓ | ✓ | ✓ |
| | **क.** भोल्नु परेका समस्याहरूको पहिचान/अध्ययन। | ✓ | ✓ | ✓ |
| | **ख.** समस्या सम्बोधनका उपायहरूको अवलम्बन। | ✓ | ✓ | ✓ |
| | ७. आदिवासी जनजातिका संकटग्रस्त तथा लोपोन्मुख भाषा र साँस्कृतिक सम्पदाहरूको विशेष संरक्षण तथा सम्वर्द्धन। | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **क.** संकटग्रस्त तथा लोपोन्मुख भाषाहरूको विशेष संरक्षण तथा सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | **ख.** लेख्य परम्परा उन्मुख भाषाहरूको विकास । | ✓ | ✓ | ✓ |
| | **ग.** लेख्य परम्परा भएका भाषामा साहित्य निर्माण र तिनको शिक्षा तथा सरकारी कामकाजमा उपयोग । | ✓ | ✓ | ✓ |
| | **घ.** मूर्त/भौतिक साँस्कृतिक सम्पदाको पहिचान, अभिलेखीकरण र विशेष संरक्षण/पुनरोद्धार । | ✓ | ✓ | ✓ |
| | **ङ.** संगीत, नाट्यकला, चाड, उत्सव, लोकवार्ता, अनुष्ठान, जीवन दर्शनलगायत अमूर्त सम्पदाको अध्ययन, अभिलेखीकरण तथा संरक्षण, सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | **च.** प्राचीन आदिवासी जनजाति सभ्यताको अध्ययन तथा सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | ८. आदिवासी जनजाति थातथलो वा बहुल क्षेत्रमा संग्रहालय, वाचनालय, साँस्कृतिक भवन, विश्रामस्थल, पाहुना-घर, साँस्कृतिक एवं धार्मिक सम्पदा स्थल एवं भौतिक स्वरुपहरूको संरक्षण, पुनरोद्धार तथा पुनर्निर्माण । | ✓ | ✓ | ✓ |
| | ९. भू-स्वामित्व, भूमि विकास र उत्पादकत्व वृद्धि सम्बन्धी व्यवस्थाको सुदृढीकरण सम्बन्धी नीति/ कानून निर्माण । | ✓ | ✓ | ✓ |
| | १०. सामाजिक, आर्थिक, राजनैतिक समावेशीकरणका प्रक्रिया र अभ्यासहरूको परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **क.** हालका समावेशीकरणका प्रक्रिया, परिणाम र प्रभावहरू अध्ययन/मूल्याङ्कन । | ✓ | ✓ | ✓ |
| | **ख.** अध्ययन/मूल्याङ्कनका निष्कर्ष बारे सार्वजनिक छलफल/बहशहरू । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | **ग.** आवश्यकतानुसार सम्बन्धित कानूनहरूमा संशोधन/परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **घ.** अल्पसंख्यक समुदाय तथा सीमान्तीकृत आदिवासी जनजातिको सबै तहको व्यवस्थापिकामा प्रतिनिधित्व सुनिश्चितता सुधारका लागि निर्वाचन क्षेत्रको सकारात्मक पुनःसीमाङ्कन (Alternavive Redistring) । | ✓ | ✓ | ✓ |
| | ११. विपन्न आदिवासी जनजातिका लागि जीवनउपयोगी शिक्षा र तालीम तथा व्यवसाय सञ्चालनका लागि प्रविधिक तथा पूँजीगत सहयोग । | ✓ | ✓ | ✓ |
| | १२. रोजगारीको हक, खाद्य सुरक्षा तथा सम्प्रभूताको हक, स्वास्थ्य र शिक्षा सम्बन्धी हक, सामाजिक सुरक्षाको हक प्रचलन तथा प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | १३. दृश्यमान/भौतिक तथा अदृश्यमान/अभौतिक साँस्कृतिक पुरातात्विक, ऐतिहासिक र प्राकृतिक सम्पदा र आध्यात्मिक धरोहरको संरक्षण, सम्वर्द्धन र उन्नयनका लागि सम्बन्धित सामुदायिक/सामुहिक प्रयत्नको सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **क.** सम्बन्धित प्रयत्नलाई प्राविधिक एवं पूँजीगत सहयोग । सामुदायिक/सामुहिक प्रयत्नको सुदृढीकरण । | ✓ | ✓ | ✓ |
| | **ख.** सम्बन्धित प्रयत्नका उपलब्धिको सरकारी संरक्षण । | ✓ | ✓ | ✓ |
| | १४. आदिवासी जनजाति जेष्ठ नागरिक, एकल महिला, टुहुरा-टुहुरी, बालबालिका, द्वन्द्वपीडित तथा अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुकूल विशेष संरक्षण । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | १५. आदिवासी जनजाति महिला र बालबालिकाको विशेष संरक्षण । | ✓ | ✓ | ✓ |
| | १६. आदिवासी जनजातिका समस्यापूर्ण अभ्यास र संस्कारको उन्मूलन अभियान सम्बन्धित युवाहरूद्वारा सञ्चालन । | ✓ | ✓ | ✓ |
| | १७. सीमा वारिपारिका आदिवासी जनजातिहरूबीच सम्पर्क, सम्बन्ध र सहयोग । | ✓ | ✓ | ✓ |
| | १८. लोपोन्मुख आदिवासी जनजातिका संरक्षणका लागि विशेष कार्ययोजना । | ✓ | ✓ | ✓ |
| | १९. हरेक पाँच-पाँच वर्षमा समावेशीकरणको अपेक्षित उपलब्धि/प्रतिफल, असर र प्रभावको अध्ययन अनुसन्धान । | ✓ | ✓ | ✓ |

# सामाजिक साँस्कृतिक विविधता

**लक्ष्य**

सामाजिक साँस्कृतिक विविधताको प्रवर्द्धन गरी सभ्य र न्यायपूर्ण समाज निर्माण गर्ने ।

**उद्देश्य**

देशमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक र धार्मिक विविधताको सम्मान र संरक्षण तथा सम्वर्द्धन गर्दै सामाजिक सद्भावपूर्ण, सभ्य र न्यायपूर्ण समाज निर्माण गर्ने ।

**रणनीति**

१. आदिवासी जनजातिको पुरातात्विक, साँस्कृतिक तथा ऐतिहासिक सम्पदा, उत्सव, प्रविधि तथा दृश्य एवं प्रस्तुतिकला र साहित्य, लिपिजस्ता उनीहरूका संस्कृतिका पूर्व, वर्तमान तथा भावी स्वरूपलाई कायम राख्ने, संरक्षण गर्ने तथा विकास गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

२. नश्लीय, जातीय, धार्मिक, साँस्कृतिक, भाषिक, लैंगिक भिन्नतामा आधारित वा त्यस्तो भिन्नताको पृष्ठपोषण गर्ने सिद्धान्त, नीति तथा प्रचलनहरू जातिवादी, अवैज्ञानिक, अवैध, निन्दनीय तथा अन्यायपूर्ण हुनाले जातीय, भाषिक वा साँस्कृतिक, धार्मिक, लैंगिक, क्षत्रीय, व्यवहारजन्य सबै प्रकारको विभेद्, हिंसा र दुर्व्यवहारको पूर्ण रुपमा उन्मूलन गरी सामाजिक साँस्कृतिक विविधता प्रवर्द्धन गर्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिको आफ्ना आध्यात्मिक, साँस्कृतिक तथा धार्मिक परम्परा, संस्कार र उत्सवहरू प्रदर्शन गर्ने, मान्ने, तिनको विकास गर्ने तथा सिकाउने आफ्ना धार्मिक तथा साँस्कृतिक र ऐतिहासिकस्थल र वस्तुको सम्भार गर्ने, संरक्षण गर्ने र आफ्ना पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक वस्तुहरूको प्रयोग तथा तिनमाथि नियन्त्रण गर्ने उनीहरूको अधिकारलाई सम्मान गरिनेछ ।

२. आदिवासी जनजातिको पुरातात्विक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिकस्थल तथा मूर्त-अमूर्त सम्पदा, प्रविधि, कलाकृति, उत्सव, दृश्य तथा प्रस्तुतिकला, मौखिक परम्परा, भाषा साहित्य, लिपिलगायत संस्कृतिको पूर्व, वर्तमान र भावी स्वरुप कायम राख्ने, संरक्षण एवं सम्वर्द्धन गर्ने तथा विकास गर्ने र विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने कार्यलाई भौतिक, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

३. आफ्नो इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यहरू पुनर्जीवित गर्ने, प्रयोग गर्ने तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने तथा समुदाय, स्थान तथा व्यक्तिहरूको आफ्नै पहिचानको नाम राख्ने र तिनलाई कायम राख्ने परापूर्वदेखि चलिआएको थीति वा प्रचलनलाई प्रवर्द्धन गरिनेछ ।

४. स्थानीय तहमा बहुसंख्यकले बोल्ने वा प्रचलित मातृभाषालाई स्थानीय सरकारी कामकाजको भाषा बनाउन प्रोत्साहित गरिनेछ ।

५. अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरू अनुरूप आदिवासी जनजातिहरूको संस्थागत संरचना, मौलिक पहिचान र आफ्ना पृथक् प्रचलनहरू, आध्यात्मिकता, परम्परा, प्रक्रिया, र अस्तित्वमा रहेको अवस्थामा न्यायिक प्रणाली र अभ्यासहरूको संरक्षण, सम्वर्द्धन तथा विकास कार्यलाई प्रभावकारी बनाई सामाजिक, साँस्कृतिक विविधताको प्रवर्द्धन गरिनेछ ।

६. विभिन्न मातृभाषा तथा संस्कृति सम्बन्धी अध्ययन अनुसन्धान तथा तिनको प्रवर्द्धन एवं विकास गर्ने प्राज्ञिक तथा साँस्कृतिक प्रतिष्ठानहरू स्थापना गरी साधन सम्पन्न तुल्याइनेछ । हरेक स्थानीय तहमा साँस्कृतिक संग्रहालय स्थापना गरिनेछ ।

७. आदिवासी जनजातिलाई आफ्नो भूमि र भू-क्षेत्रका वन, डाँडाकाँडा, पाखापर्वत, तालतलैया, पानीका मूल, नदीनाला, पशुपन्छीलगायतका प्राकृतिक वस्तुहरूसंगको पृथक् आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने र यस्ता सम्बन्धबाट भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने उनीहरूको परम्परालाई प्रवर्द्धन गरिनेछ ।

८. जातीय, भाषिक, साँस्कृतिक, धार्मिक, लैंगिक, क्षेत्रीय, व्यवहारजन्य सबै प्रकारका विभेद, हिंसा र दुर्व्यवहारको पूर्ण रुपमा उल्मूलन गरी सामाजिक, साँस्कृतिक विविधताको सुदृढीकरण गर्ने सद्भावपूर्ण, सभ्य र न्यायपूर्ण समाज निर्माण गरिनेछ ।

९. आदिवासी जनजाति र समाजका अन्य सम्पूर्ण जातजाति, समूह र वर्गबीच सहिष्णुता, समझदारी र सुसम्बन्ध प्रवर्द्धन गर्न सम्बन्धित आदिवासी जनजातिसंगको परामर्श तथा सहयोगमा सामाजिक संवेदीकरण (Sensitization), अन्तरजातीय सम्वाद जस्ता प्रभावकारी उपायहरू अवलम्बन गरिने छ ।

**प्रमुख कार्यक्रमहरू:**

१. सामाजिक, साँस्कृतिक विविधता प्रवर्द्धन सम्बन्धी नीति, कार्यक्रम र कानून परिमार्जन ।
   **क**. साझा लक्ष्य र साझा पहिचानको निर्माण ।
   **ख**. समकलानात्मक (intearctive) भाषा नीतिको अवलम्बन ।
   **ग**. प्रक्रियात्मक न्याय र शैक्षिक संसाधन सम्बन्धी सकारात्मक धारणा निर्माण ।
   **घ**. सामाजिक-साँस्कृतिक विविधता प्रवर्द्धन सम्बन्धी नीति, कानून र नियममा परिमार्जन ।

२. आदिवासी जनजातिको साँस्कृतिक, आध्यात्मिक एवं धार्मिक अधिकारको प्रचलन/उपभोगको प्रवर्द्धन ।

३. आदिवासी जनजातिको पुरातात्विक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक सम्पदा, परम्परागत समाधीस्थल, मूर्त अमूर्त सम्पदा, प्रविधि, कला, साहित्यको संरक्षण, सम्वर्द्धन र विकास सम्बन्धी प्रयत्नलाई भौतिक, प्राविधिक र आर्थिक सहयोग ।
   **क**. सरकारी योजना तर्जूमा तथा कार्यान्वयन ।
   **ख**. आदिवासी जनजाति संस्था/समूहका प्रयत्नलाई प्राविधिक तथा वित्तीय सहयोग ।

४. इतिहास, भाषा, मौखिक, दर्शन, लेखन प्रणाली तथा साहित्य पुनर्जीवित गर्ने पुस्तान्तरण गर्ने र आफ्ना समुदाय, सदस्य र स्थलको आफ्नै पहिचानको नाम राख्ने आदिवासी प्रथा तथा प्रचलनको प्रवर्द्धन ।
५. आदिवासी जनजातिको मौलिक विशेषता र विशिष्ट परम्परागत संस्थाहरूको सम्वर्द्धन तथा विकासद्वारा साँस्कृतिक विविधताको प्रवर्द्धन ।
६. भूमि, भू-क्षेत्र र प्राकृतिक वस्तुहरूसंगको विशिष्ट आध्यात्मिक सम्बन्धलाई निरन्तरता दिने र सुदृढ गर्ने आदिवासी जनजाति परम्पराको प्रवर्द्धन ।
७. सद्भावपूर्ण, सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि सबै प्रकारको विभेद, हिंसा र दुर्व्यवहारको पूर्णतया उन्मूलन ।
८. सामाजिक संवेदीकरण तथा अन्तर्जातीय सम्वाद कार्यक्रम ।
९. अन्तर्जातीय, अन्तरसामुदायिक, अन्तरक्षेत्रीय सम्पर्क तथा सामाजिकीकरणको सहजीकरण ।
१०. आदिवासी धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक सभ्यताहरूको संरक्षण तथा प्रवर्द्धन ।
११. मौलिक हिमाली सभ्यताको पहिचान, अनुसन्धान, संरक्षण तथा सम्वर्द्धन ।
१२. आदिवासी जनजाति क्षेत्रमा साँस्कृतिक भवन, संग्राहलय तथा सूचना केन्द्रहरूको स्थापना र सञ्चालन ।
१३. अन्तर्जातीय, अन्तरसामुदायिक धन सम्पत्तिजन्य चरम असमानताको प्रभावकारी न्यूनीकरण ।

**अपेक्षित उपलब्धि**

योजनावधिमा आदिवासी जनजातिलगायत देशको सबै जातजाति, समूह र समुदायहरूको मूर्त-अमूर्त वा भौतिक-अभौतिक, पुरातात्विक, धार्मिक, ऐतिहासिक, प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको अर्थपूर्ण रुपमा सम्वर्द्धन भएको हुनेछ । धार्मिक सहिष्णुता अभिवृद्धि भई धर्म-निरपेक्षता प्रवर्द्धित भएको हुनेछ । जातीय, भाषिक, साँस्कृतिक र धार्मिक विविधता राष्ट्रिय शक्तिको रुपमा विकसित भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| सामाजिक साँस्कृतिक विविधता | १. सामाजिक, साँस्कृतिक विविधता प्रवर्द्धन सम्बन्धी नीति, कार्यक्रम र कानून परिमार्जन । | ✓ | ✓ | ✓ |
| | **क.** साझा लक्ष्य र साझा पहिचानको निर्माण । | ✓ | ✓ | ✓ |
| | **ख.** समकलानात्मक (interactive) भाषा नीतिको अवलम्बन । | ✓ | ✓ | ✓ |
| | **ग.** प्रक्रियात्मक न्याय र शैक्षिक संसाधन सम्बन्धी सकारात्मक धाराण निर्माण । | ✓ | ✓ | ✓ |
| | **घ.** सामाजिक-साँस्कृतिक विविधता प्रवर्द्धन सम्बन्धी नीति, कानून र नियममा परिमार्जन । | ✓ | ✓ | ✓ |
| | २. आदिवासी जनजातिको साँस्कृतिक, आध्यात्मिक एवं धार्मिक अधिकारको प्रचलन/उपभोगको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | ३. आदिवासी जनजातिको पुरातात्विक, धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक सम्पदा, परम्परागत समाधीस्थल, मूर्त-अमूर्त सम्पदा, प्रविधि, कला, साहित्यको संरक्षण, सम्वर्द्धन र विकास सम्बन्धी प्रयत्नलाई भौतिक, प्राविधिक र आर्थिक सहयोग । | ✓ | ✓ | ✓ |
| | **क.** सरकारी योजना तर्जूमा तथा कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **ख.** आदिवासी जनजाति संस्था/समूहका प्रयत्नलाई प्राविधिक तथा वित्तीय सहयोग । | ✓ | ✓ | ✓ |
| | ४. इतिहास, भाषा, मौखिक, दर्शन, लेखन प्रणाली तथा साहित्य पुनर्जीवित गर्ने पुस्तान्तरण गर्ने र आफ्ना समुदाय, सदस्य र स्थलको आफ्नै पहिचानको नाम राख्ने आदिवासी प्रथा तथा प्रचलनको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |

| | | | | |
|---|---|---|---|---|
| | ५. आदिवासी जनजातिको मौलिक विशेषता र विशिष्ट परम्परागत संस्थाहरूको सम्वर्द्धन तथा विकासद्वारा साँस्कृतिक विविधताको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | ६. भूमि, भू-क्षेत्र र प्राकृतिक वस्तुहरूसंगको विशिष्ट अध्यात्मिक सम्बन्धलाई निरन्तरता दिने र सुदृढ गर्ने आदिवासी जनजाति परम्पराको प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | ७. सद्भावपूर्ण, सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि सबै प्रकारको विभेद्, हिंसा र दुर्व्यवहारको पूर्णतया उन्मूलन । | ✓ | ✓ | ✓ |
| | ८. सामाजिक संवेदीकरण तथा अन्तर्जातीय सम्वाद कार्यक्रम । | | ✓ | ✓ |
| | ९. अन्तर्जातीय, अन्तर-सामुदायिक, अन्तर-क्षेत्रीय सम्पर्क तथा सामाजिकीकरणको सहजीकरण । | ✓ | ✓ | ✓ |
| | १०. आदिवासी धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक सभ्यताहरूको संरक्षण तथा प्रवर्द्धन । | ✓ | ✓ | ✓ |
| | ११. मौलिक हिमाली सभ्यताको पहिचान, अनुसन्धान, संरक्षण तथा सम्वर्द्धन । | ✓ | ✓ | ✓ |
| | १२. आदिवासी जनजाति क्षेत्रमा साँस्कृतिक भवन, संग्राहलय तथा सूचना केन्द्रहरूको स्थापना र सञ्चालन । | ✓ | ✓ | ✓ |
| | १३. अन्तर्जातीय, अन्तरसामुदायिक धन सम्पत्तिजन्य चरम असमानताको प्रभावकारी न्यूनीकरण । | ✓ | ✓ | ✓ |

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

**पृष्ठभूमि**

अधिसंख्यक आदिवासी जनजातिहरू भौगोलिक एंव वातावरणीय हिसाबले धेरै नै जोखिम स्थितिमा छन्। एक अध्ययन अनुसार ६०.३ प्रतिशत पहाडे आदिवासी जनजाति र ५८ प्रतिशत तराई आदिवासी जनजातिको आफ्नो ठाउँमा रेडक्रसजस्ता प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी समिति वा समूहसम्म पनि छैन।[12] त्यस्तै ३६.४ प्रतिशत पहाडे आदिवासी जनजातिको आफ्नो थातथलो भूकम्पको अत्यन्तै जोखिममा छ र ४६.४ प्रतिशतको भने सामान्य जोखिममा छन्। लगभग ५० प्रतिशत तराई जनजातिलाई भने आफ्नो ठाउँ भूकम्पको सामान्य जोखिममा छ भन्ने ठान्दछन्। त्यसरी नै, ५९.१ प्रतिशत पहाडे आदिवासी जनजाति पहिरोको जोखिममा छन् र २८.७ प्रतिशत भने अत्यन्त जोखिममा छन्। यसैगरी ५१.२ प्रतिशत पहाडे आदिवासी जनजाति बाढीको जोखिममा छन्। तराई आदिवासी जनजाति भने ८५.७ प्रतिशत बाढीको जोखिममा छन् र ५१.६ प्रतिशत झन अत्यन्तै जोखिममा छन्। त्यस्तै ५९.१ प्रतिशत पहाडे आदिवासी जनजाति पहिरोको जोखिममा छन् र ५१.२ प्रतिशत बाढीको जोखिममा छन्। तराई आदिवासी जनजाति भने ८५.७ प्रतिशत बाढीको जोखिममा छन् र ५१.६ प्रतिशत भने अत्यन्तै जोखिममा छन्।[13]

**लक्ष्य**

प्राकृतिक प्रकोपको जोखिममा रहेका आदिवासी जनजातिहरूलाई सुरक्षित राख्ने।

**उद्देश्य**

प्राकृतिक प्रकोपको जोखिममा रहेका आदिवासी जनजातिहरूलाई सुरक्षित राख्न जोखिम निवारण तथा न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने।

**रणनीति**

आदिवासी जनजातिहरूलाई संभावित प्राकृतिक प्रकोपको जोखिमबाट बचाउन पूर्व तयारी, विपद् व्यवस्थापनलगायतका उपायहरू अवलम्बनका लागि सम्बन्धित निकायहरू परिचालित गर्ने।

**कार्यनीति**

१. प्राकृतिक प्रकोपका कारण र जोखिम बारे सम्बन्धित आदिवासी जनजातिलाई सचेत तुल्याइनेछ।

---

[12] Nepal Governance Survey 2017/18,
[13] Nepal Governance Survey 2017/18,

२. प्राकृतिक प्रकोपको जोखिममा रहेका आदिवासी जनजाति पहिचान गरी उनीहरूको अवस्थाको विस्तृत जानकारी लिइनेछ ।
३. जोखिम क्षेत्रका भौगोलिक नक्शाङ्कन गरी सो क्षेत्रमा विपद् व्यवस्थापन प्रभावकारी बनाइनेछ ।
४. सम्बन्धित परिवार वा स्थानको जनताको सहभागितामा जोखिम न्यूनीकरण र धेरै जोखिमपूर्ण क्षेत्र भए वैकल्पिक वस्ती विकास योजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**प्रमुख कार्यक्रमहरू:**

१. प्राकृतिक प्रकोपका कारण र जोखिम सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम ।
२. प्राकृतिक प्रकोपको जोखिममा रहेका आदिवासी जनजातिको अवस्था सम्बन्धी जानकारी संकलन ।
३. जोखिम क्षेत्रको भौगोलिक नक्शाङ्कन र जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन कार्यक्रम ।
४. प्रभावित जनताको सहभागितामा वैकल्पिक बसोवासका लागि वस्ती विकास ।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा प्राकृतिक प्रकोपमा रहेका आदिवासी जनजातिको जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन सम्बन्धी चेतना अभिवृद्धि भएको हुनेछ र विपद् प्रभावित परिवारका निमित्त वैकल्पिक बसोवासका लागि वस्ती विकास पूर्ण रफ्तारमा भएको हुनेछ ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. प्राकृतिक प्रकोपका कारण र जोखिम सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम । | | ✓ | ✓ |
| | २. प्राकृतिक प्रकोपको जोखिममा रहेका आदिवासी जनजातिको अवस्था सम्बन्धी जानकारी संकलन । | ✓ | ✓ | ✓ |
| | ३. जोखिम क्षेत्रको भौगोलिक नक्शाङ्कन र जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन कार्यक्रम । | ✓ | ✓ | ✓ |
| | ४. प्रभावित जनताको सहभागितामा वैकल्पिक बसोवासका लागि वस्ती विकास । | ✓ | ✓ | ✓ |

# जलवायु परिवर्तन

**उद्देश्य**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई पेरिस सम्झौता अनुरुप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्ने ।

२. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि पेरिस सम्झौतालगायतका माध्यमबाट उपलब्ध अन्तर्राष्ट्रिय वित्त र प्रविधिमा दावी गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।

**रणनीति**

नेपालले संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिवद्धता जनाइसकेको तथा पक्ष राष्ट्र भइसकेको अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूका आधारमा आदिवासी जनजातिहरूको हक अधिकारहरू सुरक्षित हुनेगरी जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम बनाई लागू गर्ने ।

**कार्यनीति**

१. आदिवासी जनजातिहरूको आत्मनिर्णित विकास, प्रथाजन्य कानून र संस्थालाई मान्यता दिई जल, जमीन, जंगल, प्राकृतिक स्रोतसाधन, दिगो प्राकृतिक स्रोत व्यवस्थापन र आफ्नो भू-क्षेत्रप्रतिको उनीहरूको अधिकार सुनिश्चित गरिनेछ ।

२. आदिवासी जनजातिहरूलाई प्रभाव पार्ने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी सबै गतिविधिहरू, संयन्त्रहरू र प्रक्रियाहरूमा उनीहरूको स्वतन्त्र, पूर्व सुसूचित मञ्जुरी लिइनेछ ।

३. आदिवासी जनजातिहरूको अधिकारहरू पर्यावरणमा आधारित अनुकूलन (ecosystem based adaptation), जलवायुको निम्ति जंगलको विविध लाभहरू वनविनाश र वनक्षयीकरणबाट हुने कार्वन उत्सर्जन रोक्ने प्रक्रिया (Reducing Emission from Deforestation and Forest Degradation-REDD) सम्बन्धी संरचनाहरूमा समावेश गरी सुनिश्चित गरिनेछ ।

४. राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Plan of Action-NAPA) र राष्ट्रिय अनुकूलन योजना (National Adaptation Program-NAP) मा र अन्य सबै सम्बन्धित राष्ट्रिय, प्रादेशिक पर्यावरण स्थानीय तहको सम्झौताहरूमा आदिवासी जनजातिहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिनेछ ।

५. जलवायु परिवर्तन अनुकूलनको निम्ति साँस्कृतिक रुपले उपयुक्त प्रविधिहरू र अनुकूलन कोषमा आदिवासी जनजाति तहहरूको प्रत्यक्ष पहुँचको सुनिश्चित गरिनेछ ।

६. वनविनाश र वनक्षयीकरणबाट हुने कार्वन उत्सर्जन रोक्ने प्रक्रिया, जलवायु परिवर्तन अनुकूलन मुख्यत: विपद् क्षेत्रहरूको निम्ति आदिवासी जनजातिहरूको सचेतना र क्षमता अभिवृद्धिमा सहयोग र सहायता उपलब्ध गराइनेछ ।

७. जलवायु परिवर्तनको असरबाट उत्पन्न प्रकोपको असर आदिवासी जनजातिहरूको जीविकोपार्जनमा समेत पर्ने हुँदा जलवायु परिवर्तनसंग अनुकूलित हुन र उनीहरूको समानुकूलन (Resilience) बढाउन ठाउँ र परिवेश अनुसार उनीहरूको अनुसार उनीहरूको दिगो जीविकोपार्जनको विविधीकरणमा सहयोग गरिनेछ।

८. अध्ययन अनुसन्धान गर्ने विभिन्न संघसंस्थाहरू र आदिवासी जनजातिहरूको बीचमा साझेदारिता गरी अध्ययन अनुसन्धानमूलक कार्यलाई अगाडि बढाइनेछ।

**प्रमुख कार्यक्रमहरू:**

१. जलवायु सम्बन्धी पेरिस सम्झौता कार्यान्वयनको दीर्घकालीन रणनीतिक योजना तर्जूमा तथा कार्यान्वयन।

२. प्राकृतिक स्रोतसाधनको व्यवस्थापनमा आदिवासी जनजाति अधिकारको सम्मान/कदर।

३. जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय अनुकूलन योजना तर्जूमा तथा कार्यान्वयन।

**क.** राष्ट्रिय अनुकूलन योजना तथा कार्यक्रम कार्यान्वयनमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता।

**ख.** जलवायु परिवर्तनबाट अनुकूलित हुन र समानुकूलन बढाउन आदिवासी जनजातिको जीविकोपार्जनको विविधीकरणमा सहयोग।

**अपेक्षित उपलब्धि**

योजना अवधिको अन्त्यसम्ममा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समानुकूलन कायम भएको, जलवायुविद्को खाका तयार भएको, राष्ट्रिय, प्रादेशिक स्थानीय तहमा कार्यान्वयन हुने अनुकूलन योजना तथा वनविनाश र वनक्षयीकरणबाट हुने कार्वन उत्सर्जन रोक्ने प्रक्रियामा आदिवासी जनजातिहरूको अर्थपूर्ण सहभागिता कायम भएको हुनेछ।

**योजना कार्यान्वयन**

| विषयगत क्षेत्र | कार्यक्रमहरू | कार्यान्वयन निकाय | | |
|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय |
| जलवायु परिवर्तन | १. जलवायु सम्बन्धी पेरिस सम्झौता कार्यान्वयनको दीर्घकालीन रणनीतिक योजना तर्जूमा तथा कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | २. प्राकृतिक स्रोतसाधनको व्यवस्थापनमा आदिवासी जनजाति अधिकारको सम्मान/कदर । | ✓ | ✓ | ✓ |
| | ३. जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय अनुकूलन योजना तर्जूमा तथा कार्यान्वयन । | ✓ | ✓ | ✓ |
| | **क.** राष्ट्रिय अनुकूलन योजना तथा कार्यक्रम कार्यान्वयनमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता । | ✓ | ✓ | ✓ |
| | **ख.** जलवायु परिवर्तनबाट अनुकूलित हुन र समाकूलन बढाउन आदिवासी जनजातिका जीवीकोपार्जनको विविधीकरणमा सहयोग । | ✓ | ✓ | ✓ |

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोनः ०१-५१८३-२५४/१७४/१६५
ईमेलः mail@nfdin.gov.np
वेबः www.nfdin.gov.np

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
कुसुन्ती, ललितपुर, नेपाल
फोन नं.०१-५५५५-४५४, पो.ब.नं. ८९७५
ईमेलः info@nefin.org.np
वेबः www.nefin.org.np

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
बुद्धनगर, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८४-१९२
ईमेलः niwf2057@gmail.com
वेबः www.niwf.org.np

आदिवासी जनजाति युवा महासंघ
काठमाडौं नेपाल
ईमेलः yfin.nepal@gmail.com
वेबः www.yfin.org.np

आदिवासी जनजाति अपाङ्ग महासंघ
ललतिपुर ४ भवानी मन्डल
ईमेलः info@nidanepal.org.np
वेबः www.nidanepal.org.np

आदिवासी जनजाति पत्रकार महासंघ
गौतमबुद्ध मार्ग, अनामनगर
ईमेलः fonijcenter@gmail.com
वेबः www.fonij.org.np

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं फोन नं. ०१-५७०५-५१०, पो. ब. नं. ११९७९
ईमेलः lahurnip.nepal@gmail.com वेबः www.lahurnip.org

ISBN 9937-9135-7-8
9789937913577